## प्रकाशनबारे जानकारी :

१. 'प्रहरी' २०१६ सालमा प्रकाशन आरम्भ गरेको द्वैमासिक प्रकाशन हो । ६३ वर्षदेखि अविछिन्न नेपाली भाषा र साहित्यको श्रीवृद्धिमा लागि परेको यस ऐतिहासिक प्रकाशन सम्पूर्ण लेखक तथा स्रष्टा महानुभावहरूको आफ्नो पत्रिका हो । तसर्थ प्रहरी द्वैमासिक प्रकाशन सम्पूर्ण लेखक तथा स्रष्टा महानुभावहरूबाट लेख रचनाको अपेक्षा गर्दछ ।

२. लेख रचना सोझै प्रहरी प्रधान कार्यालयस्थित जनसम्पर्क शाखामा आई पेनड्राइभमार्फत उपलब्ध गराउन सकिनेछ । साथै पत्रिकाको इमेल ठेगाना phqprs@nepalpolice.gov.np वा phqprs@gmail.com मा पठाउन सकिनेछ ।

३. प्रहरी द्वैमासिकमा प्रहरीसँग सम्बन्धित विषयमा लेखिएका पेसागत लेखहरू, ऐन कानूनसँग सम्बन्धित लेखहरूका साथै अपराध अनुसन्धान, प्रहरी कार्य, उद्धार आदिका विषयमा तयार गरिएका लेखहरूलाई विशेष प्राथमिकतामा राखिनेछ । यसको साथै यस पत्रिकामा कथा, कविता, गजल, गीत, निबन्ध, संस्मरण, कला दर्शनलगायत साहित्यका विविध विधाहरू पनि समावेश गरिनेछ । समालोचना र पुस्तक समीक्षालाई पत्रिकामा समावेश गराइने छैन ।

४.रचना स्वीकृत गर्ने र काटछाँट गरी सम्पादन गर्ने अधिकार सम्पादकमा निहित रहनेछ ।

५. हालसम्म अप्रकाशित स्तरीय खोजमूलक मौलिक ताजा लेख र विशुद्ध साहित्यिक सिर्जना सदैव स्वागत योग्य छ ।

६. लेखकलाई प्रकाशित लेखको यथोचित पारिश्रमिक प्रदान गरिनेछ । पारिश्रमिक लिन आउँदा लेखकको स्पष्ट परिचय खुल्ने कागज लिई प्रहरी प्रधान कार्यालय, जनसम्पर्क शाखामा समयमै सम्पर्क राख्न सम्पूर्ण लेखकवृन्दमा प्रहरी द्वैमासिक हार्दिक अनुरोध गर्दछ ।

७. प्रहरी द्वैमासिक पत्रिका २०७७ वैशाख-जेठ अंकदेखि नेपाल प्रहरीको वेबसाइट :www.nepalpolice.gov.np. nepol.cd मा राखिदै आएको हुँदा सम्पूर्ण महानुभावहरुमा जानकारीको लागि अनुरोध गरिएको छ ।

\- प्रहरी द्वैमासिक


**सम्पर्क**
प्रहरी प्रधान कार्यालय,जनसम्पर्क शाखा, नक्साल, काठमाडौं
फोन नं. : ०१ ४४१०६६३, ४४११२१०, एक्सटेन्सन : १३४
ईमेल : phqprs@nepalpolice.gov.np/ phqprs@gmail.com
वेबसाइट : www.nepalpolice.gov.np


ISSN 0266-1616

# प्रहरी PRAHARI


द्वैमासिक प्रकाशन
प्रकाशन आरम्भ : २०१६ जेठ वर्ष ६४, अङ्क १ वैशाख - जेठ २०७९








स्थानीय तह निर्वाचन २०७९ मा सुरक्षा व्यवस्थापन गर्दै नेपाल प्रहरी ।

'जनताको मद्धतका लागि साथमा छ प्रहरी
दुःख सुखमा सहयोग गर्न हरदम तयारी'

\- नेपाल प्रहरी ।

# प्रहरी

मे.अ.द.न. ६४/१५८

**द्वैमासिक प्रकाशन** वर्ष : ६४ अङ्क : १ २०७९, वैशाख-जेठ



**प्रमुख सल्लाहकार**
प्र.व.उ. विष्णु कुमार के.सी

**सल्लाहकार**
प्र.उ. ओमबहादुर राना
प्र.उ. सविन प्रधान

**प्रधान सम्पादक**
प्र.ना.उ. चन्चला श्रेष्ठ

**सम्पादक**
प्र.नि. होमबहादुर थापा
प्र.व.ना.नि.सरस्वती बुढाथोकी

**कम्प्युटर**
प्र.नि. कल्पना अधिकारी
प्र.ना.नि. संगीता कार्की

**आवरण**
अनुराग

**प्रकाशक**
प्रहरी प्रधान कार्यालय, नक्साल ।


सम्पादकीय . .

## स्थानीय तह निर्वाचन २०७९ र सुरक्षा व्यवस्थापन

नयाँ वर्ष २०७९ सुरूवातसँगै देश निर्वाचनमा होमियो । यसैअनुरूप वैशाख ३० गते स्थानीय तह निर्वाचन २०७९ देशभर शान्तिपूर्ण रूपमा सम्पन्न भयो । वि.सं. २०५१ सालपछि दुई चरणमा हुँदै आएको निर्वाचन यसपटक पुनः एकै चरणमा सम्पन्न भयो । सीमित जनशक्ति र साधनस्रोतका कारण एकैसाथ जनशक्ति व्यवस्थापन गर्नु नेपाल प्रहरीका लागि प्रमुख चुनौती थियो । सशस्त्र समूह तथा उनीहरूबाट हुन सक्ने सम्भावित अवाञ्छित गतिविधि न्यून रहे पनि सहरी क्षेत्र तथा जनघनत्व, सीमा क्षेत्र र राजनीतिक दलबीचको चुनावी प्रतिस्पर्धा आदि चुनौती थिए । यसका बाबजुद सुरक्षा निकायका चार घेरामध्ये पहिलो घेरामा खटिएर निर्वाह गर्नुपर्ने अति महत्वपूर्ण जिम्मेवारी र दायित्व नेपाल प्रहरीले अत्यन्तै सुझबुझपूर्ण तरिकाले सफलतापूर्वक पूरा गरेको छ ।

निर्वाचन स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न "स्थानीय तह निर्वाचन एकीकृत सुरक्षा योजना, २०७८" मा व्यवस्था भएअनुरूप चारवटै सुरक्षा निकायहरू राज्यद्वारा एकीकृत तथा समन्वयात्मक रूपमा परिचालन गरिएको थियो । साथै स्थानीय तह निर्वाचन सुरक्षा (व्यवस्थापन) निर्देशिका, २०७३ ले निर्वाचनको सुरक्षा व्यवस्थापन अन्तर्गत सुरक्षाकर्मीको काम, कर्तव्य र अधिकार तथा सुरक्षा दिनुपर्ने व्यक्ति, निकाय र सामग्रीबारे व्यवस्था गरेको छ । सोही व्यवस्था अनुरूप निकै चनाखो भई सम्पूर्ण तयारी पूरा गर्दै निर्देशिकामा

व्यवस्था भएको मतदान पूर्व, मतदानको दिन तथा मतदान पश्चातको सुरक्षा व्यवस्थापन र निर्वाचन सुरक्षाका आधारलाई पूर्ण पालना गर्दै नेपाल प्रहरीले अपेक्षाकृत उत्कृष्ट ढङ्गले काम गरेको देखिन्छ ।

सुरक्षा व्यवस्थापन गर्नका निम्ति नेपाल प्रहरी प्रधान कार्यालयले कार्य विभाग प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक सहकुल बहादुर थापाको नेतृत्वमा केन्द्रीय निर्वाचन सेल गठन गरेको थियो । सेलअन्तर्गत सातवटै प्रदेश प्रहरीसँग छुट्टाछुट्टै समन्वय गर्न प्रहरी वरिष्ठ उपरीक्षकको नेतृत्वमा एकाई समेत गठन गरिएको थियो । गृहमन्त्रालयको नीति निर्देशन, विगत निर्वाचनका अनुभव र कार्ययोजनाको अध्ययन एवं समीक्षा, विगत निर्वाचनमा देखा परेका विभिन्न प्रवृत्तिको समीक्षा एवं वर्तमान अवस्थाको आँकलन गरी सुरक्षा योजना र रणनीति बनाइएको थियो । जसअनुसार ३,३४८ वटा सामान्य, ४,४७८ वटा संवेदनशील र २,९३० वटा अति संवेदनशील गरी मतदानस्थललाई तीन समूहमा राखेर कार्ययोजना बनाई जोखिमको आधारमा सुरक्षाकर्मी परिचालन गरिएको थियो । यसबाहेक ११,१९९ वटा थप मतदान केन्द्र र अन्य विविध कामका लागि गरी देशभर जम्मा ६१,८३१ जना प्रहरी र एक लाख म्यादी प्रहरी परिचालन गरिएको केन्द्रीय निर्वाचन सेलको तथ्याङ्कले देखाएको छ ।

निकै मजबुत सुरक्षा व्यवस्थापनका बाबजुद निर्वाचन अवधिमा शान्ति सुरक्षा कायम राख्ने, मतदानस्थलको सुरक्षा एवं अप्रिय घटना हुन नदिने क्रममा अवाञ्छित गतिविधि गर्ने विरूद्ध बाध्य भई ६३७ पटक हवाई तथा ग्यास गन फायर गर्नुपर्ने अवस्था आइपऱ्यो । ७४ जना पक्राउ परे । नौ जना उम्मेदवारको कालगतिले तथा छ जना म्यादी प्रहरी, चार जना सर्वसाधारण र एक जना प्रहरी कर्मचारीको दुःखद् निधन भयो । यसैगरी १०७ जना सर्वसाधारण, ४९ जना प्रहरी कर्मचारी, २६ जना म्यादी प्रहरी, तीन जना मतदान कर्मचारी र एक जना उम्मेदवार गरी १८७ जना घाइते भए । तीन ठाउँमा वास्तविक र दुई ठाउँमा झुक्काउने गरी शंकास्पद वस्तु फेला पऱ्यो ।

निर्वाचन ऐतिहासिक अवसर हो । सुरक्षाको दृष्टिकोणले निर्वाचनलाई सफल बनाउन नेपाल प्रहरीले विगतदेखि नै अहम् भूमिका निर्वाह गर्दै आएको छ । यसपालि पनि गृहमन्त्रालय र अन्य सुरक्षा निकायसँगको आवश्यक समन्वयमा सुरक्षा व्यवस्थापन, गस्ती र तैनाथीमा नेपाल प्रहरीले गरेको काम प्रशंसनीय रह्यो । नेपाल प्रहरीले निर्वाह गरेको यस भूमिकाप्रति खुसी व्यक्त गर्दै नेपाल सरकार गृहमन्त्रालयबाट नेपाल प्रहरीलाई धन्यवाद प्राप्त भएको छ । अन्त्यमा, प्रवुद्ध लेखकवर्ग, आम पाठक एवं सम्पूर्णमा प्रहरी द्वैमासिक परिवार नव वर्ष २०७९ का अवसरमा सुस्वास्थ्य, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको कामना गर्दछ ।

# विषयक्रम

## व्यावसायिक सामग्री


- बोक्सा, बोक्सी कसूर सम्बन्धी कानूनी... ✍ सहन्यायाधिवक्ता संजीवराज रेग्मी १
- हदम्याद र विलम्ब ✍ सहन्यायाधिवक्ता सोमकान्त भण्डारी ६
- काठमाडौं उपत्यका भित्र साईकल लेनको.... ✍ प्र ना उ ई गण शेखर श्रेष्ठ २९
- जबरजस्ती करणी सम्बन्धी कसूरमा..... ✍ प्र ना उ मोहन कुमार थापा ३०
- खेलाँची ✍ प्र नि भोजराज पाण्डेय ८७
- मानव अधिकार संरक्षणमा नेपाल प्रहरीको..✍ ई कुमार अभिनव ९८
- लागुऔषध र यसले पार्ने असर ✍ प्र स नि अम्बिका के सी १०६


## साहित्य / विविध


- स्वरूप (चिन्मय सत्ता) ✍ पूर्व प्र ना म नि ई महेशसिंह कठायत १९
- रूपगाडमा एक रात ✍ युवराज नयाँघरे १८
- खिल ✍ गंगा खड्का २४
- पीडाको कम्पन ✍ बाबुराम न्यौपाने 'उत्स' २९
- लाहुरे रेडियो ✍ देवकी के सी ४०
- प्रजातान्त्रिक मूल्य र मान्यतामा सहिद र...✍ बद्री प्रसाद ढकाल ४४
- ममी ! तपाईंको ब्वाइ फ्रेण्ड छैन ✍ तारा के सी ५५
- "माई सर्भेन्ट" ✍ नर बहादुर बि सी ५८
- नेपालमा बौद्धिक सम्पत्ति अधिकारको.....✍ गम्भीर बहादुर हाडा ५९
- सुन्दर झरनाभित्र ऐतिहासिक गुफा ✍ घन बहादुर थापा ६७
- बहु प्रतिभाशाली महिला वैज्ञानिकः मेरी क्युरी ✍ राजेशमान के सी ७३
- हिरा र मुक्तापफलको झोला ✍ राजबाबु श्रेष्ठ (सागर) ७६
- विप्रेषण बढाउने उपायको अवलम्बन ✍ सुदर्शन अधिकारी ७८

♦ स्मृति बिम्बमा विनय कसजू ✍ गङ्गा कर्माचार्य पौडेल ८२
♦ ज्ञानी, सुसंस्कृत र सभ्य नागरिक....✍ इन्द्र कुमार श्रेष्ठ ९१
♦ स्मृतिमा पाल्पाली साइनो ✍ छायादत्त न्यौपाने 'बगर' ९५
♦ दुध बेच्ने केटी ✍ गितु गैरे १०१


## गीत / कविता/ गजल


♦ गीत ✍ यशु श्रेष्ठ ५
♦ माझी र किनारको ढुङ्गा ✍ सरस्वती श्रेष्ठ 'सरु' १४
♦ गजल ✍ अर्जुनबाबु तिवारी १७
♦ गजल ✍ रविना भुजेल २८
♦ मुक्तक ✍ सह-प्रा उपेन्द्र पौडेल ४३
♦ मुक्तक ✍ मात्रिका घिमिरे ५४
♦ मेरी माया ✍ दिपकराज विश्वकर्मा ७२
♦ "भुसको आगो" ✍ हेमन्त प्रसाद दाहाल ७७
♦ गजल ✍ लीलाराज दाहाल ८१
♦ गालाको कोठी ✍ रमेशचन्द्र घिमिरे ९०
♦ आज फेरि ✍ रेणु अधिकारी 'मौनता' ९४
♦ इजाको जून ✍ राजेन्द्र तारकिणी १००
♦ जीवनको मोह ✍ इन्द्र कुमार श्रेष्ठ 'सरित' १०५
♦ सासको भोक ✍ भुवन सिवाकोटी 'चौधरे' १०९


## स्थायी स्तम्भ


♦ इतिहासको पानाबाट ११०
♦ नेपाल प्रहरीसम्बन्धी केही जानकारी सङ्कलन : प्र ना नि संगिता कार्की १११
♦ रसबस सङ्कलन : प्र स नि शरणजंग भण्डारी १११
♦ सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरु सङ्कलन : प्र स नि जनक आचार्य ११२


प्रकाशित लेखको दायित्व लेखक स्वयम्मा रहनेछ ।

# बोक्सा, बोक्सी कसूर सम्बन्धी कानूनी व्यवस्था



✍ सहन्यायाधिवक्ता संजीवराज रेग्मी

## १. परिचय

नेपाली समाजमा बोक्सा बोक्सी सम्बन्धी कुरीति प्रचलनमा रहेको छ । महोत्तरी जिल्लाको साविक सिमरदेही गा.वि.स वार्ड नं ९ की मरनीदेवीलाई बोक्सीको आरोपमा २०५८ सालमा गरिएको अपमान र दुर्व्यवहारको घटनाले दुई दशक पूरा गरेको छ । २०७८ साउन १७ गते सुनसरीको इटहरीमा नाम परिवर्तित ५० वर्षिया मिथिला सरदारलाई झाक्रिले बोक्सी किटान गरेको भनी तीन जना महिलाले हातपात एवं कुटपिट गरे ।[१] महोत्तरी जिल्लाको औराही ९ मा सुनैनादेवी ठाकुर र उनका देवर भवसी ठाकुरलाई २०७८ असोजमा बोक्सी तथा बोक्साको आरोपमा दुर्व्यवहार गरी मलमुत्र खुवाइएको घटना सार्वजनिक भयो । २०७८ असोज २९ मा सोही जिल्लाको जलेश्वर नगरपालिका ४ की सुकमरिया देवीलाई बोक्सीको आरोपमा कुटपीट गरी जबरजस्ती मलमुत्र खुवाईएको अर्को घटना सार्वजनिक भएको छ । यसले नेपाली समाजमा बोक्सीको आरोप लगाउने, कुटपीट गर्ने लगायतका कार्य विद्यमान रहेको देखाउँछ । आधुनिक समाजमा पनि अन्धविश्वास र कुरीतिका कारण मानिसहरूले बोक्सा बोक्सीको आरोपमा यातना, दुर्व्यवहार र हिंसाको शिकार भई रहेका यी घटना प्रतिनिधि घटना मात्र हुन । नेपालमा बोक्सीको आरोपमा विगत चार वर्षमा १८६ घटना प्रहरीमा दर्ता भएको तथ्याङ्क रहेको छ । आ.व. २०७७/०७८ मा बोक्सीको आरोपमा कुटपीट एवं अपमानजनक व्यवहारका ६१ वटा घटना नेपाल प्रहरीमा दर्ता भएका थिए । यसमा मधेश प्रदेशमा २५ वटा, लुम्बिनी प्रदेशमा ९, प्रदेश नं १ मा ४, बागमती प्रदेशमा १३, गण्डकी प्रदेशमा २, कर्णाली प्रदेशमा ४ र सुदुरपश्चिम प्रदेशमा ४ वटा घटना भएको तथ्याङ्क

१. कान्तिपुर २०७८ साउन २८

रहेको छ ।[२] काठमाडौं र वरपरका जिल्लाहरूमा पनि यस्ता घटनाका अवशेषहरू रहेका छन् । २०७२ सालमा काभ्रेपलान्चोक जिल्लाको गोदामचौरमा बोक्सी भन्दै स्थानीय लक्ष्मी परियारलाई कुटपीट गरेका कारण मृत्यु भएको घटना सार्वजनिक भएको थियो । बोक्सीको आरोपमा दुर्व्यवहारको शिकार हुनेमा महिलाको संख्या नै ज्यादा रहेको देखिन्छ । अन्धविश्वासका कारण हिंसाको शिकार हुनु परेकोले यो अन्धविश्वास र अवैज्ञानिक बोक्सा बोक्सीको धारणालाई निर्मूल गर्ने र यस्तो कार्यमा संलग्न व्यक्तिलाई सजाय गर्न प्रभावकारी कानूनी प्रबन्ध र सो को कार्यान्वयन गर्न आवश्यक भएकाले अलगै कानूनी व्यवस्था गरिएको छ ।

## २. कानूनी व्यवस्था

बोक्सीको आरोपमा हुने यातना र उत्पीडन रोकथाम, नियन्त्रण र सजाय दिन लामो समयसम्म यस सम्बन्धी कानूनी व्यवस्था नै थिएन । बोक्सीको आरोपमा महिलालाई गरिने अत्याचार, अन्याय, अमानुषिक व्यवहार हुनुका साथै यो असभ्य र असहिष्णु समाजको सोच भएकोले यस्तो कार्य प्रभावकारी कानूनी व्यवस्थाबाट नियन्त्रण गर्न आवश्यक रहेको आधारमा सर्वोच्च अदालतले रेश्मा थापाको मुद्दामा (ने.का.प. २०६२, अंक २ नि.न.७४९८) कानून निर्माण आवश्यक रहेकोले कानून तर्जुमा गर्न सरकारका नाममा आदेश समेत जारी गरेको थियो । सोही आधारमा मिति २०६३।६।२८ मा मुलुकी ऐन, अदलको महलमा १० ख.न.थप गरी बोक्सी सम्बन्धी कार्यलाई कसूर मानि त्यस्तो कसूर गर्ने गराउनेलाई तीन महिनादेखि दुई वर्षसम्म कैद वा पाँच हजार रूपैयाँदेखि पच्चीस हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था गरिएको थियो । यो व्यवस्थाले मात्र बोक्सी सम्बन्धी कुरीतिलाई निवारण गर्न नसक्ने महसुस गरी संसदले २०७२।४।१८ मा छुट्टै बोक्सीको आरोप (कसूर र सजाय) ऐन पारित गरी कार्यान्वयनमा ल्याएको छ । सामाजिक कुरीति तथा अन्धविश्वासको रूपमा रहेको बोक्सीको आरोप लगाउने र सो आरोपमा यातना र अत्याचार गर्ने कार्यलाई निवारण गर्ने र पीडितलाई संरक्षण गरी न्याय प्रदान गर्ने उद्धेश्य यस कानूनको रहेको छ । यसको उद्धेश्य प्रभावकारी कार्यान्वयन र सामाजिक सचेतनामा निर्भर रहन्छ ।

### २.१. महत्वपूर्ण व्यवस्थाहरूः

बोक्सीको आरोप (कसूर र

**२.** महान्यायाधिवक्ताको कार्यालयको वार्षिक प्रतिवेदन, २०७७।०७८ पृष्ठ १५

सजाय) ऐनले गरेका मुख्य व्यवस्थाहरू निम्न रहेका छन्ः

- कुनै पनि व्यक्तिलाई बोक्सा, बोक्सी वा अन्य कुनै नामबाट लाञ्छना लगाउने लगायतका १० प्रकारका कार्यलाई बोक्सीको कसूर मानि निषेध गरेको छ ।
- कसूर भएको सूचना प्राप्त भएमा २४ घण्टाभित्र पीडक पक्राउ गर्न सकिने विशेष व्यवस्था रहेको छ ।
- पीडितको उपचार र घाँजाच अस्पतालबाट गराउनुपर्ने व्यवस्था रहेको छ ।
- पीडित र निजको परिवारलाई सुरक्षा प्रदान गर्न आवश्यक देखिएमा सो को व्यवस्था प्रहरी कार्यालयले मिलाउनुपर्ने व्यवस्था रहेको छ ।
- कसूरमा आरोपित व्यक्तिलाई तत्काल प्राप्त प्रमाणबाट कसूरदार देखिएकोमा अन्य कानूनमा जेसुकै लेखिएको भएपनि पूर्पक्षका लागि थुनामा राख्नुपर्ने व्यवस्था गरिएको छ । यसमा कसूरदारलाई हुन सक्ने सजाय तीन वर्ष भन्दा बढी कैद हुनुपर्ने कार्यविधि संहिताको व्यवस्था लागु हुदैन ।
- कसूरको प्रकृति हेरी न्यूनतम ६ महिनादेखि २ वर्षसम्म कैद र बीसहजार सम्म जरिबाना तथा अधिकतम ५ वर्षदेखि ८ वर्षसम्म कैद र ३० हजार रूपैयाँदेखि ७५ हजारसम्म जरिबाना वा दुवै सजाय हुने व्यवस्था गरिएको छ ।
- कसैले पुनःबोक्सी सम्बन्धी कसूर गरेमा दोब्बर सजाय हुनसक्ने व्यवस्था रहेको छ ।
- हानीको क्षति, उपचार खर्च र क्षतिपूर्ति पीडकबाट भराउने र पीडकले क्षतिपूर्ति उपलब्ध गराउन नसक्ने अदालतलाई लागेमा सम्बन्धित स्थानीय तहले व्यहोर्ने गरी अदाललते आदेश दिनसक्ने र स्थानीय तहले साठी दिनभित्र आदेश बमोजिमको रकम पीडितलाई उपलब्ध गराउनुपर्ने व्यवस्था गरिएको छ ।
- बोक्सीको कसूर हुन नदिन स्थानीय तह, प्रदेश सरकार तथा नेपाल सरकारले विभिन्न सचेतना कार्यक्रम संचालन गर्नु गराउनुपर्ने व्यवस्था गरिएको छ ।

## ३.कसूरको अवस्था र कानून कार्यान्वयनको स्थिति

आ.व. ०७७/०७८ मा बोक्सीको आरोपमा भएका घटनाहरूमा सबैभन्दा बढी मधेश प्रदेशमा २५ वटा, र बागमती प्रदेशमा १३ वटा घटना भएको प्रहरीको तथ्याङ्क रहेको छ । विगत चार वर्षको तथ्याङ्क हेर्दा बोक्सीको आरोपमा १८६ घटना प्रहरीमा दर्ता भएको पाईन्छ । यसमा

मधेश प्रदेशमा ७९, लुम्बिनी प्रदेशमा २६ वटा घटना रहेका छन् । तुलनात्मक रूपमा तराईमा ज्यादा घटना भएको अवस्था देखिन्छ । यस्ता कसूरको उजूरी दिने कुरामा कठिनाई हुने र मिलापत्रमा दबाब हुने गरेको र सो का कारण पीडित न्यायबाट वञ्चित हुनु परेको अवस्था समेत रहेको देखिएको छ । बोक्सीको कसूरमा पुरूष भन्दा बढी महिला पीडित रहेको पनि समेत देखिन्छ ।

कुरीति र असभ्य कार्यको रूपमा बोक्सीको आरोपमा उत्पीडन दिने कार्य समाजमा विद्यमान रहेको देखिन्छ । बोक्सी सम्बन्धी कुरामा कुनै सत्यता वा वैज्ञानिक आधार नभए पनि समाजमा यस प्रतिको सोँच विद्यमान रहेको छ । तसर्थ यस्ता घटनामा पीडकलाई कानूनी कारबाही र सामाजिक बहिष्कारका अलावा कुरीतिका रूपमा जड भएर रहेको सोचमा परिर्वतन गर्न सचेतना र गैरकानूनी कार्य हो भन्ने बोध आवश्यक रहेको छ । सन्जु महतो समेत वि. नेपाल सरकार (ने.का.प.२०७४ अंक ८ नि.न. ९८६१) भएको चितवनको माडीमा बोक्सीको आरोपमा क्रुर तरिकाले ढेगनीदेवी भन्ने महिलालाई जलाएर हत्या गरिएको घटना सम्बन्धी मुद्दामा सर्वोच्च अदालतले कसैलाई बोक्सा बोक्सीको आरोप लगाउनु, सताउनु, वहिष्करण गर्नु, बेईज्जती गर्नु जघन्य अपराध हो भन्दै बोक्सी प्रथाविरूद्ध मात्र होइन यसका कारकको रूपमा रहेका धामी झाक्रीको विरूद्ध नै हाम्रो राज्य, कानून प्रणाली र न्याय व्यवस्था उभिन सक्नुपर्ने हुन्छ भन्ने दृष्टिकोण राखेको छ । हरि बहादुर बि.क.समेत वि.नेपाल सरकार (ने.का.प. २०७४ अंक ४ नि.न.९७९१) भएको मकवानपुरको एक मुद्धामा जाँडमा बोक्सी गरी खान दिएको भन्ने आरोपमा एक महिलालाई मलमुत्र खुवाएको, शरीरभरि दलेको, ह्याम्बर, काँटी, लाठी, कैंची जस्ता हतियारले हानी रातभर चरम यातना दिएको कार्य भवितव्यजन्य घटना मान्न नसकिने र यस्ता कार्य विरूद्ध सोही अनुसार कठोर सजाय दिनुपर्ने दृष्टिकोण अवलम्बन गरेको पाईन्छ ।

**४. सुधारका उपायः**

बोक्सीको आरोपमा दुर्व्यवहार गर्ने, मलमुत्र खुवाउने, हिंसा गर्ने जस्ता कार्य नेपाली समाजमा हरेक वर्ष हुने गरेको छन् । बोक्सी समाजमा हुन्छ र त्यसले दुख दिन्छ भन्ने जस्तो अवैज्ञानिक र असत्य सोच मानिसको मष्तिष्कमा रहेसम्म समाजमा यस्ता घटना निवारण गर्न सकिदैन । तसर्थ मानिसको सोँचमा परिवर्तन गर्न सचेतना आवश्यक छ

भने बोक्सा बोक्सीको नाममा गरिने अपराधमा संलग्नलाई कानूनको दायरामा ल्याई पीडितलाई न्यायमा पहुँच सुनिश्चित गर्न सकेमा धेरै हदसम्म नियन्त्रण गर्न सकिन्छ । कानूनको पालना, समाज र कार्यान्वियन निकायको सोंचमा परिवर्तन, काम कारबाहीमा सुधार, (पीडित मैत्री व्यवहार, लैगिंक संवेदनशिलता) यस्ता घटना प्रति कार्यान्वियन अधिकारीको सम्वेदनशिलता, अनुसन्धान र अभियोजनमा प्रभावकारिता तथा सरोकारवालाको सहयोग र समन्वयबाट यस्ता कार्य कम गर्न र पीडकलाई दण्डित गर्न सकिन्छ । ♦

## गीत



✍ **यशु श्रेष्ठ**

ए बुटवा दाइ...
सुन्नुस् न हाम्रो सवाइ
बस्नोस् न केहीबेर छेऊ आई
बाँडौंला हाम्रो कमाइ

जरूवाको चिसोपानी पिलाउन सक्छौं
कोइलीको मिठो भाका सुनाउन सक्छौं
लाली गुराँस फूलले स्वागत गरौंला
हिमाली यो हावाले मन भरौंला
ए बटुवा दाइ...
सुन्नुस् न हाम्रो सवाइ
यही हो नि हाम्रो कमाइ

बसन्तको हरियालीमा लुकामारी खेलौंला
हृदयको बात साट्दै सल्लाघारी घुमौंला
भेंडीगोठको दुधमा खिर खाऔंला
बाँसुरीको धुन बनाइ गीत गाऔंला
ए बटुवा दाइ...
सुन्नोस् न हाम्रो सवाइ
यही हो नि हाम्रो कमाइ... ... ..

# हदम्याद र विलम्ब



✍ सहन्यायाधिवक्ता
सोमकान्ता भण्डारी [o]

**हदम्याद**

हद भनेको सीमा र म्याद भनेको समय वा अवधि हो । अदालत समक्ष फिराद, उजुर, दाबी वा नालिस गर्ने कानूनले निर्धारण गरेको अन्तिम म्याद नै हदम्याद हो । कसैको हक अधिकार हनन् वा आघात भएमा उपचारको लागि दाबी गर्न कानूनले निर्धारण गरेको निश्चित अवधि नै हदम्याद हो । यसलाई अंग्रेजीमा Limitation भनिन्छ । जसको अर्थ सीमा भन्ने हुन्छ । कानूनद्वारा निर्धारित नालिश वा उजुर गर्न पाउने गरी तोकिएको वा निर्धारण गरिएको समयलाई हदम्याद भनिन्छ ।[1] हदम्याद Doctrine of Limitation को सिद्धान्त न्याय प्रशासनमा प्रयोग हुने अति संवेदनशील र पालना नगरी नहुने विषय हो । हदम्यादको सिद्धान्त ढिलो न्याय दिनु न्याय नै नदिनु सरह हुन्छ[2] तथा आफ्नो हक अधिकारको वेवास्ता नगरी बस्नेलाई कानूनले मद्धत गर्न सक्दैन भन्ने सिद्धान्तमा आधारित रहेको मानिन्छ । हदम्याद सम्बन्धी कानूनको अभावमा न्यायसम्पादन प्रक्रिया क्लिष्ट, अव्यवस्थित, अव्यावहारिक हुन जाने हुन्छ ।[3] हदम्याद मुद्धाको शुरूमा आकर्षित हुने समयावधि हो । कानूनी कारबाही अगाडि बढाउनको निमित्त दिइएको वा तोकिएको समय सीमालाई हदम्याद भनिन्छ ।

हदम्याद मुद्धा गर्नु पर्ने कारण भए गरेको मिति वा पीडित व्यक्तिले थाहा पाएको मितिबाट सुरू हुन्छ ।

[o] सहन्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय, काठमाडौं ।

१. प्रा. पवनकुमार ओभ्ता समेत, (२०७६) कार्यविधि कानूनः सिद्धान्त र व्यवहार, (ते.सं.) लुम्बिनी प्रकाशन, पृ. १०१ ।

२. Justice delayed justice denied

३. लोकभक्त शम्शेर जबरा वि. रमादेवी राजभण्डारी, नेकाप २०५५, पृ. ६३६ ।

कतिपय काम कारबाही, घटना हुँदाको अवस्थामा थाहा हुँदैन । जस्तै ठगी हुँदाको अवस्थामा नै आफू ठगिएको थाहा हुँदैन । ठगी गरेको धेरै समय पछि मात्र पीडितलाई आफू ठगिएको थाहा हुन्छ । तर चोरी गरेको तत्कालै थाहा हुन्छ । त्यसकारण चोरी, ज्यान आदि कसूरमा भए गरेको मितिबाट र ठगी जस्ता विषयमा थाहा पाएको मितिबाट हदम्याद सुरू हुन्छ । थाहा पाएको भन्नाले व्यक्ति वादी मुद्धाका हकमा पीडित व्यक्ति र सरकार वादी मुद्धाका हकमा सम्बन्धित अधिकारीले थाहा पाएको हुनु पर्दछ ।

हदम्याद सम्बन्धी कानूनलाई विश्रामको कानून, शान्तिको कानून पनि भनिन्छ । यसको उद्धेश्य कानूनद्वारा निर्धारित समय व्यतित भएपछि मुद्धा चल्न सक्दैन भनी सुनिश्चित गराउनु हो । ढिलो दाबीलाई अन्त्य गर्नु नै यसको मुख्य उद्धेश्य रहने हुन्छ । कुनै पनि व्यक्तिका कानून प्रदत्त हक अधिकार हनन् भएमा त्यसको प्रचलनको लागि निर्धारित हदम्यादभित्रै अदालतसमक्ष उपस्थित हुनुपर्ने अनिवार्य शर्त हो । पक्षको अनुकूलता हेरी हदम्याद विस्तार वा संकुचन हुन सक्दैन ।[४]

**हदम्यादको उद्धेश्य देहाय बमोजिम रहेका छन्:**

- हदम्याद सम्बन्धी कानूनको उद्धेश्य समाजमा शान्ति सुरक्षाका साथै निश्चितता कायम गर्नु हो ।
- आफ्नो हक अधिकारप्रति सचेत नरहने व्यक्तिलाई अदालतले सहयोग गर्न सक्दैन भन्ने मान्यताबाट हदम्याद सम्बन्धी व्यवस्थाको सुरूवात भएको हो ।
- हदम्याद सम्बन्धी कानूनलाई विश्रान्ति र न्यायको कानून पनि भनिन्छ ।

असीमित समयसम्म वा जहिलेसुकै पनि मुद्धा पर्न सक्दछ भन्ने डरको कारणले असुरक्षा, अनिश्चितता, भ्रम तथा अनियमितताको सृष्टि हुन्छ ।[५] कुनै घटना, अपराध वा मुद्धा गर्नुपर्ने कारण परेको लामो समय व्यतित भएपछि मुद्धा दायर गर्दा सोसँग सम्बन्धी प्रमाणहरू लोप हुन सक्ने, घटना वा कार्य देख्ने, थाहा पाउने व्यक्तिको लामो समय पछि उक्त घटना वा कार्यसँग विषयवस्तु स्मरणमा नरहने, लिखत प्रमाण हराउने वा नासिने, एक ठाउँबाट अर्को ठाउँमा सार्न वा सर्न सक्ने सम्भावना रहने तथा प्रमाणको

४. प्रकाश जंग राणा वि. गीतारानी हमाल, नेकाप २०७५ अंक १, नि.नं. ९९२३ ।

**५.** पवनकुमार ओझा, (२०६४), कानून तथा न्यायका केही आधारभूत सिद्धान्त, भाग १, (द्वि.सं.), पवन–मञ्जु प्रकाशन, पृ. २२९ ।

लोप गराउन सक्ने र घटनासँग सम्बन्धित प्रत्यक्षदर्शीको मृत्यु हुन सक्ने वा न्यायिक प्रक्रियामा आउन नसक्ने हुने आदि सम्भावना रहने हुँदा हदम्यादका आधारमा तत्कालै मुद्धा गर्नु पर्ने हुन्छ । तर समाज तथा राष्ट्रलाई गम्भीर असर पार्ने गम्भीर र जघन्य प्रकृतिका अपराधहरूमा हदम्यादको व्यवस्था फराकिलो पारिएको हुन्छ । नेपालमा हदम्याद सम्बन्धी अलग्गै कानून बनेको छैन । कुन मुद्धामा कहिले हदम्याद समाप्त हुन्छ भन्ने कुरा विषयगत रूपमा बनेका विशेष कानूनमा सो कानूनको अन्त्यमा र मुलुकी संहितामा सम्बन्धित परिच्छेदको अन्त्यमा उल्लेख गरिएको छ ।

अदालतले हदम्यादको प्रश्नलाई प्रारम्भिक रूपमा हेर्नुपर्छ । कानूनले कुनै व्यक्तिलाई हक प्रदान गर्दछ भने सो हक प्रति उक्त व्यक्ति सचेत हुनुपर्छ र हक हनन् भएको अवस्थामा कानूनले तोकेको म्यादभित्र उपचारको लागि अदालत समक्ष उपस्थित हुनुपर्छ । कानूनले तोकेको म्यादभित्र अदालत समक्ष उपचारको लागि नआई वर्षौं पछि आउँछ भने अदालतले सहयोग गर्न सक्दैन । कानूनको म्याद नघाई जहिलेसुकै अदालतमा नालिस उजुर गर्न दिने हो भने विवादको कहिल्यै अन्त्य नभई अनिश्चितता उत्पन्न हुन जान्छ ।[६] हदम्याद सम्बन्धी प्रश्नलाई वेवास्ता गर्ने हो भने विवादको टुङ्गो लगाउने सीमा रहँदैन । यसबाट समाजमा अस्थिरता र अशान्ति फैलिने सम्भावना हुन्छ । त्यसैले सामाजिक स्थिरता, शान्ति, सुव्यवस्था एवं कानूनी हकको सुरक्षामा निश्चितता प्रदान गर्नको लागि हदम्याद सम्बन्धी कानूनमा सीमाङ्कनको आवश्यकता पर्दछ ।[७]

हदम्यादको विषय मुद्धाको कुनै पक्षले आफ्नो इच्छा अनुकूल संकुचित वा विस्तार गर्ने विषय नभई यो विशुद्ध विधायिकी कानूनद्वारा निर्दिष्ट कानूनी हक भएकाले यस्तो हकलाई कुनै पक्षको अनुकूल वा प्रतिकूल हुने गरी व्याख्या गर्न मिल्दैन । कानूनमा हदम्यादको विषय जे जुन रूपमा र जसरी प्रयुक्त भएको छ, अदालतले पनि सो सम्बन्धी कानूनी प्रावधानको व्याख्या कानूनी शब्दको अर्थ र उद्धेश्य अनुरूप मात्रै गर्नुपर्दछ ।[८]

हदम्याद सम्बन्धी कानूनलाई

**६.** मन्जुदेवी गुप्ता वि. पुनरावेदन अदालत, राजविराज, नेकाप २०७४, अंक १, नि.नं. ९७४९ ।

**७.** लखराजी केवटिन वि. भगवन्त पाल समेत, नेकाप २०५६, नि.नं. ६६९०, पृ. २१९ ।

**८.** ट्राभल्स प्रा.लि.का अध्यक्ष महेन्द्रमान श्रेष्ठ वि. ए.सि. गार्मेन्ट, नेकाप २०६९ अंक १, नि.नं. ८७४४ ।

विश्रामको कानून, शान्तिको कानून पनि भनिन्छ । यसको उद्धेश्य कानूनद्वारा निर्धारित समय व्यतित भएपछि मुद्धा चल्न सक्दैन भनी सुनिश्चित गराउनु हो । ढिलो दाबीलाई अन्त्य गर्नु नै यसको मुख्य उद्धेश्य रहने हुन्छ । कुनै पनि व्यक्तिका कानून प्रदत्त हक अधिकार हनन् भएमा त्यसको प्रचलनको लागि निर्धारित हदम्यादभित्रै अदालतसमक्ष उपस्थित हुनुपर्ने अनिवार्य शर्त हो । पक्षको अनुकूलता हेरी हदम्याद विस्तार वा संकुचन हुन सक्दैन ।[९]

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६९ क मा प्रचलित कानून बमोजिम हदम्याद तोकिएकोमा सोही बमोजिम र हदम्याद नतोकिएकोमा जहिलेसुकै मुद्धा गर्न सकिनेछ भन्ने कानूनी व्यवस्था रहेको छ । यस कानूनी व्यवस्थाबाट फौजदारी मुद्धामा कानूनमा हदम्याद उल्लेख भएकोमा सोही हदम्याद भित्र र उल्लेख नभएकोमा जहिलेसुकै पनि फिरादपत्र वा अभियोगपत्र दायर गर्न सकिने हुन्छ । देवानी मुद्धाका हकमा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ४७ देखि ६२ सम्म १५ वटा दफामा हदम्याद सम्बन्धी कानूनी व्यवस्था गरिएको छ । कानूनमा हदम्याद उल्लेख भएकोमा सोही समयभित्र मुद्धा दायर गर्नु पर्दछ । यदि हदम्याद उल्लेख नभएकोमा जहिलेसुकै पनि फिराद गर्न सकिनेछ[१०] भन्ने कानूनी व्यवस्था छ । मुलुकी देवानी कार्यविधि संहिता, २०७४ मा हदम्याद सम्बन्धमा भएका मुख्य कानूनी व्यवस्थाहरू देहाय बमोजिम उल्लेख गरिएको छः

**हदम्यादभित्र फिराद गर्नुपर्ने[११]**

कुनै अदालतमा फिरादपत्र दायर गर्न कानून बमोजिम कुनै निश्चित समयावधि तोकिएकोमा त्यस्तो समयावधिलाई हदम्यादको व्यवस्था भएको मानिनेछ । हदम्यादको व्यवस्था भएकोमा सम्बन्धित व्यक्तिले त्यस्तो हदम्याद भित्र अदालतमा फिरादपत्र दायर गर्नु पर्नेछ ।

**हदम्याद प्रारम्भ हुने[१२]**

कुनै विषयमा फिराद गर्न जुन कानूनमा हदम्यादको व्यवस्था भएको छ सोही कानुन बमोजिम नै हदम्याद प्रारम्भ भएको मानिनेछ । हदम्याद प्रारम्भ हुने सम्बन्धमा कानूनी व्यवस्था नभएकोमा फिराद गर्नु पर्ने कारण

९. प्रकाशजंग राणा वि. गीतारानी हमाल, नेकाप २०७५ अंक १, नि.नं. ९९२३ ।
१०. मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ४८ ।
११. मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ४७ ।
१२. मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ४९ ।

परेको मितिले हदम्याद प्रारम्भ भएको मानिनेछ ।

**नाबालक वा होस ठेगानमा नरहेको व्यक्तिको हदम्याद प्रारम्भ हुने**[१३]

फिरादपत्र गर्नु पर्ने कुनै व्यक्ति नाबालक भएमा निज बालिग भएको दिनदेखि निजको हकमा हदम्याद प्रारम्भ भएको मानिनेछ । फिराद गर्नु पर्ने व्यक्तिको हदम्याद प्रारम्भ हुनुभन्दा अघि नै होस ठेगानमा नरहेमा निजको होस ठेगानमा आएको दिनदेखि निजको हकमा हदम्याद प्रारम्भ भएको मानिनेछ । हदम्याद प्रारम्भ भएपछि कुनै व्यक्तिको होस ठेगानमा नरहेमा हदम्याद प्रारम्भ र अन्त्य हुँदा जति अवधि निजको होस ठेगानमा नरहेको अवस्था रहन्छ त्यति नै अवधि गणना गरी हुन आउने हदम्यादको अवधिभित्र फिराद दिएमा हदम्याद भित्र नै फिरादपत्र परेको मानिनेछ । तर होस ठेगानमा नरहेको व्यक्ति होस ठेगानमा आएपछि बाँकी रहन आउने हदम्यादको अवधि पन्ध्र दिनभन्दा कम हुने भएमा पन्ध्र दिनको अवधि हदम्याद बाँकी रहेको मानिनेछ ।

**विदेशमा भएको कारोबारको हदम्याद**[१४]

विदेशमा भएको कुनै काम, कारबाही वा कारोबारको सम्बन्धमा कानून वा करार बमोजिम नेपालको कुनै अदालतमा फिरादपत्र लाग्ने व्यवस्था भएकोमा त्यस्तो काम, कारबाही वा कारोबार नेपालभित्र नै भए गरे सरह मानी फिराद गर्न सकिनेछ ।

**हदम्याद नगुज्रने**[१५]

कसैको देहाय बमोजिमको काबु बाहिरको परिस्थिति उत्पन्न भई हदम्यादभित्र फिरादपत्र दर्ता गर्न नसकी हदम्याद गुज्रेको कुरा उल्लेख गरी निजले देहायको अवधिभित्र फिरादपत्र दर्ता गर्न ल्याएमा अदालतले त्यस्तो फिरादपत्र दर्ता गर्नु पर्नेछ :–

**(क)** फिरादपत्र दर्ता गर्नु पर्ने व्यक्तिको कोही मृत्यु भई परम्परा अनुसार निज आफैं किरिया वा शोकवरण गरी बस्नु परेको भए त्यस्तो व्यक्तिको मृत्यु भएको पन्ध्र दिन पुगेको मितिले बाटोको म्याद बाहेक सात दिन,

**(ख)** फिराद दर्ता गर्नु पर्ने व्यक्ति महिला भई सुत्केरी भएको भए सुत्केरी भएको मितिले बाटाको म्याद बाहेक साठी दिन,

**(ग)** खोलो पहिरो वा हिउँले बाटो बन्द भई वा कर्फ्यूको घोषणा भएको वा अन्य कुनै कारणले सार्वजनिक

१३. मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ५२ ।

१४. मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ५६ ।

१५. मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ५८ ।

यातायातको साधन नचलेको भए बाटो खुलेको वा सार्वजनिक यातायातको साधन चलेको मितिले बाटोको म्याद बाहेक पन्ध्र दिन,

**(घ)** फिराद दर्ता गर्नु पर्ने व्यक्तिलाई कसैले अपहरण गरी लगेको वा शरीर बन्धक बनाएको भए त्यस्तो अपहरण वा बन्धकबाट मुक्त भएको मितिले बाटोको म्याद बाहेक पन्ध्र दिन,

(ङ) भूकम्प वा ज्वालामुखी आदि जस्ता विपद् परेको भए त्यस्तो विपद् परेको मितिले बाटोको म्याद बाहेक दश दिन,

**(च)** कुनै दुर्घटनाको कारण अचेत वा हिंडडुल गर्न नसक्ने भई वा अचानक कुनै कडा रोग लागेको कारण हिँडडुल गर्न नसकेकोले अस्पतालमा भर्ना भई उपचाररत रहनु परेको अवस्थामा त्यसरी भर्ना भएको मितिले बाटोका म्याद बाहेक पन्ध्र दिन ।

**हदम्याद सम्बन्धी अवधिको गणना**[१६]

हदम्यादको अवधि दिन गन्तीमा तोकिएको भए जति दिन तोकिएको छ त्यति नै दिन गन्तीको हिसाबले गणना गर्नु पर्नेछ । दिन गन्ती गर्दा हदम्याद प्रारम्भ भएको भोलिपल्टदेखि गणना गरी हदम्यादको अवधि कायम गर्नु पर्नेछ । हदम्यादको अवधि महिनामा तोकिएको भए जति दिनको महिना भए पनि संक्रान्तिको हिसाबले जति महिना तोकिएको हो त्यति नै महिनाको हिसाबले गणना गर्नु पर्नेछ । हदम्यादको अवधि वर्षमा तोकिएको भए बाह्र महिनाको अवधिलाई एक वर्ष मानी जति वर्ष तोकिएको हो त्यति नै वर्षको हिसाबले गणना गर्नु पर्नेछ ।

**विलम्ब**

विलम्बको सिद्धान्त समन्यायको सिद्धान्त हो । यसलाई अंग्रेजीमा Laches भनिन्छ । यसको अर्थ ढिलाई गर्नु हो । हदम्याद मुद्धामा आकर्षित हुन्छ भने विलम्ब रिट निवेदन दर्ताको सन्दर्भमा हेरिन्छ । विलम्ब कानूनले व्यवस्था गरेको नभई अदालतले उचित न्याय प्रदान गर्न प्रतिपादित सिद्धान्त हो । जहाँ हदम्यादको प्रष्ट कानूनमा व्यवस्था हुन्न त्यस्तोमा पक्ष अनुचित विलम्ब गरेर अदालतमा प्रवेश गरेको छ छैन भन्ने हेरिन्छ । हदम्याद कानून सम्बन्धी प्रश्नको कुरा हो र विलम्ब तथ्य सम्बन्धी कुरा भित्र पर्दछ ।[१७] आफ्नो अधिकारप्रति सजग नरही निद्रामग्न भएर सुतेर बस्ने व्यक्तिलाई

१६. मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ६२ ।

१७. ओभा समेत, पूर्वपाद टिप्पणी १, पृ. १०४ ।

अदालतले मद्धत गर्दैन भन्ने तर्कमा विलम्बको सिद्धान्त आधारित छ । आफ्नो हक अधिकारको खोजीमा अनुचित विलम्ब गर्ने तथा गलत निर्णय वा काम कारबाहीबाट असर पर्ने व्यक्तिले समयमा नै न्यायिक उपचारको माग नगरी आफ्नो अधिकारको बेवास्ता गर्नेलाई अदालतले मद्धत गर्दैन भन्ने मान्यतामा विलम्बको सिद्धान्त आधारित छ । विलम्बका सम्बन्धमा विचारणीय कुराहरू देहाय बमोजिम रहेका छन्:-[१८]

- ♦ आफ्नो लापरबाहीको दुष्परिणाम आफैले भोग्नु पर्छ भन्ने न्यायिक मान्यतामा यो आधारित छ ।
- ♦ विलम्बको सिद्धान्त हदम्याद जस्तो दिन गन्ती गरी प्रयोग हुने स्थिर सिद्धान्त होइन न त यो कानूनद्वारा तोकिएको हदम्याद जस्तो निश्चित र अनिवार्य कानूनी व्यवस्था नै हो ।
- ♦ विलम्ब एक सापेक्षित अभिव्यक्ति हो । यो प्रत्येक मुद्धाको प्रकृति र अवस्थामा निर्भर गर्दछ ।
- ♦ विलम्बमा समय तत्वको यान्त्रिक गणना भन्दा पनि उपचार खोज्न जानीजानी गरेको लापरबाही र अकर्मण्यता महत्वपूर्ण हुन्छ ।
- ♦ उचित र मनासिव कारण परी ढिला भएकोमा विलम्ब आकर्षित हुँदैन ।
- ♦ उपचारको खोजिमा इमान्दारिता पूर्वक लाग्दालाग्दै ढिलाई भएकोमा पनि विलम्बको सिद्धान्त क्षम्य हुन्छ ।

विलम्बको प्रश्न निरपेक्ष हुँदैन । प्रत्येक विवाद अनुसार विलम्ब भयो भएन भन्ने प्रश्नको उत्तर फरक फरक हुन्छ । उपचारको खोजीमा इमान्दारिपूर्वक र सक्रिय रहँदा रहँदै निवेदन दिन ढिलो भएको अवस्थामा विलम्बको सिद्धान्त आकर्षित हुँदैन र उपचार प्राप्त गर्न सक्दछ । रिट निवेदनको विषय, रिट निवेदन जारी गर्दा पर्ने असर, पक्षको सक्रियता आदिको आधारमा निर्धारण गरिन्छ । तेस्रो पक्षको अधिकार सिर्जना भईसकेको अवस्थामा विलम्ब आकर्षित हुन्छ । संवैधानिकताको प्रश्नमा विलम्बको सिद्धान्त लागु हुँदैन । विलम्बको सिद्धान्तका सम्बन्धमा सर्वोच्च अदालतले द्वारिकामान सिंह प्रधान वि. नेपाल बैंक लि.[१९]को मुद्धामा देहाय बमोजिम निष्कर्ष निकालेको छः

- ♦ विलम्बको सिद्धान्त कानूनको रूपमा व्यवस्थित भएको सिद्धान्त नभई अदालतले मुद्धा मामिलामा उचित न्याय (Equitable Justice) गर्नका लागि प्रतिपादित गरेको सिद्धान्त हुनाले आफ्नो अधिकारको

१८. सरकारी वकिल दिग्दर्शन, (२०७०), महान्यायाधिवक्ताको कार्यालय, (दो.सं.), पृ. ३०९ ।
१९. नेकाप २०६१, अंक ११, नि.नं. ७४५६, पृ. १३७९ ।

वेवास्ता गर्ने व्यक्तिलाई मद्धत गर्न अदालतलाई पनि कर लाग्दैन भन्ने तर्कमा विलम्बको सिद्धान्त आधारित हुने ।

- ♦ विलम्बको सिद्धान्त हदम्यादको सिद्धान्त होइन । हदम्याद सम्बन्धी कानूनी व्यवस्था जस्तो समयको गणना गरेर विलम्बको सिद्धान्तलाई प्रयोग गर्न हुँदैन । यसको लागि समय तत्व (Time factor) निश्चय नै महत्वपूर्ण हुन्छ तर समय तत्व नै एक मात्र निर्णायक तत्व नहुने ।
- ♦ अनुचित विलम्ब एउटा सापेक्षिक अभिव्यक्ति भएकोले त्यसको आधारमा लागू हुने विलम्बको सिद्धान्त लाग्न सक्ने अवस्था छ वा छैन भन्ने निष्कर्षमा पुग्नको लागि अदालतले मुद्धाको प्रकृति सम्बन्धित पक्षको आचरण, निजले अदालतमा आउन लगाएको समय र निजलाई उपचार प्रदान गरेको खण्डमा त्यसबाट अरूको हक वा हितमा पर्ने वा पर्न सक्ने असर इत्यादि सब कुराहरूलाई समष्टिगत रूपमा विचार गर्नुपर्ने ।
- ♦ न्यायको लागि अदालतको शरणमा आउने व्यक्तिलाई विलम्बको सिद्धान्तको आधारमा मद्धत गर्न इन्कार गर्दा घोर अन्याय हुने वा कुनै गम्भीर कानूनी त्रुटि कायम रहन जाने र निजलाई मद्धत गरेको खण्डमा अरू कसैलाई कुनै प्रतिकूल असर नपर्ने वा त्यस्तो असर परे पनि त्यसलाई अनुचित वा तुलनात्मक दृष्टिकोणबाट अनुपयुक्त भन्न नमिल्ने देखिएमा मुद्धा किनारा गर्नको लागि विलम्बको सिद्धान्तको सहारा लिनु उचित नहुने ।

**हदम्याद र विलम्बमा भिन्नता**

हदम्याद कानूनमा तोकिएको हुन्छ र सो समयभित्र उजुर, नालेश वा फिराद नगरेमा मुद्धा खारेज हुन्छ । विलम्बको अवस्था कानूनमा तोकिएको नभई अदालतले निर्धारण गर्ने विषयवस्तु हो । विलम्बको सिद्धान्त हदम्याद जस्तो दिन गन्ती गरी प्रयोग हुने विषयवस्तु होइन । विलम्बमा हदम्यादमा जस्तो समय तत्व (दिन, महिना वा वर्ष) निर्णायक हुँदैन । विलम्बमा समय तत्वको यान्त्रिक गणना भन्दा पनि उपचारका लागि पक्षको सक्रियता, लापरबाही वा उदासिनता, निवेदनको विषयवस्तु आदि महत्वपूर्ण हुन्छ । यसको लागि समय तत्व एक महत्वपूर्ण अवस्था भए पनि पक्षको सक्रियता र निरूपण गर्ने विषयवस्तु, प्रकृति तथा त्यस निर्णयले पार्ने प्रभाव आदि समेतलाई मध्यनजर गरी अदातलले निर्धारण गर्दछ ।

विलम्बको सिद्धान्त (Doctrine of Laches) को प्रमुख

तत्व समयको अन्तराल हो । यसले समन्यायलाई पराजित गर्दछ । विलम्बको सिद्धान्त र हदम्यादको सिद्धान्त एकै होइनन् । हदम्यादको सिद्धान्त समय सीमामा आधारित छ । यसको लागि समयतत्व नै महत्वपूर्ण हुन्छ । हदम्यादको सिद्धान्तमा भएको कानूनी व्यवस्था जस्तो प्राविधिक (Technical) रूपमा समयको गणना गरेर विलम्बको सिद्धान्तलाई प्रयोग गरिँदैन । विलम्बको सिद्धान्त लाग्न सक्ने अवस्था छ छैन भन्ने निष्कर्षमा पुग्न मुद्धा वा सोमा भएको कामकारबाहीको प्रकृति, सम्बन्धित पक्षले मुद्धाको सन्दर्भमा देखाएको आचरण, निजले न्यायका लागि न्यायिक निकायमा आउन लगाएको समय, निजलाई उपचार प्रदान गरेको खण्डमा त्यसबाट अरूको हकहितमा पर्ने वा पर्न सक्ने असर र न्यायको उद्धेश्य पूरा हुने वा नहुने समेतका कुराहरूलाई समष्टिगत रूपमा हेरिनु पर्दछ ।[२०]

♦♦♦

२०. सुनिलकुमार अधिकारी वि. भूमिसुधार कार्यालय, काठमाडौं समेत, नेकाप २०७६, अंक ४, निर्णय नं. १०२५४ ।

**कविता**

## माझी र किनारको डुङ्गा



✍ **सरस्वती श्रेष्ठ 'सरु'**

जुनकीरीको उज्यालो मागेर
रोपिरह्यौं अक्षरका बिउहरू
कलिला मस्तिष्कहरूमा

बिस्तारै-बिस्तारै
जुनकीरीहरू दियोमा परिणत भए
दियो, घाम बनेर अनन्त आकाशमा फैलिँदैछ
नथाकी रोपिरहेछौं
हामी अक्षरका बिउहरू
कलिला मस्तिष्कहरूमा

माझीहरू तारिरहेछन्
सपनाको सिन्धु
जानेहरू सम्झेर आउलान्/नआउलान्
बस माझीलाई किनारको डुङ्गा र
जुनकीरीलाई उज्यालोको अनन्त माया छ ।

# स्वरूप (चिन्मय सत्ता)



✍ पूर्व प्र.ना.म.नि.ई महेशसिंह कठायत

शरीर कहिले एकरूप रहदैरहन्न र सत्ता कहिले अनेक रूप हुँदै हुँदैन । शरीर जन्म भन्दा पहिले पनि थिएन, मरे पछि पनि रहँदैन तथा वर्तमानमा पनि प्रतिक्षण मरिरहेको छ । वास्तवमा गर्भमा आउने बित्तिकै शरीरको मर्ने क्रम (परिवर्तन) शुरू भई हाल्दछ । बाल्यअवस्था मरे पछि युवा अवस्था आउँछ । युवा अवस्था मरे पछि वृद्धा अवस्था आउँछ र वृद्धा अवस्था मरे पछि त देहान्तर अवस्था अर्थात अर्को शरीरको प्राप्ति भईहाल्छ । यी सबै अवस्थाहरू शरीरका हुन्। बाल, युवा र वृद्धावस्था, यी तिनै अवस्थाहरू स्थल शरीरको हुन् । साथै देहान्तरको प्राप्ति सुक्ष्म शरिर तथा कारण शरीरको हो तर स्वरूपको चिन्मय सत्ता यी सबै अवस्थाहरू भन्दा अतित छ । अवस्थाहरू बद्लिँदै जान्छन्, स्वरूप त्यहि रहन्छ । यसप्रकार शरीर-विभाग र सत्ता विभागलाई अलग-अलग जानेवाला तत्वज्ञ पुरूष कहिले पनि कुनै पनि अवस्थामा पनि मोहित हुँदैनन् ।

जीव आफ्नो कर्महरूको फल भोग्नको लागि अनेक योनिहरूमा जान्छन् । नरक र स्वर्गमा जान्छ । यसो भन्नाले मात्र के सिद्ध हुन्छ कि- चौरासी लाख योनिहरू छुट्दछ, स्वर्ग र नर्क छुट्दछन् तर स्वयं (शरीर) त्यही रहन्छ । योनिहरू (शरीर) बदलिन्छन्, जीव (शरीर) बदलिँदैन । जीव एक रहन्छ । त्यसैले त ऊ अनेक योनिहरूमा अनेक लोकहरूमा जान्छ । जो अनेक योनिहरूमा जान्छ, त्यो स्वयं कसैसँग लिप्त हुँदैन, काहीं पनि फस्दैन । यदि ऊ लिप्त भईहाल्यो, फसिहाल्यो भने यी चौरासी लाख योनिहरू कसले भोग्दछ ? स्वर्ग र नर्क को जान्छ ? मुक्त को हुन्छ ?

जन्मन र मर्न हाम्रो धर्म होईन । बरू त्यो शरीरको धर्म हो । हाम्रो आयु अनादि र अनन्त छ, जसको अन्तर्गत अनेक शरीर उत्पन्न हुन्छन् र मर्दछन् ।

जस्तो हामी अनेक वस्तुहरू बदलिरहन्छौं बस्तु बदलिए पनि हामी बदलिँदैनौं, बरू त्यहीको त्यही नै रहन्छौं । (गीता -२-२२) । यस्तै अनेक योनिहरूमा जाँदा पनि हाम्रो सत्ता नित्य निरन्तर ज्यो-का त्यो रहन्छ । तात्पर्य यो हो कि हाम्रो स्वतन्त्रता र असंगता स्वतः सिद्ध छ । हाम्रो जीवन कुनै एक शरीरको अधिन छैन । असंग हुनाको कारण नै हामी अनेक शरीरहरूमा जांदा पनि उही रहन्छौ, तर शरीरको साथ सम्बन्ध (सँग) मान्नाको कारण हामी अनेक शरीरहरू धारण गर्दछौं । मानेको सम्बन्ध (सँग) त टिक्दैन तर हामी नयाँ-नयाँसँग (सम्बन्ध) समाती रहन्छौं । यदि नयाँसँग (सम्बन्ध) समातेनौ भने त मुक्ति (असंगता) स्वाधिनता स्वतः सिद्ध छ ।

जस्तो शरीर कहिले एक रूप रहदैन। प्रतिक्षण बदलिरहन्छ, यस्तै ईन्द्रियहरू-मन-बुद्धिबाट जसको ज्ञान हुन्छ, ती सम्पूर्ण संसारिक पदार्थ (मात्र प्रकृति र प्रकृतिको कार्य) पनि कहिले एक रूप रहँदैन । उनीहरूको संयोग र वियोग भईरहन्छ । जुन पदार्थहरू हामी चाहन्छौं, उनीहरूको संयोगबाट सुख हुन्छ र तिनीहरूको वियोगबाट दुःख हुन्छ । जुन पदार्थ हामी चाहदैनौं तिनीहरूको वियोगले सुख हुन्छ र संयोगले दुःख हुन्छ । पदार्थहरू पनि आउने-जानेवाला तथा अनित्य छन् । यस्तै जसबाट पदार्थहरूको ज्ञान हुन्छ, ती इन्द्रियहरू र अन्तः करण पनि आउने र जानेवाला तथा अनित्य छन् । साथै पदार्थहरूबाट हुनेवाला सुख-दुःख पनि आउने, जानेवाला तथा अनित्य छन् । तर स्वयम् सदा ज्यो का त्यो रहनेवाला, निर्विकार तथा नित्य छ । पदार्थहरूको संयोग वियोगलाई लिएर सुख-दुःखी हुनु हुँदैन बरू निर्विकार रहनु पर्दछ । सुख र दुःख हुँदै अलग अलग हुन्छन् तर तिनीहरूलाई देख्नेवाला एउटै हुन्छ । साथै उनीहरू दुवै भन्दा अलग (नर्विकार) हुन्छ । परिवर्तनशिललाई देख्नाले स्वयम् (स्वरूप) को परिवर्तन शिलता (निर्विकारत) को अनुभव स्वतः हुन्छ ।

सुख-दुःख, हर्ष-शोक, राग-द्वेष, काम-क्रोध आदि आउने-जानेवाला र बदल्नेवाला हुन् । तर स्वंय ( स्वरूप) जस्ताको त्यस्तै रहनेवाला हुन् । साधकहरूबाट त्यो ठुलो भुल हुन्छ कि ऊ बदल्नेवाला दशालाई देख्दछ तर स्वयम्लाई देख्दैन । दशालाई स्विकार गर्दछ । तर स्वयम्लाई स्विकार गर्दैन । दशा पहिले पनि थिएन र पछि पनि रहने छैन, अतः बीचमा देख्दा पनि त्यो छँदैछैन । परन्तु स्वयम्मा आदि अन्त र मध्य छँदैछैन । दशा

कहिले एक रूप रहँदै रहन्न र स्वयम् कहिलै अनेकरूपमा हुँदै हुंदैन । जो देखिन्छ । त्यो पनि दशा हो र देख्नेवाला (बुद्धि) पनि दशा हो । जान्मा आउनेवाला पनि दशा हो र जानेवाला पनि दशा हो । तर स्वयम्मा नदेखिनेवाला छ, देख्नेवाला छ न जान्मा आउनेवाला छ न त जानेवाला छ । यो सबै देखिनेवाला-देख्नेवाला आदि सबै दशाको अन्तर्गत छन् । देखिनेवाला-देख्नेवाला त रहँदैनन् तर स्वयम् रहन्छ । किनकी दशा त मेटिन्छ तर स्वयम् रहिरहन्छ । यसको तात्पर्य यो कि “देख्नेवाला”(दृश्य) को साथ सम्बन्ध हुनाले नै स्वयम् देख्नेवाला (द्रष्टा) भनिन्छ । यदि “देखिनेवाला” सँग सम्बन्ध रहने भन्ने त स्वयम् त रहन्छ तर उसको नाम “देख्नेवाला” रहँदैन । यसै प्रकार “शरीर” को साथ सम्बन्ध हुनाले स्वयम् (चिन्मय सत्ता) “शरीरी” भनिन्छ । यदि 'शरीर' को साथ सम्बन्ध रहने भने स्वयम् रहन्छ तर उसको नाम “शरीरी” रहदैन । (गीता-१३-१) । अर्थात भवानले केवल मानिसहरूलाई सम्झाउनको लागि मात्र “शरीरी” नाम लिनु भएको हो । ♦♦♦

## गजल



✍ **अर्जुनबाबु तिवारी**

जिन्दगी हो ! कैयौं मोडमा जितेर पनि हार्नु परेको छ ।
कतिपय चाहनाहरू मन भित्रभित्रै मार्नु परेको छ ।।

हार र जित, जीवनका दुईवटा पाटा भनेर म मान्छु ।
त्यसैले त अप्ठ्यारोमा खोले सिस्नोले टार्नु परेको छ ।।

नपलाउन् किन महत्वाकांक्षा हरेक जसो पाइलामा ।
जटिलता हो समयको सम्भी, परपर सार्नु परेको छ ।।

अरे! मज्जा नै बेग्लै हुन्छ काँडाहरूको बीचमा जिउँदा ।
घुलमिल हुन तिनैसँग आफैलाई तिखार्नु परेको छ ।।

हुन सक्छ ! भाग्य लेख्दा लेख्दै मसी पो सकिएको थियो कि !
जति लेखियो त्यति पाइयो, हाँसीहाँसी स्वीकार्नु परेको छ ।।

नियात्रा

# रूपगाडमा एक रात



✍ युवराज नयाँघरे

**'सर खोई त ?'**

मेरो नाउँ लिनु र म ब्युँझनु सँगसँगै भयो । खलबल थियो चार बजे नै ।

उठेर म पनि तलै झरें । भान्सामा पस्दा तातो पानी र कफी चिया घुट्क्याउन पाइन्छ । त्यै लोभले ओछ्यान छाडें । भऱ्याङ झरेर भान्सामा पस्दा असिनपसिन थिए सबै ।

'यो एक डल्लोले काम पुऱ्याउनुहोला !'

शान्तले तातोपानीसँग अर्को हातमा थमाए, कमलो कागजको एक पोको ।

'खुवाउने काम मेरो । अरू थान्कोमान्को गर्नुहोला आफैंले ।'

मैले पानी खाँदै त्यो टिस्यू पेपर हेरें ।

छेवैमा निमा थिए ।

'आजैदेखि पानी छोड्ने । यसैले दिसा पुछ्ने ।'

म मुस्काएँ ।

'फारो गर्नुहोला । खानभन्दा पुछपाछ गर्न महँगो ।'

निमाले भनेको सुनिरहें ।

आजदेखि हिंडाइ सुरू हुँदै थियो । अब सबैबाट बेखबर हुँदै थिएँ । सम्पर्क कम हुन्थ्यो । चिसोमा थप चिसिने ठाउँतिर जाँदै थिएँ म ।

सबै कुराले मन बलियो पारें । ज्यानमा आँट भरें । खुट्टामा ऊर्जा उमारें । आँखामा साहस थपें ।

'गए देखिन्छ । नगए अरूका कुरामा रमाउनुपर्छ ।'

'आफैं पुगेर रमाएको पो रमाइलो !' छातीभित्र यसरी जोस्याएँ ।

आठ बजेतिर घामले जुफालमा पाइला हाल्दा छिरिङ आइपुगे । उनीसँग सिल्भियो अलिस स्पेसा, पाउल जोसेड, इमिल लोरेज, फ्रान्ज लोरेज, जोभिटा लोरेज, मार्कुस विन्करे, भेरेना विन्करे र डेविट बेथर थिए ।

छिरिङले चिनाएपछि सँगै कफी खायौं ।

यी सबै स्विटजरल्यान्डका

थिए । छ जना नर र दुई जना नारीको समूहमा मिसिएर म लामो घुमघाममा जाँदै थिएँ । मन अर्कैअर्कै भइरहेको थियो ।

भेटेकै क्षणदेखि डेविट नजिक भइहाले । उनको उज्यालो अनुहारले हाँसो र आत्मीयता पोखिहाल्थ्यो ।

'तपाईंलाई यो लट्ठी !'

'पानी खाने बोतल नि !'

छिरिङले सजिलो खालको लट्ठी थमाए । धेरै घण्टा पानी तातो भइरहने बोतल पनि दिए ।

'हिउँले आँखा खान्छ । यो नछोड्नु ।' उनले कालो चस्मा पनि दिए ।

'पानी पेलेको पेलेकै गर्नुहोला !'

छिरिङले झोला ढाडमा कस्दै भने । मैले पनि त्यतिन्जेलमा खाजा खाएर जुत्ताको तुना कसिसकेको थिएँ । झोला बाँधिसकेको थिएँ । उड्नलाई ज्यान पुतलीजस्तो भइसकेथ्यो ।

तल-तल भेरीको गर्जन डरलाग्दो थियो । पाराङ नाघेर धूलो र ओरालो झन् चम्केका भेटिए ।

तीनचार खैरे उकालो लाग्दै थिए । तिनको पछिपछि पाँच-छ नेपाली भरिया थिए । नाकबाट तरतरी पसिना छुटेको देखें मैले भरियाका । अक्करे पहाड वरिपरि घुमिरहेकै देखिथ्यो रन्केको घाम ।

हाम्रो खैरेको टोली बुर्कुसिएर नदेखिने गरी अघिअघि गएकोगएकै छ ।

'अण्डा म्यान आए !'

डालप्रसाद देखापर्दा छिरिङले भने । अण्डा बोकेथे डालप्रसादले ।

उनलाई बाटो छाडेपछि ती फटाफट गए । मैले ६० नाघेका ती जोसिला बूढालाई हेरिरहें ।

कालागौंडा पुग्यौं ।

१०-१२ वटा घर थिए कालागौंडामा ।

खैरेले पनि पानी खान बिसाएका रहेछन् झोला र लट्ठी । उनीहरू ज्यान छाडेर बाटोछेउमा बसेथे । दुनैबाट आएको फराकिलो बाटो यहाँ भेटिएथ्यो ।

'खैरेले यस्तो बाटो देख्यो कि मुख खुम्च्याउँछन् !'

'घोडा, खच्चड मात्र हिंड्ने बाटो मन पराउँछन् । गाडी कुद्ने बाटो देख्यो कि मनमनै रिसाउँछन् यिनीहरू ।' छिरिङले खैरे हृदय पढेर भने ।

'हामी चैं गाडी कुद्ने बाटो नदेख्दा कन्चट चड्किने गरी रिसाउँछौं ।' मैले भनें ।

शान्त मुसुमुसु हाँस्दै बाटो लागे ।

कालागौंडामा तरकारी, अन्नपात फलेको देखियो । खोला छेउछाउका गरामा धान लहलहाएको पनि देखियो । घरको वरिपरि लहलहाएको तरकारी र चरिरहेका कुखुरा देख्दा खैरे पनि रमाए ।

अक्करे ढुङ्गा, अनौठा पत्रे चट्टान र भीरैभीर गएको छ बाटो । बाटो मास्तिर कालो पहाड छ । पूर्वपट्टि भेरी गर्जेर बगिरहेको छ ।

ओहो, कस्ता पहाड हुन् यी ? कति सान्हा न सान्हा ? कति अरिमट्ठे ढुङ्गा होलान् ?

हावाले ताछेका ढुङ्गा यी । घामले पगाल्नुसम्म पगालेका चट्टान यी । पानीले पखाल्नुसम्म पखालिएका पत्थर यी । अनि ढुङ्यानको रासले चुच्चिएका यी जब्बर पहाडहरू । आँखामा अनौठो र छातीमा छालको चुली ठडिइरहेथ्यो पटकपटक ।

पूर्वतिर आँखाले ठम्याउन नसक्ने पाटनहरू छन् । एकपछि अर्को मनै भरङ्ग पार्ने पाखा देखिन्छन् । अनौठा बिस्मित पार्ने, उदेकलाग्दा फाँटहरू देखेर आँखा चकित बनेकाबनेकै हुन्छन् ।

छक्क परेर हेरिरहेको छु म । काला, चुच्चा, थेप्चा, तीखा र गोला ढुङ्गाले पहाड अग्लाएको लाग्छ । संसारका सबै अनौठा रूप र रङ यतै चम्केको लाग्छ ।

आँखा गल्ने अग्ला चुली छन् । ओहो, कति अग्लो, कति तन्किएका पहाड, कति फैलिएका पाटन, कति लम्बिन सकेका यी चुचुराहरू !
मनमा एकपछि अर्को खसखस उठिरहन्छ ।

पहाडको चेपमा गिद्ध उडेका छन् ।
'याक, भेडा मरे कि ?'
छिरिङ अनुमान गर्छन् ।
'नाउर, हिउँ चितुवा मरे कि ?'
मैले पनि थपेँ ।

भेरीपारि चौँरीका बथान छन् । हामी वारि-वारि दक्षिणतिर लम्केका छौँ । पहाडका घुम्तीहरू कतै पहिरेर खसेका देखिन्छन् । कतै चट्टानहरू ध्यान गर्न बसेजस्तो बाटामा भेटिन्छन् । पाउल पानी खाँदै गरेको भेटिए ।

'त्यति धेरै खोर्सानी सबै गाउँलेले खान्छन् ?'

'खान्छन् नि । अझ नपुगेर किन्न पनि पुग्छन् यी ।'
मैले उत्तर दिएँ ।

तिनले गाला तन्काएर अचम्म माने । पाउललाई थाहा छैन, गरिबको भान्सा भनेकै खोर्सानीको सिँगारपटार हो । दुःख र विजोग सप्लाएको यो अनकन्टारमा खोर्सानीको मान छ ठूलो ।

दक्षिणी तेर्छोतिर लागिरहेका छौँ लगातार । टन्टलापुर घामले भित्री लुगा भिजिसकेका छन् ल्यापल्याफी । बाटाको धूलोले डोल्पाको चिनो गालाका पाटा, ओठ, नाके डाँडी र कन्चटतिर छाड्न खोज्दै छ । घाम, धुलो र हावासँग भेट भइरहेकै छ । अब हिउँसँग भेटेपछि शरीर बन्छ मेरो पुरै डोल्पाली ।

दुई बजेको पनि थिएन होला,

हामी रूपगाड पुग्यौं ।
जम्मा तीन घर थिए रूपगाँडमा ।
'देवे, सिंहे, गोकर्णेका घर यी !'
जयबहादुरले चिनाए ।

भेरीको किनारमा घर थिए काठे चिर्पट, माटो र ढुङ्गाले छापेका । थारोभरि आइमाईहरू खोर्सानी सुकाइरहेथे । सिमीका चाङ तह लाइरहेथे ती ।

बारीभरि खच्चड र घोडा थुप्रै चरिरहेका देखिन्थे ।

खोला छेउमा लस्करै छ वटा तिर्पाल गाडिएका थिए । पहेँला तिर्पालअघि नै कति बेला हो गाड्न पुगेछन् धनबहादुरले ।

दुबैतिर अत्यासलाग्दो फलामजस्तो कठोर पहाडको खोंच थियो । त्यही खोंचको एउटा कुनामा हाम्रा पहेंला तिर्पाल गाडिएका थिए ।
पत्रैपत्रको पहाड थियो ।

तीन घरको माझमा एउटा सानो देउता थान थियो । त्यहाँ ठूलो पीपलको रूख थियो । त्यसैको आडैमा हाम्रो पनि टेन्ट गाडिएको थियो ।

सबै स-साना तिर्पाल थिए । एउटा ठूलो चारकुने तिर्पाल थियो । अरू बस्न र सुत्न मिल्ने खालका थिए । एउटा चैं उभिएर नाच्न, गाउनै मिल्ने खालको थियो ।
'यो चैं डाइनिङ ।'

चारकुना देखाएर छिरिङले चिनाए ।

घरकै चुलोलाई हामीले आफ्नो पकाउने भान्सा घर बनाएछौं ।

भीरको चेपमा तातोपानीको दह रहेछ । त्यहाँ खैरेहरू गए पौडिनलाई । भेरीका छाल गनीगनी बसें म । मलाई त्यो तातोपानीभन्दा यै चिसो पानी चिन्नु थियो ।

अघिल्लो दिन नरभूमको आँगनमा बजारै लागेथ्यो ।

शान्तले २२ दिनलाई पुग्ने सरसामान गजबले ठूलो तिर्पालमा भेला पारेथे । छेवैको पसलबाट सामान, नुन, चिनी, घिउ, तेल, मासु, अण्डा आयो । पाउरोटी, माछा, पास्ता, ओलिभ तेल, चिज, स्यापागेटी यी खैरेलाई ।
'हाम्रा मेम्बरलाई चैं यी !'

चिया, दाल, आलु चामल, चिउरा थिए एकातिर ।

खच्चडवाला, किचेन ब्वाइ, पोर्टर शेर्पाका लागि यी खाना ।

तिर्पालमा हालिएको सामान २२ बोरामा हालियो । साबुन, सलाईदेखि मट्टितेलसम्म । चाउचाउदेखि सुकेको च्याउसम्म ।

पहिले प्लास्टिकमा हालेर फेरि अर्को बोरामा हालियो । २५/२५ किलोको भारी बनाइएको थियो । त्यो भारीलाई बाहिरबाट अलिक बलियो बोरामा हालेर बाँधिएथ्यो ।

साँझ धनबहादुरलाई फेरि सोधेथे शान्तले- '२२ खच्चड भए हैन त ?' खैरे फटाफट हिँडी त हाले । तिनलाई पछ्याएर म पनि हिँडें ।

तुलबहादुर ध्यार, पृथ्वी डाँगी, जयबहादुर बुढा डोको बोकेर अघि लागे । निमा, वाङ्गेल र तेन्जीले पनि गतिलै झोला भिरेका थिए ।

तेन्जीको घाँटीमा ओखतीको रातो झोला झुन्डिएको थियो ।

उनी खैरेको अघिअघि लागेथे । जुफाल छाडेर उनीहरू दुनैतिर हुइँकेका थिए बेस्सरी । पहिलो दिन भएर हो कि एकोहोरो लम्के उनीहरू । तेर्पे र ओरालीमा ती गुड्डु कुदिरहे..कुदिरहे...। हामी पनि निकै दगुर्‍यौं ।

छिरिङ, शान्त र म सँगसँगै जस्तै थियौं । ओरालो, तेर्सो र फाँट भएर डाँगीबाडा पुग्यौं । आज अलिक बेग्लै गोरेटोतिर लगेछन् ।

अलिक घुमेको लाग्यो मलाई डाँगीबाडा पुग्दा ।

धनबहादुरले तीनतीन दाना स्याउ थमाए ।

'सगुन यै हो !'

उनले दिएको स्याउले मेरो झोलाको भारी गरूङ्गो भो । स्याउ थिए निकै ठूलठूला ।

डाँगीबाडासम्म म आएकाले मेरा आँखाले सहजै माने । यी अनौठा र छाँगाछुर भीरमा पनि त्यति धेरै बिरानो ठानेनन् ।

डागीबाडा छाडेर घुम्ती लागेपछि मेरा लागि सबथोक नौलो, सब थोक अनौठो, सबथोक छक्कलाग्दो । निकै तेर्सो हिँडेपछि घुमाउरो आयो ।

पारिपट्टि पाटन देखिन्थ्यो । पाटनमा गाई, भेडा, च्याङ्ग्रा र बाख्राका बथानै थिए । दक्षिणपट्टिको ठूली भेरीको हरियो पानीसँग आँखा हुन्छन् नजिकनजिक । अक्करे चेपमा ठोक्किएर खोलो गर्जिएको माथिसम्मै सुनिन्थ्यो ।

धान फलेका पहेँलपुर गरामा मन जान्छ, आउँछ ।

'यो खैरेको जात पनि...।'

'बिछट्टैको हुन्छ नि ।'

छिरिङ र शान्त कुरा गर्दै छन् ।

म सुन्दै लम्किरहेको छु । लट्ठी घरी देब्रे, घरी दाहिने हातले टेक्दै छु । लुगा, पानीका बोतल, मोजा, पन्जा गरी सातआठ किलोको कुम्लो भरिएको झोलामा ।

'जम्मै पचास कटेका छन् यी ।'

'त्यो एमिल बूढो त ८४ वर्षको छ । तैपनि गुड्डङ कुदेका छन् ।'

छिरिङ पनि बोल्दाबोल्दै कुदिरहेका छन् । म पछ्याउँदै छु । घरी उनीहरू अगाडि । घरी म अगाडि । दक्षिणतिरको ओरालीमा खुट्टा चिप्लिरा'छन् । स्वात्त-स्वात्त ...।

'८४ वर्षे त लम्किन्छ । म किन नसक्नु ?'

बलियो पारिरहेको छु मन ।

ओरालो र तेर्पे झरिरहेका छौं ।

बाटो तल रातै खोर्सानी नै खोर्सानी देखियो । बोट सुकेका झुप्पा खोर्सानी फलेका ।

यै खोर्सानीका बोट, हाँगा, झुप्पा र पातलाई नजिकै खिचिरहेथे क्यामेराले पाउल । उनलाई निकै अनौठो लागेछ । तीनचार घर थिए ।

पाराङ गाउँ रै'छ यो ।

मास्तिर बारीमा पाँच छ जना महिला सिमीका झाङ बटुल्दै थिए ।

पाटनको चेपैचेपको ओरालो झरेका छौं । हामी झरेको भागमा केही हरियोपरियो थियो । पारितिर एक थोपो हरियो थिएन । खैरो पहाड थियो । ढुङ्गा, माटो सबै रातो थियो ।

'राति आएर खच्चडमा समान हाल्नु । बाटोमा सामान झार्ला नि । भीरका ढुङ्गामा धसारेर भारी च्याप्दै पुग्ला । तरकारी किचिएला । भारीको सामान टुटेफुटे म पैसा कटाउँछु नि ।' शान्त खैखबरी गरिरहेथे ।

रूपगाडमा हामी बसिरहँदा खच्चड आइपुगे, दिउँसोतिर ।

आएका सामान धमाधम कोही तिर्पालवरिपरि झारिए । कोही भान्सातिर । कोही भान्सातिर पसे । कोही बाटोछेउमा राखिए ।

४ कात्तिकको चिसो साँझ ।

म तिर्पालभित्र छु । रूपगाडको यो चकमन्न रात ।

हावा बेस्सरी चलेको छ । यी भीर र खोंचमा लुकेको चिसो अहिले वरिपरि आइरहेको छ । भेरीको चिसो बटारिएर आइरहेको छ । लडाइ हाल्ने, शरीरै लाछलुछिने, हावाको फुँइकी चलेकोचलेकै छ ।

'२२ दिनलाई हुने गरी लुगा लाउनोस् !' राति सुत्ने बेलामा छिरिङले भने ।

छन पनि जाडो यति थियो, भनी साध्य नै छैन । किनभने उच्च लेकको हिमाली नदीको हावा घोलिँदा कस्तो हुन्छ होला ? हिउँमा थिग्रिएर आएको सिरेटो कस्तो हुन्छ होला ?

यी सबै कुराले मेरो शरीरले केही दिन भोगिरहेकै थिए । अहिले झन् बेहोरिरहेको थिएँ ।

हाम्रो तिर्पालछेवैमा आठ खच्चड र दुई घोडा बाँधिएथे । तिनको टाङटाङ टुङटुङ घण्टी मध्यरातको चिसोमा बजिरहेकै थियो ।

'यति लामो हिंडाइमा जुत्ता ठूलो कुरो हो । लट्ठी त रूखको हाँगो टेक्दै भए नि हिंडुंला ।'

अनि जुत्ता भित्रै राखें लट्ठी बस्यो बाहिरै ।

भेरीको गर्जन चर्को न चर्को थियो ।

कानमा सङ्गीत भयो त्यो । मैले साथी बनाएर सुन्न खोजें । आँखामा निन्द्रा बसाइँ सरिसकेको लाग्छ । म झकाइरहेको छु ।

हावाले प्याट्टप्याट्ट हिर्काइरहेको छ तिर्पाललाई । रातभरिमा उडिसक्ने पो हो कि यो पहेंलो घर ? अर्को उकुस मुकुस फेरि थपियो । भेरीको चर्को स्वर र हावाको माझ मेरो निन्द्रा आउन खोज्दै छ । ♦♦♦

**लघुकथा**

# खिल



✍ **गंगा खड्का**

श्रीमान् मस्त निद्रामा घुर्न थाल्दा पनि रिमा निदाउन सकिन । घरी ओल्टे घरी कोल्टे फिर्दैमा रात छिप्पिन थाल्यो । उसलाई छोरीको फुङ्ग उडेको आकृतिले चसक्क मुटुमा घोचिरह्यो ।

ऊ जुरुक्क उठी र अर्को कोठामा गएर छोरीलाई फोन लगाई

“ममी ! यतिबेलासम्म नसुतेर के गर्नुभएको ?” उताबाट आवाज आयो ।

रिमाले निराश हुँदै भनी, “छोरी ! तिमी बिस्तारै बिस्तारै विदेशकै बसाइमा अभ्यस्त हुँदै जाउली भन्ने सोचेकी थिएँ । तर जति पछिपछि भयो उतिउति तिम्रो अनुहारको हाँसो गायब हुँदैछ । मलाई यही कुराले सकस दिएर निदाउन सकिनँ ।”

एकछिन सन्नाटा छायो । दुबैतिरको भिडियो अफ भयो । छोरीले रून्चे स्वरमा भनी, “त्यस्तो केही होइन ममी । आज फार्ममा काम गर्न जाँदा मौरीले टोक्यो । त्यही दुखाइले अलिअलि अनुहार अँध्यारो भयो होला ।”

छोरीको कुराले रिमा आँत्तिई । उसले हडबडाउँदै भनी, “टोकेको ठाउँमा फलाम दलिनौ छोरी ?”

“मैले टोक्नासाथै सेप्टीले खिल निकालिसकें ममी !” छोरीको कुरा सुन्नासाथ रिमाको मुखबाट एक्कासि क्रन्दन मिश्रित ममता बोल्न थाल्यो, “तिमीले त सेप्टीको सहायताले छिट्टै खिल निकालिछ्यौ छोरी, तर तिमीलाई दुखेको खबरले मेरो मुटुमा गाडेको खिल झिक्न मैले के को सहायता लिने होला ?”

# काठमाडौं उपत्यका भित्र साईकल लेनको सान्दर्भिकता



✍ प्र.ना.उ.ई.गण शेखर श्रेष्ठ

साईकलसँग परिचित नभएका र जीवनमा साईकल प्रयोग नगरेका व्यक्तिहरू विरलै होलान् । केही वर्ष अगाडिसम्म पनि किनमेल गर्न होस् वा अफिस जान आउन होस् वा व्यापारीक सामानहरू ओसार्न, साईकल प्रत्येक व्यक्तिको पहिलो रोजाईको सवारी साधनको रूपमा रहेको थियो अर्थात दैनिक जीवनयापनका लागि हरेक घरको आवश्यकता थियो ।

आज समयले कोल्टे फेरिसकेको छ । व्यस्त जीवन शैलीलाई सहज बनाउन आम जन-मानसले साईकललाई प्रतिस्थापन गरी मोटरसाइकल, स्कुटर, निजी सवारी साधन वा अन्य सार्वजनिक सवारी साधनहरूलाई आफ्नो जीवनको अभिन्न अंगको रूपमा स्वीकार गरी सकेका छन् । काठमाडौं उपत्यकामा साईकल सवारी साधनका रूपमा भन्दा बच्चाहरूको खेल्ने साधन, वयस्कहरूको व्यायाम गर्ने वा मनोरञ्जनका लागि उपत्यकाका रमणीय स्थानहरूमा घुम्न जाने साधनका रूपमा परिणत हुँदै गएको मात्र नभई महङ्गो भन्दा महङ्गो विदेशबाट आयातित साईकल चढ्ने सौखिन साधनका रूपमा विकसित हुँदै गएको देखिन्छ ।

साईकल सबै भन्दा सस्तो सवारी साधन हो । यसको मर्मत खर्च ज्यादै न्यून छ । यसको प्रयोगले शारीरिक व्यायाम हुने, शारीरिक व्यायामको कमीले निम्त्याउने रोगहरूमा कमी आउने, ईन्धन तर्फको व्यक्तिगत खर्च जोगिने मात्र नभई राष्ट्रले ईन्धन आयातमा खर्चिने ठूलो रकमको बचत हुने, ईन्धनबाट हुने वातावरणीय प्रदुषणमा कमी आउने, प्रदुषित वातावरणबाट हुने रोगहरूमा कमी आउने आदि फाईदाहरूले हाम्रो जीवनमा साईकलको कति महत्व छ भन्ने प्रष्टिन्छ । यसरी लागत, पर्यावरण, वातावरण र स्वास्थ्यका दृष्टिकोणले साईकल अति उत्तम सवारी साधन भईकन पनि काठमाडौंको व्यस्त दैनिक

जीवनमा साईकललाई पुरानै रूपमा फर्काउनु र उपयोग गर्नु व्यवहारिक रूपमा पनि कठिन नै देखिन्छ । आज सडकमा साईकल यात्रुहरू दुर्घटनाको दृष्टिकोणले सबै भन्दा बढी जोखिममा छन्। सडकमा व्यवस्थित र सुरक्षित साईकल लेनको अभाव छ । साईकल सबै उमेरका लागि सहज नहुन सक्छ । यो एकल प्रयोगलाई मात्र सहज, पार्किङ्ग र चोरीको अत्याधिक सम्भावना, अफिस/ स्कूल/कलेज आउने जानेका लागि खाना खाने, नुहाउने, कपडा फेर्ने र बोक्ने आदि समस्याका कारण असहज र अन्य आपतकालीन प्रयोजनका लागि आजको व्यस्त दैनिकीमा जोखिमपूर्ण, अनुपयुक्त र गाह्रो छ । यी कारणले साईकल अहिले थप सवारी साधनको रूपमा समेत विकसित भएको छ । साईकल नेपालमा समेत नबन्ने, महङ्गा साईकल र पाटपुर्जा समेत आयात गर्ने प्रवृत्तिले राष्ट्रले थप विदेशी मुद्रा खर्चिनु पर्ने अवस्था छ ।

एकातिर दिनानुदिन तीव्र गतिमा बढ्दै गएको भौतिक संरचनाहरूको निर्माण र सवारी चापका कारण काठमाडौंका सडकहरू साँघुरा भईसकेका छन्। भएका सडक संरचनामा यातायात व्यवस्थापन र सडक दुर्घटना न्यूनिकरण चुनौतीपूर्ण भईसकेका छन् भने पार्किङ्ग अर्को चुनौतीका रूपमा विकसित हुँदैछ । लागत, समय र प्राविधिक दक्षताको अधिक आवश्यकताका बाबजुद दीर्घकालीन यातायात व्यवस्थापन र सडक दुर्घटना न्यूनिकरणका लागि टनेल मार्ग, फ्लाईओभर र अण्डरपासको निर्माणमा जोड दिईएको अवस्था एकातिर छ भने भएका सडक संरचनालाई सुरक्षित बनाउन ट्राफिक इन्जिनियरिङको प्रयोगमा व्यापकता ल्याउनु पर्ने अर्को आवश्यकता छ । समयक्रमसँगै तीव्र विकास र सुरक्षित एवं आधुनिक सहरीकरण नेपालीहरूको पनि चाहना र आवश्यकता हो, यसलाई नकार्न सकिन्न । काठमाडौंको रिङ्गरोड भित्र थप सडक विस्तार लागत र अन्य दृष्टिकोणले सहज देखिदैन । काठमाडौंका सडक संजालमा पैदल यात्रुहरूको सुरक्षाका लागि सुरक्षित फुटपाथ तथा ओभरब्रिजहरूको निर्माण ज्यादै न्यून रहेकाले तिनीहरूको तीव्र निर्माण जरूरी छ । त्यस्तै काठमाडौं उपत्यका भित्र मर्निङ्गवाकका लागि सुरक्षित गन्तव्य अर्थात पार्कहरू नगन्य मात्र छन् । काठमाडौं उपत्यकामा खानेपानी, सडकका धुलो र फोहर व्यवस्थापन अर्को चुनौतीका रूपमा रहेको छ ।

विकसित राष्ट्रका सहरहरूमा साईकल यात्रुहरूका लागि सुरक्षित व्यवस्था र जनचेतनास्तर उच्च छ ।

ललितपुर महानगरपालिकाले नयाँ सोँच, प्रयोग र प्रयासका रूपमा साईकल लेनको परिकल्पना गरेको थियो जुन प्रशंसनीय हुँदाहुँदै पनि साईकल यात्रुहरूले साईकल लेनको सहि रूपमा उपयोग गर्न नसकेको वा नपाएको तथ्य तीतो यथार्थ छ। ललितपुरको साईकल लेनले सार्थकता नपाउनुमा साईकल प्रयोगकर्ताहरूको न्यून संख्या पनि एक हो । साईकल प्रयोगकर्ताहरूको न्यून संख्या र अन्य सवारी साधनको चापका कारण नै खाली अवस्थाको साईकल लेनलाई अन्य सवारी साधनले प्रयोग गर्ने बानी नहटेको हुन सक्छ । धेरै कमले मात्र साईकललाई आफ्नो दैनिकीमा प्रयोग गर्छन् । काठमाडौं उपत्यकामा साईकलको प्रयोगलाई पुनः पहिलेकै सान्दर्भिकतामा ल्याउन आजको व्यस्त अनि अटोमोबाइलको युगमा ठूलै प्रयास विना कठिन छ । यसका लागि सर्वसाधारणको दैनिकीमै ठूलो परिवर्तन आउनु जरूरी छ। साईकल प्रयोग अभिवृद्धि गर्न जनचेतनास्तर बलियो बनाउन सरकारी स्तरमै प्रयासको आवश्यकता पर्छ ।

यसको अर्थ काठमाडौं उपत्यकालाई साईकल निषेधित क्षेत्र घोषणा गर्ने भन्ने होईन, बरू यस्तो परिस्थितिलाई शिक्षाको रूपमा ग्रहण गरी सम्बन्धित निकायहरूले साईकल संस्कृतिका रूपमा जगेर्ना गर्न होस् वा मनोरञ्जन तथा शारीरिक व्यायामका रूपमा प्रयोग गर्न होस् वा दैनिक सवारी साधनका रूपमा साईकलको प्रयोग बढाउन होस् काठमाडौं उपत्यका लगायत नेपालका सम्पूर्ण नयाँ विकास गर्ने सहरहरू तथा विकासका क्रममा रहेका सहरहरूमा साईकल लेनको उचित योजना बनाउनु पर्छ । यसको लागि उपयुक्त स्थानहरूमा साईकल लेनको सुविधा सहित पार्कहरूको निर्माणको थालनी गर्नुपर्छ । सहर नजिकका मनोरञ्जनका लागि उपयुक्त स्थानहरूमा साईकलमा घुम्न जान मिल्ने उचित व्यवस्था शिघ्र कार्यान्वयनमा ल्याउनु पर्छ । साईकल प्रयोगकर्ताहरूको संख्या अभिवृद्धि गर्न जनचेतनास्तर अभिवृद्धि गर्नु पर्छ। स्वदेशमै सस्तो र सुलभ रूपमा सुरक्षित साईकलको उत्पादन थाली नेपालमै बनेका साईकलको प्रयोगमा जोड दिनु पर्छ । साईकल प्रयोगकर्ताहरूलाई अझ सुरक्षित वातावरण बनाउनु पर्छ। साईकल प्रयोगकर्ताहरूलाई आवश्यक हेल्मेट वा अन्य साधन (साईड मिरर, बत्ती, हर्न आदि) को प्रयोग गर्न जनचेतना जगाउनु पर्छ । अन्य सवारी साधन प्रयोगकर्ताहरूलाई सडक, साईकल यात्रुहरूका लागि पनि हो र

साईकल चालकहरूलाई प्राथमिकता दिनु पर्छ भन्ने आदि विषयहरूमा सचेतना कार्यक्रमहरू संचालन गर्नुका साथै आवश्यक परेमा नीति नियमको समेत तर्जुमा गरी सरकारी स्तरमै प्रयास थाल्नु पर्छ भन्ने हो। अव्यवस्थित सहरीकरणलाई बेलैमा नियन्त्रण गरी सुरक्षित विकल्पका रूपमा साईकलको प्रयोगलाई बढाउन सकेमा सहरहरू पर्यावरण, वातावरण र नागरिकमैत्री बन्न गई केही हद सम्म यातायात व्यवस्थापन तथा सडक दुर्घटना न्यूनिकरणमा समेत सघाउ पुग्ने देखिन्छ । काठमाडौं उपत्यकाकै कुरा गर्ने हो भने अफिस प्रयोजन र आपतकालिन अवस्थाका लागि केही असहज भएता पनि अन्य दैनिक प्रयोजनका लागि अन्दाजी ५-१० कि.मी. को दुरीमा धेरैको गन्तव्य रहेको हुन्छ जुन साईकलबाट एकल यात्रा गर्नु सहज नै हो। यति मात्रले पनि ईन्धन आयात, सो ईन्धनबाट हुने प्रदुषण र सो प्रदुषणबाट हुने रोगहरूमा उल्लेखनीय कमी हुने देखिन्छ । साईकल यात्रीहरूको संख्या वृद्धि गर्न उपयुक्त समयमा जनचेतनाका कार्यक्रमहरू गर्न सकिन्छ। उपयुक्त विद्युतिय माध्यमहरूबाट साईकल यात्राबाट हुने फाईदाहरू समेटिएको कार्यक्रमहरू प्रचार प्रसार गर्न सकिन्छ । उपयुक्त स्थानहरूमा साईकल र्‍याली एवम् प्रतिस्पर्धाका कार्यक्रमहरू गर्न सकिन्छ । नेपालका पहाडी र हिमाली भेगमा साईकलको र्‍याली एवम् प्रतिस्पर्धा संचालन गरी विदेशी पर्यटकहरूलाई समेत आकर्षित गर्न सकेमा नेपाल विदेशी साईकल यात्रुहरूका लागि समेत गन्तव्य हुन सक्छ र यसले नेपालको पर्यटन क्षेत्रमा समेत सकारात्मक टेवा पुर्‍याउन सक्छ । ♦

## गजल

**✍ रविना भुजेल**

धिक्कारेर जिन्दगीलाई टाढा जाऊ ठाउँ छैन ।
नानाथरि आलोचना बस्न मिल्ने गाउँ छैन ।।

भित्र भित्रै दुख्छ घाउ मलम छैन यो बजारमा ।
साना तिना उपचारले निको हुने घाउ छैन ।।

एक माथि अर्को चोट थुप्रिदा रून्छ छाती ।
दुनियाँको जस्तो कुनै अरू मेरो दाउ छैन ।।

भगवान पनि देब्रे भए मेरो के लाग्छ र खै ।
हाँस्छन् अब खिसी गर्दै यहाँ कुनै भाउ छैन ।।

आशा थियो भरोसा पनि टुटेर गयो सबै ।
कसको भर परौं अब विश्वासको नाउँ छैन ।।

धिक्कारेर जिन्दगीलाई टाढा जाउँ ठाउँ छैन ।
नानाथरि आलोचना बस्न मिल्ने गाउँ छैन।।

लघुकथा

# पीडाको कम्पन



✍ बाबुराम न्यौपाने 'उत्स'

एकदिन एकजना व्यक्ति आफ्नो दुःख पीडा झेल्न नसकेर भगवानको शरणमा गयो। भगवानको सामुन्ने अनेक याचना र प्रार्थना गऱ्यो। ईश्वरको मन पग्लियो। "भन मनुवा ! तिमीलाई त्यस्तो के आपद् आइलाग्यो । यतिसारो निराश किन बन्यौ ?"

भक्तले आफूले जीवनमा गरेका अनगिन्ति दुःखको कहानी सुनायो। आफूभन्दा अर्को आफूले जस्तो पीडा झेल्ने मानिस पृथ्वीमा कतै नभएको गुनासो गऱ्यो। अन्तरयामी भगवानले भक्तको अन्तर कथा व्यथा थाहा पाए। भक्तको पृष्ठभूमि नियाले। गम्भीर भएर भक्तलाई भने। "सुन मनुवा ! जब म एउटा स्वतन्त्र पत्थर थिएँ। आनन्दमा हराएको थिएँ। मलाई मान्छेले छिनो र हम्मर चलाएर टुक्राटुक्रा पारे। यो रूपमा मन्दिरमा ल्याएर बन्दी बनाए। छिनोको चोटले म कति रोएँ होला ? कति चिच्याएँ, कहालिएँ होला ? कसैले सुनेन। मेरै सृष्टिमा मेरो चित्कार सुन्ने मानिस कोही थिएन। मेरो याचना मानिसको चरम स्वार्थको बलि चढ्यो। तिमी के गिडगिडाउँछौ ? एकपटक आफूलाई नियालेर हेर त।"

"मैले कुरा बुझिन प्रभु।" भक्तले हात जोड्यो।

"तिमी यस्ता कुरा बुझ्दैनौ, भक्त ! किनकी तिमीभित्र आफूलाई मात्र दुःख्ने र अरूको पीडामा मुस्कुराउँने चरम व्यक्तिवादी मनोग्रन्थी मौलाएको छ। मलाई यो रूपमा कसले पुऱ्यायो तिमीलाई थाहा छ ?" भक्तले फेरि हात जोड्दै भन्यो, "मलाई थाहा छैन, ईश्वर।"

पत्थर कुँदेर बनाइएको जीवन्त लाग्ने भव्य मुर्तिका आँखाबाट बर्बर आँसु खसे। भक्त आश्चर्यमा पऱ्यो। मन्दिर परिसरमा पीडाको हृदय कम्पन हुने कारूणीक आवाज गुन्जियो। "सुन भक्त, कान खोलेर सुन...!! मलाई छिनोको प्रहारले घावैघाउ बनाएर यो कारागारको कठघरामा उभ्याउने कुटिल मानिस तिमी नै हौ।" ♦♦

# जबरजस्ती करणी सम्बन्धी कसूरमा न्यायिक दृष्टिकोण र प्रहरी अनुसन्धान



✍ प्र.ना.उ. मोहन कुमार थापा

**विषय प्रवेशः**

जबरजस्ती करणी मुलतः महिला विरूद्ध हुने जघन्य, अमानविय एवम् क्रुर प्रकृतिको अपराध हो । यो अपराध मानवीय मर्यादा र सम्मानजनक बाँच्न पाउने हक विरूद्धको अपराध हो । यो महिलाको यौनिक स्वतन्त्रता, जीउ ज्यान माथिको अधिकार जस्ता मानव अधिकार विरूद्धको अपराध भएकोले यस्तो मानवता विरोधी अपराधले सिंगो सभ्यतालाई लज्जित बनाउँछ । यस्तो अपराधबाट पीडितले मनोवैज्ञानिक, शारीरिक, आर्थिक, सामाजिक समस्या लगायतका विभिन्न समस्याहरू झेल्नु पर्ने हुन्छ । समाजका संवेदनशिल वर्गको रूपमा रहेका महिला विरूद्ध हुने यस्ता अपराधको अवस्थाले समाज र समग्र देशको शान्ति सुरक्षाको वास्तविक अवस्थालाई प्रतिबिम्बित गर्दछ । विश्वका प्रायः सबै जसो कानूनी प्रणालीहरूले जबरजस्ती करणी अर्थात बलात्कारलाई परम्परागत अपराध मानी आएको पाइन्छ । नेपालमा पनि परम्परादेखि नै जबरजस्ती करणीको अपराधलाई गम्भिर अपराधका रूपमा लिइएको पाइन्छ । जबरजस्ती करणी कसूरप्रतिको दृष्टिकोण, कानून एवं अदालतको व्याख्यामा निकै परिवर्तनहरू आएका छन् । वर्तमान जबरजस्ती करणी कसूरप्रति विगत भन्दा वर्तमान कानून र अदालती व्याख्या कठोर बन्दै गएका छन् । आधुनिक फौजदारी कानूनको रूपमा जारी भएको मुलुकी अपराध संहिता, २०७४ कार्यान्वयनमा आए पश्चात जबरजस्ती करणी सम्बन्धी कसूरको परिभाषामा मात्र व्यापकता सिर्जना गरेको छैन सजायमा समेत वृद्धि गरेको छ भने अदालतबाट ठहर हुने कसूरको संख्यामा समेत वृद्धि भएको देखिन्छ ।

जबरजस्ती करणी मुद्दा मिलापत्र गर्ने र जाहेरी विपरित बकपत्र

दिने कार्यलाई समेत दण्डनिय कसूरको रूपमा संहिताहरूमा संशोधन समेत भएको छ । जबरजस्ती करणी मुद्धामा रहेको १ वर्षे हदम्यादलाई हटाई जहिलेसुकै उजुरी गर्न सकिने व्यवस्था गरिनु पर्छ भन्ने बहस समेत भईरहेको छ । यसरी जबरजस्ती करणीको कसूरमा कठोर कानूनी व्यवस्था र अदालती व्याख्या हुँदाहुँदै पनि यस अपराधमा कमी नआउनुले यस अपराधको रोकथाम तथा नियन्त्रणमा ठुलो चुनौती खडा भएको छ । एकातर्फ यस्ता कसूरको संवेदनशिलता र पीडितको कमजोर अवस्थाका कारण उनीहरूलाई अपेक्षितरूपमा न्याय प्रदान गर्न समेत चुनौती देखिएको छ भने अर्कोतर्फ झुठ्ठा मुद्धाको संख्या पनि सँगसँगै वृद्धि भईरहेको सन्दर्भमा निर्दोष व्यक्तिलाई सजायबाट बचाउनु पनि उत्तिकै चुनौती थपिएको छ । यी चुनौतीहरूलाई सामना गर्न र परिवर्तित सन्दर्भले जन्माएका नविनतम विषयलाई सम्बोधन गर्न जबरजस्ती करणी सम्बन्धी कसूरको अनुसन्धानमा थप जटिलताहरू देखा परेका छन् । यस्ता जटिलताले अनुसन्धान अधिकारीलाई सत्यताको गहिराइसम्म पुग्न निकै कठिनाइ हुँदै गइरहेको हुँदा भौतिक तथा वैज्ञानिक प्रमाणमा जोड दिनु जरूरी छ । जबरजस्ती करणी जस्तो गम्भिर मुद्धाको अनुसन्धानमा संलग्न प्रहरी कर्मचारीहरू गम्भिर र संवेदनशिल हुन नसकेको र प्रभावकारी अनुसन्धान गर्न नसकेको भन्ने किसिमका गुनासो व्याप्त रहेकोले यस्ता घटना नियन्त्रण गर्न तथा घटित अपराधको अनुसन्धानलाई थप प्रभावकारी बनाउन आवश्यक छ ।

**जबरजस्ती करणी अपराधको अनुसन्धानमा समस्या र चुनौतीहरूः**

जबरजस्ती करणीको अपराधको घटनाहरूको उजुरी कम पर्ने गरेको र उजुरी परे पनि ढिलो उजुरी पर्ने हुँदा सबुद प्रमाणहरू लोप हुने र नष्ट हुने समस्याले गर्दा अभियोग प्रमाणित गर्न कठिन हुने गरेको, मुद्धा अदालतमा दर्ता भएपश्चात पीडितले अदालतमा विपरीत (Hostile) बकपत्र गर्ने सम्भावना अधिक हुने गरेको, झन्झटिलो र लामो अनुसन्धान र अदालती प्रक्रियाको कारण पीडित Re–victimise हुने सम्भावना रहेको, कानूनी व्यवस्था र प्रक्रियाको बारेको जानकारी नहुंदा पीडितले प्रहरीको सम्पर्कमा आउन नखोज्ने गर्दा अनुसन्धान प्रभावित हुने गरेको, जबरजस्ती करणी लगायतका लैंगिक हिंसाका घटनाहरूको सुनुवाईको लागि अदालतमा Camera Court को व्यवस्था नहुनु, सामाजिक परिवेश, क्षतिपूर्तिको उचित व्यवस्था गर्न नसकिनु,

अनुसन्धान अधिकृतको रूपमा महिला प्रहरी अधिकृत पर्याप्त नहुनु, सेवा विशिष्टिकरणको अवधारणाको कार्यान्वियन नहुनु, स्वास्थ्य परीक्षणमा अस्पताल र चिकित्सकको अभाव, पुनर्स्थापनाको व्यवस्था नहुनु, सम्बन्धित निकायहरूसँग समन्वयको अभाव, लैगिक सम्बेदनशीलतामा कमी, वैज्ञानिक उपकरण र विशेषज्ञताको अभाव, संस्थागत सुधारको खाँचो, झुट्ठा उजुरी आदी जस्ता समस्या र चुनौतीहरू रहेका छन् । मञ्जुरीमा यौन सम्बन्ध भए पनि सहमति बमोजिमको लेनदेनमा कुरा नमिल्नु, यौनजन्य कार्य अरूले थाहा पाउनु खासगरी विवाहेत्तर बाहिरी सम्बन्धको अवस्थामा लोकलाज ढाक्न, पैसाको लोभको कारण पनि झुट्ठा उजूरीहरू पर्ने गरेकाले अनुसन्धानमा चुनौतीहरू थपिएका छन् । पीडितले अनुसन्धानको क्रममा एउटा कुरा र अदालतमा त्यसको विपरीत बकपत्र गर्ने गरेको देखिएको छ । यसका दुईवटा कारण छन् । पहिलो, अनुसन्धानको क्रममा सत्य बोल्ने र विभिन्न लोभ वा त्रासको कारण अदालतमा असत्य बोल्ने । दोस्रो, सहमतिमा करणी भएकोमा अन्य कुनै विषयमा कुरा नमिलेको कारण अनुसन्धानमा झुट्ठा व्यहोराको बकपत्र गर्ने र अदालतमा पुग्दा सत्य बोल्ने गरिएको देखिन्छ । यसले समेत ठुलो चुनौती खडा गरेको छ ।

**जबरजस्ती करणी मुद्धामा न्यायिक दृष्टिकोणः**

सर्वोच्च अदालतले जबरजस्ती करणी सम्बन्धी कसूरमा पीडित केन्द्रित दृष्टिकोण विकास गरेको पाइन्छ । मानव मर्यादा र अस्मिता विरूद्धका कसूरमा संलग्न व्यक्तिलाई दण्डित गर्ने कानूनी व्यवस्थाको सार्थक प्रयोगमा न्यायालयका दृष्टिकोणहरू परिलक्षित रहेका छन् । खासगरी न्यायालयले पीडितको बयान र शारीरिक परिक्षणलाई मुख्य प्रमाणको रूपमा ग्रहण गरेको छ । जबरजस्ती करणी मुद्धामा सर्वोच्च अदालतले गरेको केही फैसलाले प्रतिपादन गरेका सिद्धान्त (विधिशास्त्र) देहाय बमोजिम रहेको छ ।

**जाहेरवाला र साक्षीहरू hostile भएको आधारमै मात्र सफाई नपाउनेः**

**कुमार गुरूङ वि. माया गुरूङ (ने.का.प. २०७४, अंक ५, नि.नं. ९८१२)**: "साक्षीहरू Hostile भएकै आधारमा आरोपित कसूरबाट सफाई दिन नमिल्ने ।"

अमर पासी वि. नेपाल सरकार (ने.का.प. २०७६, अंक ९, नि.नं. १०३५७): "पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन, पीडितको मौकाको कागज एवं किटानी जाहेरी, प्रतिवादीको मौकाको साबिती बयान समेतबाट

वारदात स्थापित भइरहेको स्थितिमा जाहेरवालीले अदालत समक्ष गरेको बकपत्रमा करणीको घटना नै नभएको भनी गरेको प्रतिकूल व्यहोरा र विशेषज्ञको अनुपस्थिति भएकै आधारमा प्रतिवादीले सजायबाट उन्मुक्ति पाउन सक्ने स्थिति नरहने" ।

**डर धाक त्रास देखाई भएको करणी सहमति भन्न नमिल्नेः**

**सन्दिप नेपाली वि. नारायण नेपाली (ने.का.प. २०७५, अंक १२, नि.नं. १०१४८)**: "डर, धाक, त्रास देखाई भएको करणी सहमतिमा भएको भन्न नमिल्ने" ।

**विवाह गर्छु भनी भनेको हल्का आधारलाई भुक्यान वा अनुचित प्रभाव भन्न नमिल्नेः**

**नेपाल सरकार वि. अर्जुन कोइराला (ने.का.प. २०७६, अंक ५, नि.नं.१०२६४)**: "प्रतिवादीले जाहेरवालालाई विवाह गर्छु भनी भनेको हल्का आधारलाई मात्र "भुक्यान" र "अनुचित प्रभावमा" पारी जबरजस्ती करणी गरेको भन्न नमिल्ने । वारदातको अवस्था, परिस्थिति, पृष्ठभूमि, पीडित र प्रतिवादीको शारीरिक एवं यौनाङ्ग परीक्षण प्रतिवेदन र पीडित स्वयंको बकपत्र समेतले प्रतिवादीले जाहेरवालालाई पूर्ण सहमतिमा नै करणी गरेको अवस्था पुष्टि हुन आउँदा जबरजस्ती करणी नहुने"।

**वारदात फरक मितिमा फरक पीडित उपरको घटना भए अभियोगपत्र अलग दायर गर्नुपर्नेः**

**नेपाल सरकार वि. साबुद्दिन मिया (ने.का.प. २०७२ अंक ५ नि.नं.९३९९)**: "वारदात फरक फरक मितिमा फरक फरक नाबालिका उपर जबरजस्ती करणी भएकोमा एउटै वारदातको रूपमा अभियोगपत्र दायर गरेको देखिएको र यस्तो संवेदनशील विषयमा त्रुटी हुन नदिन महान्यायाधिवक्ताको कार्यालयले ध्यान दिनुपर्ने"।

**महिलाले महिलालाई पनि जबरजस्ती करणी गर्न सक्नेः**

**लाक्पा शेर्पा वि. नेपाल सरकार (ने.का.प. २०७३, अंक ९, नि.नं. ९६८४)**: "महिलाले महिलालाई जबरजस्ती करणी गर्न सक्ने, कुनै महिलाले नाम, थर, लिङ्ग, हुलिया, ढाँटी धोका दिई नक्कली लोग्ने मानिस भएको अनुभूति दिलाई नक्कली लिङ्ग प्रयोग गरी कसैलाई जबरजस्ती करणी गर्छ भने उसलाई महिला भएकै कारणले उन्मुक्ति दिनु न्यायोचित हुन नसक्ने" ।

समयको गतिसँगै जबरजस्ती करणीसम्बन्धी अवधारणामा निकै परिवर्तनहरू देखा परेका छन् । यौनजन्य कसूर पुरूषले महिला वा बालिका विरूद्ध मात्र गर्छ

भन्ने बुझाइ पुरानो भएको छ । यस्तो कसूर महिलाले महिलाका विरूद्ध पनि गर्न सक्ने र पुरूषले पुरूषका विरूद्ध पनि गर्न सक्ने भएको छ ।

**जाहेरी दरखास्तको सम्बन्धमाः**

**नेपाल सरकार विरूद्ध दिपक तुलसी वाख्यो (नेकाप,२०६३, माघ, नि.नं. ७७७२)**ः जाहेरी दरखास्त यती घण्टा वा दिन भित्र दिई सक्नु पर्ने भनी यान्त्रिक तवरबाट गणना गरी कठोरतापूर्वक निर्धारण गरिने हदम्याद जस्तो विषय होइन ।

**रामहरी लामिछाने विरूद्ध नेपाल सरकार, (नेकाप, २०६८, माघ, नि.नं. ८६९५)**ः जाहेरी दरखास्त घटनाको सम्बन्धमा उजूरी वा प्रथम सूचना भएकोले जाहेरी नै नपरे पनि घटनाको बारेमा जानकारी हुन आएमा प्रचलित कानूनी व्यवस्था बमोजिम प्रहरीले आफै पनि अनुसन्धान गर्न सक्ने अवस्था रहेकोले केवल जाहेरी तुरून्त नदिएको भन्ने मात्र आधारमा अपराधको गाम्भीर्यताको न्यून मूल्याङ्कन गर्न मिल्दैन ।

**जनक श्रेष्ठ विरूद्ध नेपाल सरकार, (नेकाप, २०७३, माघ, नि.नं. ९६९६)**ः लामो समयदेखि श्रृङ्खलाबद्ध रूपमा जबरजस्ती करणी गर्दै आईरहेको अवस्थामा प्रत्येक पटकको कार्य दण्डनीय हुन्छ । यस्तो अवस्थामा पछिल्लो पटकको कसूरको मितिलाई आधार मानी मुद्दा दायर भएकोमा हदम्याद भित्र नै भएको मानिन्छ ।

**डिल्ली स्वाँर समेत विरूद्ध नेपाल सरकार, (नेकाप, २०७५, असार, नि.नं. ९९६९)**ः जाहेरी ढिला पर्दैमा कसूर नभएको भन्न मिल्दैन ।

**मानकुमार थामी वि. नेपाल सरकार (ने.का.प. २०७६, अंक ८, नि.नं. १०३३२)**ः घटनाको तत्कालै जाहेरी नपरेको भन्ने आधारमा मात्र कानूनले निर्धारण गरेको हदम्यादभित्र परेको जाहेरी दरखास्तलाई अन्यथा भन्न नमिल्ने ।

**अनुसन्धानमा भएको कमी कमजोरीको सम्बन्धमाः**

**जनक त्रिपाठी समेत विरूद्ध श्री ५ को सरकार, (नेकाप, २०६२, असार, नि.नं. ७५०७)**ः "अनुसन्धान गर्दा अनुसन्धान अधिकृतले कानून अनुरूप तोकिएको जिम्मेवारी पूरा नगरेको अवस्थामा सचेत गराउन" आदेश दिइएको देखिन्छ ।

**ज्योती लम्साल विरूद्ध नेपाल सरकार (नेकाप २०६७, फागुन, नि.नं. ८५०७)**ः अनुसन्धानकर्ता र अभियोजनकर्ताको लापरबाही, गल्ती, बद्नियत आदि कुनैको पनि स्थान हुन हुँदैन । यदि हुन्छ भने सरकारले त्यसको जिम्मा लिनुपर्ने ।

**सन्दीप नेपाली विरूद्ध नेपाल सरकार, (नेकाप, २०७५, चैत्र, नि.नं. १०१४८)**: "वीर्य परीक्षण गरी आरोपित व्यक्तिको हो वा होइन भनी यकिन गर्नु गराउनु" भनी निर्देशनात्मक आदेश जारी भएको ।

**प्रलोभन दिएर लिएको सहमति सहमति हुन नसक्नेः**

**नेपाल सरकार विरूद्ध यादव प्रसाद घिमिरे (नेकाप, २०७२, वैशाख, नि.नं. ९३३५)**: पीडितको सहमति थियो वा थिएन भनि हेर्न निजको मानसिक अवस्था र परिवेश पनि हेर्नु पर्दछ । पीडितबाट कसरी असहमति व्यक्त हुनुपर्छ, पीडितको असहमति आम समुदायले बुझ्ने गरी नै व्यक्त हुनुपर्छ भन्न मिल्दैन । तसर्थ जागिरको प्रलोभन देखाएर दिइएको सहमति सहमति हुदैन ।

**हाडनातामा जबरजस्ती करणी भएमा सजाय थपी अभियोग लगाउनेः**

**मुकुन्दे लिम्बु विरूद्ध नेपाल सरकार (नेकाप २०७४, साउन, नि.नं.९८७२)**: जबरजस्ती करणीको कसूरमा पीडित हाडनाताकी स्वास्नी मानिस भएमा जबरजस्ती करणीतर्फ छुट्टै र हाडनातातर्फ छुट्टै मुद्धा दायर नगरी जबरजस्ती करणीको कसूरमा हाडनातातर्फको सजायसमेत थपी अभियोग लगाउनु पर्दछ ।

**प्रमाणको मूल्याङ्कन र महत्वः**

**जनक त्रिपाठी समेत विरूद्ध श्री ५ को सरकार, (नेकाप, २०६२, असार, नि.नं. ७५०७)**: पीडितको आचरण र व्यवहार तथा अनुमानका भरमा कसूरदार कायम गर्न मिल्दैन । घटनाको विश्वसनियता पुष्टी हुने आधार र पीडितले आफूले बच्न गरेको प्रयास देखिने वस्तुनिष्ठ आधारमा कसूर प्रमाणित हुने हुन्छ । यस्ता कुराको अभावमा जाहेरी पिडक वा निजको आमा वा नजिकको नातेदारको परेको भन्ने आधारमा मात्र कसैलाई कसूरदार प्रमाणित गर्नु न्याय र कानूनको मान्य सिद्धान्त भित्र पर्दैन ।

**सुव्वा भन्ने धनराज खड्का विरूद्ध नेपाल सरकार, (नेकाप, २०७२, नि.नं. ९३९३)**: प्रतिवादीको अदालतको इन्कारी बयान, जाहेरवाला र पीडितको अदालतको hostile बकपत्रलाई संलग्न अरू प्रमाणले खण्डन गरी सकेको अवस्थामा अभियोग दावीबाट सफाइ दिन नमिल्ने ।

**मदन नारायण श्रेष्ठ विरूद्ध नेपाल सरकार, नेकाप, २०७५, कार्तिक नि.नं. १००५१)**: सुनिजान्ने प्रमाणलाई अन्य प्रमाणहरूले शंकारहित तवरले समर्थित नगरेसम्म त्यसलाई गौण प्रमाणको रूपमा मात्र लिनुपर्ने । जाहेरी दरखास्तलाई पनि अन्य प्रमाणहरूले

समर्थन तथा पुष्टि नगरेसम्म प्रमाणको रूपमा ग्रहण गर्न नमिल्ने ।

**तिर्थलाल राना विरूद्ध नेपाल सरकार, नेकाप, २०७५, कार्तिक, नि.नं. १००६२)**: बयान, बकपत्र, प्रतिवादीहरूको एक अर्कामा गरेको पोल वारदातको तथ्यबीच देखिने बढीभन्दा बढी सामञ्जस्यताको आधारमा तथ्य र सत्य पहिल्याएर नै कसूरदार ठहऱ्याउनु पर्ने ।

**शारीरिक परिक्षण प्रतिवेदनः**

**नेपाल सरकार विरूद्ध वासुदेव सावद (नेकाप २०७४, पौष, नि.नं. ९८७९)**: जबरजस्ती करणीको वारदातको प्रमाणको पहिलो कडी स्वयम् पीडित हो भने अर्को कडी पीडितको शारीरिक परीक्षण हुने ।

**सुव्वा गाउँ तीन (नाम परिवर्तित) विरूद्ध नेपाल सरकार, (नेकाप, २०७४, नि.नं. ९८११) र सन्दीप नेपाली विरूद्ध नेपाल सरकार, (नेकाप, २०७५, चैत्र, नि.नं. १०१४८)**: प्रतिवादीले डर, धाक देखाई वारदात घटाएकोमा पीडक र पीडितबीच संघर्ष नै नहुने र संघर्षको चिह्नहरू नदेखिए पनि जबरजस्ती करणीको कसूर हुने ।

**बलात्कार पछिको विवाहः**

**नेपाल सरकार विरूद्ध नारायण पौडेल खत्री, (नेकाप २०६८, जेष्ठ, नि.नं. ८५६४)**: जबरजस्ती करणी पछि सहमतिमा विवाह भए पनि जबरजस्ती करणीमा पुरूषलाई सजाय हुने ।

**लोक बहादुर कार्की विरूद्ध नेपाल सरकार, (नेकाप, २०७२, जेठ, नि.नं. ९३४६)**: चौध वर्षको नाबालिकासँग विवाह गरी करणी गरेकोमा पनि पुरूषलाई जबरजस्ती करणीमा सजाय हुने ।

**अम्बर बहादुर बोगटी विरूद्ध नेपाल सरकार (नेकाप २०७३, अंक असोज, नि.नं.९६२३)**: जबरजस्ती करणी जस्तो नेपाल सरकार वादी भई चल्ने मुद्धामा पीडितको जाहेरी नै पर्नुपर्छ भन्ने पनि हुँदैन । पीडितले सामाजिक लज्जा, लाग्न सक्ने लाञ्छना, कसूरदारको डर धाक, आफ्नो चेतना स्तर, आर्थिक सामाजिक पारिवारिक स्थिति जस्ता कारणले पनि जाहेरी दिन नसक्ने अवस्था हुने हुँदा जाहेरी नपरी अन्य कुनै किसिमले घटनाको बारेमा थाहा जानकारी भएमा पनि प्रहरीले अनुसन्धान गरी मुद्धा चलाउनु पर्ने हुन्छ । यस्तो अवस्थामा जबरजस्ती करणी जस्तो मुद्धामा हदम्यादको परम्परागत मान्यतालाई कठोरताका साथ अंगिकार गरिरहनु न्यायोचित पनि नहुने ।

**धनपैत सरदार विरूद्ध नेपाल सरकार (२०७४)**: बाह्र वर्ष उमेरकी बालिकासँग मायाप्रेम सम्बन्ध रही करणी गरेको भन्ने जिकीर लिएको,

मुद्धा परेपछि विवाह दर्ता गरेको, लोग्ने स्वास्नी भई सँगै बसेको र विवाह पछि तीन छोरीको जन्म भएको भएपनि जबरजस्ती करणीको कसूर हुने ।

**अनुसन्धान गर्दा ध्यान दिनुपर्ने केही कुराहरूः**

एकातर्फ जबरजस्ती करणी कसूरका पीडितहरू जोखिमपूर्ण अवस्थामा हुने र अर्कोतर्फ झुट्ठा मुद्धा परेको अवस्थामा निर्दोष व्यक्तिले अनावश्यक पीडा भोग्नुपर्ने र पर्याप्त प्रमाण जुटाउन सकिएन भने दोषीले उन्मुक्ति पाउने अवस्था सिर्जना हुने भएकोले अनुसन्धान गर्दा अत्यन्तै संवेदनशील भई निम्न कुराहरूमा ध्यान पुऱ्याउनु पर्दछः

- सिसि टिभि फुटेज, सिडिआर, मेसेज विष्लेषण लगायतका विद्युतीय प्रमाणहरू, साक्षी प्रमाण, शारीरिक परीक्षण लगायत अन्य भौतिक तथा वैज्ञानिक प्रमाण लोप हुन नपाउने गरी घटनास्थल सुरक्षित गर्ने र त्यस्ता प्रमाणहरू संकलन गर्नु गराउनु पर्दछ,
- जबरजस्ती करणीका मुद्धामा कानूनले निश्चित हदम्याद तोकेको र हदम्याद नाघेपछि मुद्धा नलाग्ने भएको हुँदा हदम्याद छ छैन विचार गर्ने,
- पीडित तथा पीडकको परिचयात्मक विवरण खुल्ने सम्बद्ध कुराहरू गोप्य राख्नु पर्ने कानूनी व्यवस्था रहेको र त्यस्ता व्यक्तिहरूको परिचयात्मक विवरण बाहिर आउँदा ती व्यक्तिहरूको भावी जीवनमा नकारात्मक असर पर्ने हुनाले त्यसतर्फ ध्यान दिने, पीडित र प्रतिवादीको उमेर स्पष्ट खुल्ने कागजातहरू मिसिलमा संलग्न गर्ने,
- प्रतिवादीको बयान गराउदा खुलाउन पर्ने कुराहरूको एकिन गरी बयान गराउने,
- जबरजस्ती करणी, यसको उद्योग, यौन दुर्व्यवहार, अप्राकृतिक मैथुन वा बाल यौन दुरूपयोग कुन कसूर हो स्पष्ट भई अनुसन्धान गर्ने,
- अभियोग दावीनै नलिएको विषयमा अदालत बोल्न नमिल्ने हुनाले अनुसन्धान प्रतिवेदनमा उपयुक्त दफाको प्रयोग गर्ने, थप सजाय हुनुपर्ने अवस्था छ भने सो तथा क्षतिपूर्तीको दाबी लिन नछुटाउने,
- क्षतिपूर्तिको दावी गर्दा प्रतिवादीको सम्पत्ति विवरण समेत उल्लेख गर्ने,
- पीडित र पीडकका अधिकारहरूको सम्मान गर्ने,
- आवश्यक परेमा साक्षीको संरक्षण र सुरक्षाको प्रबन्ध गर्ने व्यवस्था मिलाउने,
- कसूरको अनुसन्धान र अभियोजन सम्बन्धमा निजले माग गरेका आवश्यक सूचना प्रदान गर्ने,
- पीडित, घटना विवरण कागज गर्ने

व्यक्ति वा अन्य सरकारी साक्षीबाट सत्य कुरा बोल्न प्रोत्साहित गर्ने ।

- मुद्धा जित्ने उद्धेश्यले अनुसन्धान अधिकारीले पीडित तथा साक्षीलाई मुद्धाको पक्षमा बोल्न प्रोत्साहित गर्ने गरेको भन्ने आरोप लाग्ने गरेको सुनिन्छ । अनुसन्धानकर्ताले कहिले पनि मुद्धा जित्ने उद्धेश्यले वा हार्ने उद्धेश्यले झुट्ठा कुरा बकाउन प्रोत्साहित नगरी सत्य कुरा पत्ता लगाउने तर्फ प्रयत्नशिल रहने,
- प्रतिवादीको बकपत्र आफ्नै उपस्थितमा निजले जे भन्छ फरक नपर्ने गरी गराउन सरकारी वकिलसँग समन्वय गर्ने,
- पीडित अशक्त, अपाङ्गता वा अस्वस्थ, गर्भवती, होस ठेगानमा नभएको अवस्था पुष्टी हुने प्रमाण मिसिलमा राख्ने ।
- सामूहिक रूपमा वा हाडनातामा जबरजस्ती करणी भएमा सो पुष्टि हुने प्रमाण संकलन गर्ने ।
- करकाप, अनुचित प्रभाव, डर त्रास र झुक्यानमा पारेको अवस्था र परिस्थिति भएमा सो खुल्ने प्रमाण समावेश गर्ने ।
- अपराधको मनसाय, कारण र उद्धेश्य खुलाउने ।
- घाउचोट र स्वास्थ्य परीक्षण प्रतिवेदन संलग्न गर्ने ।
- थप सजायको दावी लिनुपर्ने अवस्थाको घटना भए थप सजायको दावी लिने ।
- भौतिक एवं चिकित्सकीय प्रमाण संकलनमा जोड दिने ।
- लैंगिक संवेदनशिलता र ढिलो कानूनी प्रक्रियाका कारण पीडित पुनः पीडित हुन सक्ने तर्फ सचेत हुने ।
- बालविवाह पछि जबरजस्ती करणी, साइवर अपराध पछि जबरजस्ती करणी, ठगी र मानव बेचबिखन ओसारपसार पछि जबरजस्ती करणी हुने जस्ता अपराध जोडिएर आएकोमा सबै अपराधमा अलग अलग सजायको मागदावी लिने ।
- विवाह गर्छु भनी आश्वासन दिई लिइएको सहमति, लिभिङ टुगेदरमा बसेकोमा शर्त उल्लङ्घन गरी छाडेको अवस्था, जागिर वा विदेश पठाउने प्रलोभन दिई लिइएको सहमति, प्रेम सम्बन्ध असफल भए पछि भएको धोका पाएको कारण पनि जबरजस्ती करणी मुद्धा दायर गर्ने गरेको पाइएकोले यस्ता अवस्था झुक्यान हुन होइनन् भन्ने पुष्ट्याई हुने प्रणाण संकलन गर्नुपर्दछ ।
- कतिपय मुद्धामा झुट्ठा उजूरी गर्ने र पछि पीडितले अदालतमा बकपत्र गर्ने क्रममा विपरीत बकपत्र गर्ने र पीडित भनिएको व्यक्तिलाई नै

अदालतले सजाय गर्ने गरेको पनि देखिएकोले उजुरीकर्तालाई मुद्धाको परिणामको सम्बन्धमा सुरूमै जानकारी गराउँदा झुट्ठा मुद्धा पर्ने सम्भावना कम हुन्छ । पिडकको डर त्रास, दबाब र प्रभावमा परी पीडितले विपरीत बकपत्र गर्न सक्ने तर्फ समेत अनुसन्धानकर्ता सजग हुनुपर्दछ ।

**निष्कर्षः**

महिलालाई इच्छाविपरीत अनतिक्रम्य शरीरको पवित्रताको अपहरण गरी जबरजस्ती करणी गर्नु कानून विपरीत मात्र नभई गम्भीर एवम् जघन्य अपराध पनि भएकाले सभ्य मानव समाजले यस्तो कार्यलाई नैतिकता विहीन कार्य मान्दछ । यस्तो नैतिकता विपरीतको कार्यलाई नै नैतिक पतन देखिने फौजदारी अपराध मान्नुपर्ने हुन्छ । नेपालमा जबरजस्ती करणीका घटनाहरू दिनप्रतिदिन बढ्दै गईरहेकोले त्यसको न्यूनिकरणमा निकै चुनौती देखिएको छ । मुलुकी अपराध संहिता, २०७४ मा बिगतको सजायको तुलनामा वृद्धि गरिएको भएता पनि कसूरको संख्या घट्नुको सट्टा झनझन बढ्दै गइरहेको देखिन्छ । जबरजस्ती करणीको कसूर अदालतमा दायर गरेर मात्र पीडित सन्तुष्ट हुने होईन, पीडितले न्याय पायो पाएन भन्ने विषय महत्वपूर्ण हुन्छ । कसूर ठहर हुने वा नहुने र पीडितले न्याय पाउने वा नपाउने भन्ने कुरा अनुसन्धानमा भर पर्दछ । अदालतले गर्ने फैसला अनुसन्धानमा भर पर्ने भएकोले अनुसन्धानमा कमिकमजोरी हुनु हुँदैन । जबरजस्ती करणी कसूरको अनुसन्धान र अभियोजन गर्दा एकातर्फ महिलाको संवेदनशिलता माथि गम्भीर ध्यान पुऱ्याउनु पर्छ भने अर्कोतर्फ यस्ता कसूरमा झुट्ठा मुद्धा पनि उत्तिकै देखिएकोले निर्दोषलाई मुद्धा मामिलाबाट बचाई निजको इज्जत प्रतिष्ठाको समेत ख्याल गरिनु पर्दछ । अनुसन्धानकर्ताले जाहेरीमा उल्लेख भएको व्यहोरालाई सत्य साबित गराउन प्रमाणको सिर्जना गर्ने होइन, सधैं तटस्थ भई सत्य पत्ता लगाउने उद्धेश्यबाट प्रेरित भई प्रमाण संकलन गर्नु पर्दछ । नेपालमा जबरजस्ती करणी सम्बन्धी कसूरमा पछिल्लो दिनमा सजायमा निकै धेरै वृद्धि गरिएकोले त्यस्तो कसूर ठहर गर्न पीडित तथा अनुमानको भरमा बोल्ने साक्षीको भनाई मात्र होइन भौतिक एवं चिकित्सकीय प्रमाण संकलनमा जोड दिनु आवश्यक छ । समाचार माध्यम, सामाजिक सञ्जाल, सडकमा उठेका आवाज वा गैरसरकारी संस्थाको अपेक्षा, लोकप्रियताको आकांक्षा वा यस्तै कुनै पनि बाहिरी प्रभावबाट मुक्त भई वैज्ञानिक एवम् भौतिक प्रमाणमा जोड दिनु पर्ने आवश्यक छ । ♦

निबन्ध

# लाहुरे रेडियो



✍ **देवकी के.सी**

गाउँमा कतै रेडियो नहुँदा हजुरबाले घरमा रेडियो ल्याउनु भएको थियो । त्यतिबेला भारत तिर काम गर्न जानेलाई लाहुरे भन्ने चलन थियो । यधपि त्यो लाहुरे शब्द घर छाडेर परदेशिनेहरूलाई अहिले पनि भन्ने चलन छ । हजुरबा पनि भारतिय पुलिस गाउँभरि लाहुरे भनेर उहाँको शाननै बेग्लै थियो । त्यहिबेला उहाँले रेडियो ल्याउँदा गाउँभरि हल्ला चलेको थियो रे लाहुरेको घरमा रेडियो ल्याको छ भन्दै । अझै रेडियो भन्न नजानेर कतिपयले त अप्ठ्यारोसँग रिड्डु ,रिडी पनि भन्थे रे । त्यो पनि भन्न नजान्नेहरू लाहुरेका घरमा खोई के त्यो बज्ने भाँडो ल्याको छ रे, त्यसभित्र त धेरै मान्छे बस्छन रे बेलाबेलामा कसैले गित गाउँछन् रे, कसैले समाचार भन्छन् रे भन्दै मेलापात जतातत‍ै लाहुरे रेडियोको चर्चा थियो रे ।

त्यतिबेलाको समयमा त्यो रेडियो भन्ने भाँडो गाउँलेहरूको लागि सबैभन्दा आश्चर्यजनक चिज थियो । घरमा रेडियो ल्याएपछि ठुलो पारेर बजाउनु हुन्थ्यो रे आमा अझैपनि बारम्बार घरमा रेडियो छँदाका त्यो दिन सम्झना गर्नुहुन्छ । भन्नेनै हो भने घरमा कसैले पनि बोलेको नसुनिने गरि रेडियो चर्को आवाजमा बजाउने गरिन्थ्यो रे । बुहारीलाई एउटा पेटिकोट नकिदिने र आङको चोलो दस ठाउँमा च्यातिदा पनि टालेर काम चलाउने जमानामा पनि हजुरबाले भने त्यो रेडियोमा भने फोहर नलागोस् भनेर मलमलको कपडाले छोप्नु हुन्थ्यो रे । घरमा रेडियो बजेता पनि बुहारीलेचाहिँ कान थापेर रेडियो सुनेर बस्न नपाइने रे । यदि बुहारीले रेडियो सुनेर बसेको चाल पाए बुहारी भएर रेडियो सुन्ने लाज छैन भन्दै हर्पार्ने आफूचाहि आरामसँग रेडियो सुन्ने गर्थे रे । केटाकेटीले पनि काम धन्दा र खेल्नै छाडेर रेडियो सुने सारै नराम्रोसँग गाली खानुपर्ने कुरा आमाले अझैसम्म पनि भन्ने गर्नुहुन्छ ।

एकपल्ट मामाको बिहेमा

गाउँघर सबैलाई देखाउन पऱ्यो रेडियो भनेर हजुरबा आफै मामाको बिहेमा रेडियो बोकेर जानु भएको थियो रे । खोई त्यतिबेला किन हो कुन्नि रेडियोको आवाज सानो आयो रे भन्दै मानिसहरूले घिउका टिन जसलाई सफा गरेर गाउँघरतिर अन्नपात भर्ने काममा प्रयोग गरिन्छ त्यसलाई ढ्वाङ पनि भनिन्छ । हो त्यसैमा राखेर बजायो भने रेडियो जोडले बज्छ रे भन्दै ढ्वाङभित्र राखेको कुरा आमाले बताउँदा मलाई अहिले पनि पेट मिचिमिचि हाँस्न मन लाग्छ ।

हजुरबाको भनाई अनुसार त्यो रेडियो अहिलेको नेपालीहरूको औसत आयु भन्दा पनि ज्यादा थियो । पछि त्यो लाहुरे रेडियो भन्दा पनि धेरै एफ एम बज्ने नयाँ ब्रान्डेड मोडेलका रेडियोहरू आए । त्यो लाहुरे रेडियो भन्दा पछि घरमा किनेको धेरै एफएम बज्ने रेडियोहरू बिग्रेर कवाडी भएको थियो । त्यसपछि घरमा किनेको ब्ल्याक एण्ड ह्वाइट टेलिभिजन पनि बिग्रेर बनाउने झन्झटले कवाडी भएर एफएमवाला रेडियोसँगै बाहिर मिल्काइएका थिए ।

बाहिर फालिएका टेलिभिजन र एफएम रेडियोको हालत देखेर आमाले बेलाबेलामा भन्नुहुन्थ्यो घरमा रेडियो आउँदा दसैं आए जस्तो लाग्थ्यो टेलिभिजन घरमा ल्याउँदा त अझ हर्षको सिमानै थिएन । पुरै गाउँनै उल्टेर टेलिभिजन हेर्न आफ्नो घरमा आउँथे । त्यतिबेला तिम्रो हजुरबाले घरमा टेलिभिजन हेर्न आउने जति सबैलाई मकै छोडाउन लगाउनु हुन्थ्यो कसैले मकै छोडाउन अटेर गरे बेस्सरी हप्काउनु हुन्थ्यो रे । टेलिभिजनमा आउने रामायणमा राम, सीताको भूमिकामा देखिने पात्रहरू टेलिभिजनमा आउँदा कसैले टेलिभिजनतिर पैताला देखाएर बसे भगवानलाई लात्ता लाग्छ भनेर हजुरबा सारै रिसाउनु हुन्थ्यो रे ।

घरका ती ब्ल्याक एण्ड ह्वाइट टेलिभिजन बिग्रिएपछि रङ्गिन टेलिभिजन किनियो । बिस्तारै घरमा इन्टरनेट, कम्प्युटर, ल्यापटप सबैको सुविधा भयो । सबैका हातमा मोबाइल भयो त्यसपछि त हजुरबाको लाहुरे रेडियो त ओझेलमा पर्न थाल्यो । हिजोको दिनमा बुहारी भएर रेडियो सुन्न नपाउने जवानामा आज बुढी हुँदा पनि आमाको हातमा मोबाइल छ । अक्षर चिन्न नसके पनि मोबाइलमा आएको फोन उठाएर कुरा गर्न सक्नुहुन्छ आमा । कहिलेकाहिँ दिदीहरूसँग भिडियो कलमा कुरा गर्दा आमा निकै रमाउदै भन्नुहुन्छ कोठाबाट अनुहार हेर्दै बोल्न पाइने यो कस्तो जमाना आयो । बाँच्नु मात्र पर्दो रहेछ के के देखिन्छ के के ? आमाले विगतमा भोगेको अनुभव सुनाउँदा आफूलाई कतै

असह्य पीडा हुन्छ, कतै पेट मिचिमिचि हाँस्न मन लाग्छ । कतै हजुरबासित पनि बेजोडले रिस उठेर आउँछ । तर ती विगतलाई सम्भेर रिसाउनु र खुसी हुनुको के अर्थ भो र ?

मैले स्नातक पढ्ने बेलासम्म पनि हजुरबाको त्यो लाहुरे रेडियो घरमा बज्ने गर्दथ्यो । पहिलेको जस्तो घरका सबैले त्यो लाहुरे रेडियोलाई चासो नदिए पनि हजुरबा भने एक्लै भएपनि त्यो रेडियो सुन्ने गर्नुहुन्थ्यो । रेडियोलाई पनि मलमलको कपडाले छोप्न छाडेको थिएन । हजुरबा प्यारालाइसिसले थला परेपछि त्यो रेडियो पनि बिग्रेर बज्न छाडेको थियो । मैले थाहा पाएदेखि एकपल्ट पनि नबिग्रेको त्यो रेडियो हजुरबा थला पर्ने बित्तिकै बिग्रन थालेको थियो । सायद त्यसलाई पनि हजुरबालाई जस्तै बुढ्यौलीले छोयो होला ?

आफू थला पर्दा पनि हजुरबाको कान त्यो रेडियोको आवाज सुन्न निकै तड्पिन्थ्यो । त्यो रेडियो बनाउनु पर्‍यो भनेर थुप्रै रेडियो मर्मत पसल अर्थात रेडियो हस्पिटल धाए तर कसैले पनि त्यसको उपचार गर्न सकेनन् कारण प्रविधिहरू दिनदिनै परिवर्तन हुँदै जाँदा त्यो पुरानो जमानाको रेडियोको मर्मत गर्न सामग्रीनै नपाउने । जहाँ पनि उही जमानाको रेडियो रैछ यति पुरानो सामान पाइदैन भनेर जवाफ पाइन्थ्यो ।

अन्त्यमा एउटा असाध्यै नाम चलेको रेडियो मर्मत गर्ने ठाउँमा हजुरबाको त्यो लाहुरे रेडियो बोकेर पुगे । त्यो रेडियो मर्मत गर्ने डाक्टरले उल्टै त्यो पाखे जमानाको रेडियो रैछ अहिलेको आधुनिक जमानामा पनि त्यो पुरानो सामान कहाँ पाइन्छ र, यो त सामान कतै पाइन्न, बन्दैन अब यो रेडियो भनेर जवाफ फर्कायो ।

मलाई रेडियो नबनेको भन्दा पनि त्यसले पाखे जमानामा रेडियो भनेको सुनेर सबैभन्दा बढी रिस उठ्यो । यसै विषयलाई लिएर मैले पसेलेसँग निकै बेर सवाल जवाफ पनि गरे । के तपाईंको विचारमा पुरानो मोडेलको सामान प्रयोग गर्ने जति सबै पाखे हुन् । बजारमा अहिले आएका आधुनिक भनौदा नयाँ सामानहरू किनेको हप्ता दिन नहुँदै कवाडी हुन्छन् के त्यो चाहिँ तपाईंको लागि सबैभन्दा उत्कृष्ट हो । पुराना जमानाका सबै पाखे हुने भए के तपाईंलाई जन्मदिने आमाबुबा र तपाईं जन्मेको माटो पनि पाखे हो ? मेरो प्रश्नको जवाफ दिन नसकेर अहिलेको पुस्ताको नाम चलेको रेडियो मर्मत गर्ने पसले रातोपिरो भयो । म रेडियो बोकेर त्यसको अनुहार पनि नहेरी बाहिर निस्के ।

जसरी थला परेर हजुरबा घरको

एउटा कोठामा थन्किनु भयो । त्यो उहाँको लाहुरे रेडियो पनि कुनै एउटा कुनामा त्यसै थन्कियो । पछि इलेक्ट्रिकल पढ्ने भाइबहिनीहरूले त्यसलाई चिराफार गर्दै आफूलाई काम लाग्ने सामान झिके क्यारे त्यस पछि त जीवनभर मलमलको कपडा ओढाएर राखेको त्यो रेडियो पनि प्यारालाइसिस भएर सधैंको लागि कता पो थन्कियो कुन्नि ?

तर जे होस् गाउँमा कुनै संचारको स्रोत नहुँदा पनि हजुरबाको लाहुरे रेडियोमा सुनेको बाइरोडको बाटोमा धुलो उडाउँदै, बाबरी फूलको बोट आयो झम्काउदै झम्झम् इस्टकोट, आमा रूदै गाउँवेशी मेलैमा छोरो रूदै गोरखपुर रेलैमा भन्ने गीतको चाहिं निकै सम्झना आउँछ आजसम्म पनि । त्यतिबेला बाइरोडको बाटो, गोरखपुर भन्ने कहाँ हो भन्ने थाहा नपाउँदा पनि सुनेको त्यो गीत सम्झदा अहिले पनि हजुरबाको त्यो लाहुरे रेडियो अझै घरको एउटा कुनामा बजिरहेको भान हुन्छ । ♦♦♦

## मुक्तक



✍ **सह-प्रा.उपेन्द्र पौडेल**

धन भन्दा मन ठूलो हो, दिएर त हेर ;
आफूले नि अरूको विश्वास, लिएर त हेर ।
दुई दिनको जिन्दगीमा छल कपट किन ?
मित्रता र प्रेमको अमृत पिएर त हेर ।।

बेथितिहरू उपभोगवादी संस्कारको, कारणले पो हो कि !
देखावटीमै रमाउने बानी, विचारको धारणले पो हो कि !
स्वार्थीपनको विकास भयो अचेल, युज एण्ड थ्रो मात्र;
मानवीय मूल्य मान्यताको, द्रुत क्षरणले पो हो कि !

अन्न, तरकारी मात्र होइन, मन पनि रासायनिक भएछ अचेल ;
मायाँ, प्रेम त आत्मैदेखि हुनु पर्ने तर देखावटी हुँदै गएछ अचेल ।
अर्गानिक केही छैन छक्का, पन्जा र षड्यन्त्र मात्र छ जेमा पनि ;
स्वरूप मानवको भए पनि ऊ भित्र दानवी चरित्र पलाएछ अचेल ।।

# प्रजातान्त्रिक मूल्य र मान्यतामा सहिद र आजको सन्दर्भ



✍ **बद्रीप्रसाद ढकाल**

**'हुँदैन बिहान मिर्मिरेमा तारा भरेर नगए बन्दैन मुलुक दुईचार सपुत मरेर नगए'**

'सहिदको सम्भनामा' कवितामा कवि भूपि शेरचनद्वारा रचित माथिका पंक्तिले देशमा स्वतन्त्रता प्राप्तिका लागि सहादत प्राप्त सहिदको मूल्याङ्कन गर्दै देशका लागि जिउज्यान अर्पण गर्ने सहिदको सम्मान व्यक्त गरेको छ । नेपालको स्वतन्त्रताका निम्ति भएका २००७ साल देखि २०६२/६३ लगायतका विभिन्न आन्दोलनमा लामबद्ध भएर बलिदान गर्नेहरूको हामीसँग गौरवशाली इतिहास छ । निरङ्कुश शासकका विरूद्ध हजारौं नेपालीले वीरतापूर्ण र बलिदानीपूर्ण सङ्घर्ष गरेका थिए । राष्ट्रियता, जनतन्त्र र जनजीविका तीनवटै आन्दोलनमा नेपाली जनताले इतिहासदेखि नै निर्भयपूर्वक लडेर बलिदान गरेका छन् । नेपाललाई स्वतन्त्र, अविभाज्य राख्न नालापानीदेखि सिन्धुलीगढीसम्मका लडाइहरू चर्चित छन् । राजनीतिक रूपमा सङ्गठित भएर देशी–विदेशी अन्याय, शोषण र दमनका विरूद्ध सङ्घर्ष गर्ने र बलिदान गर्ने गौरवशाली इतिहासको आरम्भ भने नेपालका प्रथम सहिद लखन थापाले नै सुरू गरेका हुन् ।

प्रजातन्त्रको कुरा गर्दा जहाँनिया राणाशासनको निरङ्कुशताको विरूद्ध वि.सं १९९० मा शुक्रराज शास्त्रीको नेतृत्वमा केदारमान व्यथित, गंगालाल श्रेष्ठ, मुरलीधर शर्मा, आनन्दराम लगायत एक्काईस जना व्यक्ति मिली नेपाल नागरिक अधिकार समिति स्थापना गरेका थिए जसको एकमात्र उद्धेश्य नेपालमा प्रजातन्त्र स्थापना गर्नु थियो । नेपालको स्वतन्त्रताका निमित्त भारतीय स्वतन्त्रता सङ्ग्रामका नेता महात्मा गान्धी र सुवासचन्द्र बोससँग भेटघाट गरेका थिए । यही नागरिक अधिकार समितिले राणाशासनको विरूद्ध वि.सं.१९९५ साल मङ्सिर महिनामा इन्द्रचोकमा राखेको सभामा शुक्रराज शास्त्रीले नजरबन्द

तोडेर भाषण गरे । त्यस सभामा गङ्गालाल श्रेष्ठले पनि जनताले अधिकारका निम्ति लड्नुपर्ने कुरा बोलेका थिए । सभामा देशको राजनीतिक, आर्थिक एवम् सामाजिक अवस्थाको विश्लेषण गर्दै राणाशासनको विरोध गरिएको थियो । यसै कारणले शुक्रराज शास्त्रीलाई तीन बर्से काराबासको सजाय भएको थियो ।

केवल आफ्नै सुख स्वार्थ र पारिवारिक मोजमा लिप्त राणहरूले जनताका हक र अधिकारका बारेमा कहिल्यै सोचेनन् । राणाशासनको अन्याय, अत्याचार र दमनको सर्वत्र विरोध गर्न त्यो समयमा निरङ्कुश राणाशासनको अन्त्य गरी सम्पूर्ण अधिकार जनतामा हस्तान्तरण गर्न त्यतिबेलाका युवाहरू गुप्त रूपमा एकजुट भएका थिए । समाज सुधारका प्रयत्नहरूभन्दा अगाडि बढेर क्रान्तिको शङ्खघोष गर्ने राजनीतिक पार्टीका निम्ति सचेत युवा तथा विद्यार्थी समुदायले त्यतिबेला जोडदार ढङ्गले पहल गरेका थिए । त्यतिखेरका युवाहरू राणाविरोधी भावनाले ओतप्रोत भएका थिए । राणाहरूको अमानवीयता र अत्याचारका कारण व्यापक असन्तुष्टि र विरोध हुन थालेको थियो । युवा विद्यार्थी आन्दोलनले सङ्गठित आन्दोलनका रूपमा नेपाल प्रजापरिषद्को स्थापना भएको देखिन्छ । १९९३ साल जेठ २२ गते धर्मभक्त माथेमाकी फुपूको झोछें ओमबहालस्थित घरमा टङ्क प्रसाद आचार्य, दशरथ चन्द, धर्मभक्त माथेमा, रामहरि शर्मा, र जीवराज शर्मा भेला भएर नेपाल प्रजापरिषद् नामक राजनीतिक पार्टी स्थापना गरे जसको एउटै उद्धेश्य नेपालमा राणाशासनको अन्त्य गरी अन्याय, अत्याचार र दमनको अन्त्य गरी सम्पूर्ण अधिकार जनतामा स्थापित गर्नु थियो । गुप्त रूपमा स्थापित प्रजा परिषद्को मुख्य ध्येय राणाशासनको अन्त्य गर्नु, प्रजातन्त्र र जनअधिकारको बहाल गर्नु नै हो भन्ने कुरा उक्त पार्टीको प्रतिज्ञापत्रमा उल्लेख गरिएको छ ।

प्रजापरिषद्लाई तत्कालीन राजा त्रिभुवनबाट पनि सहयोग भएको कुरा उल्लेख भएको पाइन्छ । तर प्रजापरिषद्का कार्यकर्ताहरूलाई दण्ड सजाय र फाँसी दिँदासमेत राजा त्रिभुवनले कुनै प्रतिक्रिया देखाउन सकेनन् त्यो उनको बाध्यता थियो की थिएन त्यसको उठान इतिहासले कहिल्यै गर्न सकेन तर देशको प्रमुख भएका नाताले प्रतिवादको सट्टा उल्टै पञ्जापत्र नै गरेका थिए । त्यो एउटा प्रतिक्रियावादी अवसरवाद रहेको प्रगतिशील पक्षधर इतिहासकारहरूले उल्लेख गरेका छन् ।

नेपालको प्रजातान्त्रिक आन्दोलनमा बलिदानी दिने ती महान् सहिद जो राणाशासन, पञ्चायती व्यवस्था तथा राजतन्त्रले दिएको

लोभलालचमा कहिल्यै फसेनन् र डर धाकमा कहिल्यै दबेनन् । तिनका योगदानको मूल्याङ्कन आजसम्म हुन सकेको छैन् देशका लागि ज्यानको सहादत दिन लागि परेका ती युवाले आफ्नो निष्ठामा अडिग भई ठाडो शिर लगाएर बरू मृत्युलाई रोजे तर पछाडि हटेनन् । उनीहरूकै बलिदानबाट देश स्वतन्त्र भयो र आज हामी निर्भिकता पूर्वक बोल्न, विचार राख्न स्वतन्त्र छौं । आजको स्वतन्त्रताका लागि पहिले आवाज उठाउने तिनै व्यक्तिमध्ये कतिले आजीवन कारबास र सर्वस्वहरणको सजाय पाए, कतिले मृत्युदण्ड पाए । निरङ्कुश राणाशासनमा जनताका छोराछोरी रैती वा प्रजाका रूपमा रहँदा तिनमा विद्रोहको भावना उब्जेको थियो भन्न सकिन्छ । उनीहरूको दृष्टिमा आम जनता हामीले जति पढे पनि खरदार सुब्बाभन्दा माथिको पद प्राप्त गर्न सक्दैनौं पाए पनि त्यही राणाशासकहरूको निगाहामा बाँच्नुपर्छ भन्दै त्यसैले कि स्वतन्त्रता प्राप्ति कि जीवन बलिदान दिने यी दुई भन्दा अरू विकल्प छैन भनि युवाहरू भित्रीरूपमा एकजुट भई प्रजापरिषद् गठन गरी राणा विरूद्ध उभिएका थिए । त्यसैक्रममा चार सहिद शुक्रराज, धर्मभक्त, दशरथ चन्द र गंगालाल एकै ठाउँमा उभिएका थिए । सहादत भन्ने कुरा उमेरले होइन देशप्रतिको जिम्मेवारीले हुन्छ भन्ने कुराको उदाहरण त्यतिबेलाका समयका उमेरले सबैभन्दा कान्छो भएर पनि गंगालालले आफूलाई कहिल्यै कमजोर देखाएनन् र निरङ्कुश राणाशासनका विरूद्ध विद्रोह गरेर फाँसीमै झुण्डिन तयार भए । यसरी देशलाई स्वतन्त्रता र प्रजातन्त्रको आन्दोलनमा लड्दालड्दै मृत्युवरणमा पुग्ने वा जीवन आहुति दिने व्यक्तिलाई अमर सहिद भनिन्छ भन्ने कुरालाई प्रमाणित गरेरै छोडे ।

देश र नागरिक अधिकार प्राप्तिका लागि आफ्नो ज्यान बलिदान गर्ने अर्थ बहन गर्ने शब्द 'सहिद' शब्द अरबी मूलबाट भारतीय साहित्य हुँदै नेपाली भाषामा भित्रिएको आगन्तुक शब्द हो । सहिदका विषयमा राजनीतिक शब्दकोश (शिवाकोटी, २०७०: १०८२) मा 'आफ्नो देश, संस्कृति र अस्तित्वको संरक्षणको तथा स्वतन्त्रताको प्राप्तिका निम्ति, मानव हित र सिद्धान्तका लागि, प्रगति र विकासका लागि बलिदानी दिएर लोकहितमा लाग्ने व्यक्तिलाई सहिद भनिन्छ भनिएको छ । कुनै पनि देशमा आमूल परिवर्तनका संवाहक बनेका सहिदको त्याग र बलिदानबाट मात्र स्वतन्त्र भएको इतिहास छ । सहिदको बलिदानबाट नै मुलुकमा परिवर्तन हुन्छ । त्यसैले सहिदलाई परिवर्तनका संवाहकका रूपमा समेत लिइने गरिन्छ । सहिद आफ्नो

उद्धेश्यका लागि बलिदान दिन पनि तयार रहन्छ ।

वि.सं. १९९७ मा राणा शासन विरूद्ध भएका चार जना सहिद तथा त्यसपछिका विभिन्न आन्दोलनमा भएका सहिदको रगत र बलिदानले नै नयाँयुग प्रारम्भ भएको पाइन्छ । पञ्चायती व्यवस्था र पछि राजतन्त्रका विरूद्ध आन्दोलन गर्दा धेरै सपुतहरूले देशका निमित्त सहादत प्राप्त गरे तर पछिल्लो समयमा राज्यले जुन र जस्ता व्यक्तिलाई सहिद घोषणा गऱ्यो, त्यसले सहिदको उचित परिभाषा विपरीत रहेको छ । जे जस्तो कारणले मृत्युवरण गरे पनि सहिदको उपमा दिएका कारण वास्तविक सहिदको अपमान भएको देखिन्छ । आफ्ना उद्धेश्यका लागि बलिदान दिनेलाई सहिद मान्नुपर्नेमा आपसी झगडा र दङ्गा फसादमा मारिने समेतलाई गरेर लगभग छ हजारभन्दा बढीलाई सहिद घोषणा गरिनुले असल सहिदप्रति अन्याय र सहिद शब्दको परिभाषामा नै विचलन वितृष्णा आएको देखिन्छ । उद्धेश्य एकातिर हुँदाहुँदै जनताको पक्षमा बलिदान दिनुलाई सहिद मान्नुपर्नेमा अहिले दुर्घटनादेखि भिडन्तमा परेर बिना उद्धेश्य मारिएकालाई समेत सहिद मानिनु र घोषणा गरिनु र घोषणा गरेका जतिलाई क्षतिपूर्ति दिने कामले सहिदको बिक्री भएको र रूपैयाँ पैसामा मूल्य निर्धारण हुन जानुले सहिदप्रतिको धारणा सामान्य बन्दै गएको छ ।

देशका लागि जिउज्यान दिएका अमर सहिदहरूको सम्बन्धमा बारेमा खोज्दा र लेख्दा सहिद को हुन ? किन सहिद हुन्छन् ? र सहिद भएर उनीहरू र उनीहरूका परिवार र सन्तानले के पाउँछन् ? सहिदहरूको वलिदान के हो ? भन्दा साँचो अर्थमा तानाशाह, अन्याय अत्याचार तथा निरंकुशताको विरूद्ध जनताको पक्षमा उनीहरूको स्वतन्त्रता, मानव अधिकार र मुलुकको सार्वभौम स्वतन्त्र अस्तित्वको लागि अदम्य उत्साह, निस्वार्थ भाव, त्याग, तपस्या र बलिदानका उदाहरण हुन् भनिन्छ ।

नेपाल मात्र होइन विश्वका धेरै मुलुक आन्तरिक तथा बाह्य औपनिवेशबाट मुक्त हुन तथा स्वतन्त्र अस्तित्व बचाउन औपनिवेशिक शासन व्यवस्थाबाट मुक्ति पाउन नागरिक आन्दोलन वा विद्रोह भएको छ । निरङ्कुश शासकका कारण आफ्नै मुलुकभित्र विकसित भएको जहानियाँ, वंशीय वा सैनिक शासनलाई उल्टाउन सत्याग्रह, निशस्त्र तथा शसस्त्र आन्दोलन भएका छन् । नेपालको राजनैतिक परिवर्तनको इतिहास पनि यस्तै वीर सपुतहरूको कथा, व्यथा र बलिदानले भरिपूर्ण छ । हुन त केही वर्ष देखि सहिदहरूको पहिचानको

परिभाषा र व्याख्यामा प्रशस्त विकृति र विचलन आएको पाइन्छ तापनि आखिर सहिदको मूल्य र ऐतिहासिक तथ्य र सत्य भनेको सत्य नै रहन्छ र जुन साधारणले पनि को सहिद हुन् वा होइनन् भन्ने कुरामा आ-आफ्नो विवेकको प्रयोगबाट छुट्याउन सक्छन् भन्ने कुरामा हामी विश्वस्त रहन्छौ । नेपालका लागि विभिन्न समयमा स्वतन्त्रताका लागि भएका नेपालको प्रजातान्त्रिक आन्दोलनका घटनाक्रमलाई केलाउँदा जहानियाँ पारिवारिक निरङ्कुश राणाशासनमा नेपाली समाज विकासको क्रम अवरूद्ध रहेको पाइन्छ । १०४ वर्षसम्म उनीहरूको प्रत्यक्ष शासनले शिक्षा, स्वास्थ्य, यातायात, कृषि विकास र रोजगारीको बढाउनको लागि अन्य विकल्पको रूपमा व्यापार र औद्योगिक विकास जस्ता कुराहरू अवरूद्ध रहेका थिए । राज्यको सम्पत्ति तथा कर उनीहरूकै मोजमस्ती र पारिवारिक सुख सुविधाका लागि मात्र खर्च गरिन्थ्यो । राष्ट्रको सम्पूर्ण आयश्रोत र साधन राणा परिवारको पृष्टपोषणमा खर्च हुने गरेको ऐतिहासिक तथ्य हामी माझ छदैछ । केवल देखावटी रूपमा मात्र केही विद्यालय तथा अस्पताल त्यो पनि आफ्नै परिवारका निम्ति स्थापना गरिएका थिए । केही उद्योगहरूको स्थापना विदेशी दाताहरूको सहयोगमा भएको थियो । नेपाली समाजमा जातभात, वर्ण व्यवस्था र शासकको स्वेच्छाचारी विचारमा जातीयता र साम्प्रदायिकतालाई धार्मिक मान्यताको आधारमा कानूनी संरक्षण दिइएको अवस्था थियो । निजामति प्रशासन, सैनिक र प्रहरीमा सबै ठूला पदहरू आफ्नै आफन्त तथा भाइ भारदारहरूलाई बाँडिएको थियो । ब्रिटिस साम्राज्यको औपनिवेशीक शासनमा रहेको भारत र ब्रिटेनबाहेक अन्य मित्र तथा दातृ राष्ट्रहरूसँग कुटनैतिक सम्बन्धको विस्तार भएको थिएन । अन्य औंलामा गन्न सकिने केही मुलुकहरू जस्तैः फ्रान्स, इटाली, नर्वे स्वीडेनसँगको सम्बन्धलाई केवल विभूषणको आदानप्रदानमा मात्र सिमित भए । भूपरिवेष्ठित र विश्व समुदायबाट उपेक्षित नेपालले विकासको गतिमा पाइलासम्म पनि चाल्ने प्रयास भएन र अरू देश विकसित भइसक्दा पनि प्राकृतिक सम्पदा, कला र संस्कृतिले धनी देश नेपाल अँध्यारोमै थियो भने यहाँका नौजवानहरू अन्य देशका सैनिक बनेर अगि बढ्दै थिए ।

पहिलो र दोस्रो विश्वयुद्धमा नेपाली गोर्खाली वीरहरू अरूकै लागि मैदानमा लड्दै थिए तर देशभित्र निरङ्कुश जहानियाँ शासन चलिरहेकै थियो । दोश्रो विश्वयुद्धको समाप्तिपछि धेरै देशमा स्वतन्त्रताका लागि शीतयुद्ध

सुरू भईसकेको थियो जसको फलस्वरूप भारतमा महात्मा गान्धीको नेतृत्वमा भारतीय स्वतन्त्रता संग्रामको आन्दोलनको प्रारम्भ भएको थियो । ब्रिटिशहरूलाई भारत छोड भन्ने मूल नारासँगै भारतलाई स्वतन्त्र बनाउन सबै नागरिकलाई एकीकरण गरिएको अवस्था थियो । नेपाल स्वतन्त्र गर्न पनि युवाहरू एकजुट भईसकेका थिए । प्रवासमा बसेर नेपालको स्वतन्त्रताका लागि काम गरिरहेका त्यहाँ शुक्रराज शास्त्री, दशरथ चन्द र पछिल्लो अवस्थामा विशेश्वरप्रसाद कोइराला, गणेशमान सिंह, सुवर्ण शमसेर र कृष्णप्रसाद भट्टराईजस्ता आम युवाहरू जवाहरलाल नेहरू, जयप्रकास नारायण जस्ता जुझारू नेताहरूको सम्पर्कमा पुगेका थिए । नेपालको स्वतन्त्रताका लागि भारतको भूमिमा आश्रय लिइरहेका नेपालीहरू प्रशस्तै थिए भने अन्य व्यक्तित्वहरू पढाई, धार्मिक भ्रमण तथा व्यापारको निमित्त भारत पस्ने र त्यहाँको गतिविधिलाई नजिकबाट हेर्दथे । यता जागरूक नेपालीलाई जहानियाँ राणाशासनमा यसमा पनि विशेष गरी सचेत राजनैतिककर्मी मानिएका बुद्धिजीवी वर्गलाई नियन्त्रण र प्रतिबन्धसम्म पनि गरिएको थियो । पहिलो र दोश्रो विश्वयुद्धमा ठूलो संख्यामा ब्रिटिस फौजमा भर्ना गर्न राणा शासनले सहज बनाई दिएका थिए । यसबाट नेपालीहरू वीर गोरखालीका नाममा युद्धभूमिमा उतारिएको थियो । गोरखालीहरूले युद्धमा वीरतापूर्वक सामना गरेर सर्वश्रेष्ठ भिक्टोरिया क्रसको मानपदवीद्वारा विभुषित भएता पनि ठूलो संख्यामा नेपालीहरूले मृत्युवरण गर्नु, हराउनु, घाइते तथा अपाङ्ग भई घर फर्कनु परेको अवस्था थियो । तात्कालिन शासकले ब्रिटिस इन्डिया सरकार रिझाउने, फकाउने तथा उनीहरूबाट आफ्नो परिवार र प्रतिष्ठालाई जोगाउने बाहेक लडाइमा वीरगति प्राप्त गर्ने र अंगभंग भई अपाङ्ग हुनेहरूका लागि केही विशेष व्यवस्था गरेन तर इतिहासमा अंग्रेजले गोरखालीहरूलाई वीरभन्दा पनि महान वीर गोरखाली भनेर चिनाउथें र अझै गौरवगाथा गाइरहेकै छ । यता नेपालीहरू भने गरिबी, भोकमरी, अशिक्षित र अस्वस्थ नागरिको हैसियतमा संसारभर चिनिएका थिए । यस्तो अवस्थामा नेपालबाट केही सचेत नागरिक भारतमा आउने जाने गरेका र उनीहरूमा क्रुर र दमनकारी राणाशासन विरूद्ध आक्रोशको भावना भारतीय स्वतन्त्रता आन्दोलनले पनि बिजारोपण गर्दै आएको थियो । यता निरङ्कुश राणा शासनले आफ्नो पारिवारिक शासन पद्धतिलाई स्थायीत्व दिन चाहन्थे र राजसंस्था माथि पनि प्रभुत्व जमाउन भरमज्दुर प्रयासरत थिए ।

नेपालको इतिहासमा यसै सन्दर्भमा १९९७ साल माघ १५ गते निरङ्कुश पारिवारिक राणाशासन विरूद्ध आवाज उठाउने, प्रजातन्त्र र मानव स्वतन्त्रताको लागि संगठनको सूत्रपात र शंखनाद गर्ने चार जना अमर सहिदहरू शुक्रराज शास्त्री, धर्मभक्त, दशरथ चन्द र गंगालाल श्रेष्ठ नै हुन् । तिनीहरूलाई ज्यान सजाय दिई झुण्ड्याएर र गोली हानी मारिएको थियो । पढ्लेखेका यी युवाहरू प्रतिभाशाली, होनाहार, निडर, निस्वार्थ र त्यागी क्रान्तकारी थिए । समाज परिवर्तनका अभिष्ट बोकेका पढाइमा अब्बल, नाचगान र अभिनयमा निपुण प्रखर वक्ता थिए । यिनीहरूले विभिन्न स्थानमा दिएका भाषण तथा वैचारिक दृष्टिकोणले जनमानसमा अमीट छाप छोडेको थियो । देशका लागि आहुति दिने युवाहरूले स्वदेश तथा विदेशका भाषा पाठशालामा पढेका थिए । त्यतिबेला आम जनताका लागि देशमै पढ्न पाउने अवस्था थिएन । त्यसैले अलि हुने खानेहरूका छोराछोरी कलकत्ता तथा भारतका अन्य ठाउँमा पढ्न जान्थे । प्रवासमा बसेर अध्ययन गरेका युवाहरूमा नागरिक अधिकार र प्रजातान्त्रिक जीवनका लागि भारतीय महिला तथा पुरूषहरूले देखाएको अदम्य शाहस, उत्साह र त्यागले राजनीतितिर लाग्न उत्प्रेरित गरि सकेको अवस्था थियो । स्वदेश र विदेशमा राणाशासन विरूद्धको आन्दोलन सुरू हुँदा यता राणाशासन जोगाउन राणाहरूले त्रिभुवन पछि केशर शमसेरकी महारानी जेठी शाहजादीलाई राजगद्दीमा लाने गरी श्री ३ महाराज चन्द्र शमसेरले राणा र शाह परिवारको वैवाहिक सम्बन्ध गराई कुटिल जुक्ति गरेका थिए तर अंग्रेजले त्यसलाई मानेनन् । राणा परिवारभित्रको विभाजनले यो कुरा राणाहरू नै विपक्षमा थिए । यता प्रबुद्ध वर्गमा राणा विरोधी आक्रोशको कारणले जनसंगठनहरू तैयार गर्ने प्रक्रिया सुरू भई जनचेतनाका लागि पर्चा छर्ने काम भईसकेको थियो । ९० सालको भुकम्प पछि शुक्रराज शास्त्री, केदारमान ब्यथित, मुरलीधर शर्मा, आनन्दराज र गंगालाल श्रेष्ठ जस्ता नवयुवकहरूले नेपाल नागरिक अधिकार समिति गठन गरेका थिए । शुक्रराज शास्त्रीले भारतमा गई महात्मा गान्धी तथा सुवासचन्द्र बोश जस्ता महान् व्यक्तित्वहरूसँग भेटघाट गरेको र भारतीय पत्रपत्रिकामा समेत नेपाली नागरिक अधिकार समिति गठन भएको कुराहरू प्रकाशमा आएका थिए । यसरी नै काठमाडौंको विभिन्न भजन मण्डली तथा धार्मिक प्रवचनहरूमा नागरिक जागरणका सन्देशहरू प्रचारित हुन थालेका थिए । यस स्वतन्त्रता आन्दोलनको

प्रभाग विकसित हुन थालेको थियो । शिक्षाको विकास बिना जनतालाई सचेत र जागरूक गर्न माष्टर चिनियालालको अग्रत्वमा वि.सं. १९९३ सालमा गंगालाल लगायत धेरै युवक मिलेर महाबीर स्कूल स्थापना गरेर यसैको माध्यमबाट मुलुकमा विद्यमान राजनैतिक घटनाक्रमको विषयमा पनि बराबर छलफल गर्न थालिएको अवस्था थियो । धेरै सचेत नागरिकहरू यस स्कुलमा निस्वार्थ भावले अवैतनिक रूपमा काम गर्ने तथा गराउने गर्दथे । यसबाट उनीहरूले राजनैतिक संगठनको प्रारूप समेत तयार गर्ने अवसर प्राप्त गरेका थिए । यस स्कूलमा चिनियामान, फत्तेबहादुर सिंह, रामेश्वर स्थापित, आनन्दमान र पछि पूर्ण बहादुर एम. ए., पूर्ण बहादुर मानव, गंगालाल, सूर्य बहादुर भारद्वाज, चन्द्रमान मास्के, चित्तधर हृदय, सिद्धीचरण जस्ता व्यक्तित्वहरू समेत संलग्न थिए ।

नेपालको राजनैतिक विकासको इतिहासमा नेपालको स्वतन्त्रतासँग जोडिदा वि.सं. १९९३ साल जेठ ३० गते नेपाल प्रजा परिषद्को स्थापना भएको दिनलाई ऐतिहासिक दिन र अत्यन्त महत्वपूर्ण घटनाको रूपमा लिन सकिन्छ, जसमा टंकप्रसाद आचार्य, दशरथ चन्द, धर्म भक्त माथेमाजस्ता युवा शक्तिहरू भेला भई टंकप्रसादको नेतृत्वमा यो राजनैतिक संस्थाको स्थापना भएको हो । यसले राजाको संवैधानिक नायकत्वमा प्रजातान्त्रिक व्यवस्थाको स्थापना गर्ने र जनताका मौलिक हक अधिकार प्रदान गर्ने मूल ध्येय थियो । जुनसुकै उपायबाट भएता पनि राणाशासनको अन्त्य गर्ने प्रण लिएका थिए । यसै संस्थामा पछि दशरथ चन्द तथा धर्मभक्तको अगुवाई र प्रोत्साहनमा गंगालाल श्रेष्ठ र गणेशमान सिंहजस्ता क्रान्तिकारी विचारधारा राख्ने युवकहरू पनि समावेश हुन पुगेका थिए । यसै संस्थामा आबद्ध भएका कारणले दशरथ चन्द, धर्मभक्त र गंगालाल श्रेष्ठ राणाशासनको प्रकोपमा पर्न गएका हुन् भने शुक्रराज शास्त्रीले भारत लगायत नेपालमा राणाशासन विरूद्ध नेपाली नागरिक अधिकार समितिको माध्यमबाट भारतीय पत्र पत्रिकामा लेख रचना तथा नेपालमा प्रवचनहरूद्वारा निरंकुश शासनको विरूद्ध आवाज उठाउन थालेका थिए । यसरी हेर्दा यी चारै जना अमर सहिदहरू नेपालको इतिहासमा अत्यन्त उच्च स्थान प्राप्त गर्ने व्यक्तित्वहरू हुन् जसको सहादत पछि २००७ फागुन ७ गते नेपालमा प्रजातन्त्रको स्थापना भएको थियो । नेपालको प्रजातान्त्रिक सन्दर्भमा इतिहासलाई फर्केर हेर्दा वि.सं. १९९७ साल आश्विन महिनादेखि नेपाल प्रज्ञा

परिषद्को व्यापक पर्चा छर्न शुरू भएको थियो र यसै सन्दर्भमा महावीर विद्यालयका शिक्षकहरूका साथै दशरथ चन्दलाई पकनाजोल स्थित आफ्नै सानीआमाको घरबाट र गंगालाल श्रेष्ठलाई प्याफलमा आफ्नै घरबाट पक्राउ गरेका थिए । उनी पक्राउ पर्दा घरका चाहिदा नचाहिदा सबै चिजहरू र किताब कागजपत्रहरू सबै बरामद गरी खाली राखेको चुरोटको बट्टा समेत नछाडी लगेका थिए । उहाँको भाइका पढ्ने किताब र अभ्यास पुस्तिकाहरू समेत सबै लगेर पढाईमा अत्यन्त अप्ठ्यारो परेको कुरा उहाँका कान भाई विजयलाल श्रेष्ठले Prostitutuon of Nepali Politics भन्ने किताबमा उल्लेख गर्नु भएको छ ।

उनीहरूलाई १९९७ साल माघ महिनामा मृत्युदण्डको सजाय दिइएको थियो । उनीहरू लगायत अन्य धेरै जना यस मुद्दामा दोषी बनाइएका थिए । तीन महिनासम्म लगातार अत्यन्त कठोर मानसिक यातना दिएर अत्याचारको नाङ्गो नाच देखाई हृदयविदारक पीडा हुने गरी गंगालाल, दशरथ चन्द, धर्मभक्त तथा गणेशमान सिंह र अन्यलाई पक्राउ परि थुनामा रहेका राजबन्दीहरूलाई केरकार गरेका थिए ।

मृत्युदण्डको क्रममा शुक्रराज शास्त्रीलाई टेकु पचलीको रूखमा झुण्ड्याएर मारिएको थियो भने गंगालाल र दशरथलाई शोभाभगवतिमा दुई जनालाई दुईतिर फर्काएर दुवै हात पछिल्तिर डोरीले बाँधी बाँधिएको हातको बिचबाट दुवै तर्फबाट दुई दुई सिपाहीद्वारा उचालिएको बासमा झुण्ड्याई दुवै खुट्टा बाँधी पानीमा भिजाएको छालाको कोर्राले नली हाडमा हिर्काइयो र त्यसरी हिर्काउँदा नली हाडमा बेरिएको कोर्रा एकै पल्ट तानिएको थियो । त्यसरी तान्दा नली हाडका छाला तथा मासु एकै पल्ट चोइटाका रूपमा निस्कन्थे, त्यो खाल्टोमा टिन्चर हाली दिन्थे । दशरथ चन्द, कम्पाउन्डर चन्द्रमान सैजु र गणेशमान सिंहलाई पनि यसरी नै मरणासन्न अवस्थामा प्राण मात्र बाँकी रहने गरी कोर्रा लगाएका थिए । विशेष अदालत र जाँचबुझ समितिले काम गर्ने ठाउँ यातनागृहको रूपमा परिणत भएको थियो । चार सहिद मध्ये गंगालाल सबैभन्दा कान्छो, क्रान्तिकारी युवक, जोशिला र निडर थिए । मरणान्त कुटपिटको बाबजुत पनि नेपाल प्रजा परिषद् संगठनको विषयमा उनले कुनै कुरा बताएनन् । सम्पूर्ण यातनालाई उनले सहि नै रहे । त्यस्तो बेलामा उनलाई दशरथ चन्दबाट ठूलो प्रेरणा र ढाडस मिल्ने गरेको थियो । गंगालाल दशरथ चन्द भन्दा निकै कम उमेरको

भएकाले दशरथ चन्दले उनलाई मेरो भाइ भन्ने गरेका थिए । जे जति यातना पाए पनि ती सबै देश र जनतालाई प्रजातन्त्र दिलाउन हो भनी दशरथ चन्दले गंगालाललाई उत्प्रेरित गरेका थिए । मृत्युदण्डको सजाय सुनाउँदा दशरथ चन्द तथा गंगालाल एक अर्कालाई अंकमाल गरी अट्टहासपूर्ण तरिकाले प्रफुल्लित हुँदै नाँचेका थिए भनिन्छ । ज्यान सजाय पाउनेहरूको नाम पढ्न सकिएपछि जन्मभरि कैद साजय पाउनेहरूको नाम पढिदै गर्दा दशरथ चन्दले कुर्लदै भने कसको जन्मभरि ? जुद्ध समशेरको जन्मभरि ? यसैबिच माफी माग्नेलाई कैदको सजाय पुर्नविचार गर्ने कुरा केरकार अधिकारीहरूले व्यक्त गरेका थिए तर देशका यी होनाहार युवकले कसैको सामु घुँडा टेकेनन् स्वाभिमानले शीर उचो पारेरै छोडे ।

सुरूमा फाँसीमा झुण्डिने शुक्रराज शास्त्री हुन् उनलाई रातकै समयमा टेकुको रूखमा झुण्ड्याईको थियो । त्यसपछि गंगालाललाई दशरथ चन्दको साथै सेन्ट्रल जेलबाट प्याफलको बाटोबाट हुँदै विष्णुमतीतिर लगियो । विष्णुमतीको बगरमा मध्यराती हातखुट्टा बाँधिएर दशरथ चन्द सँगसँगै ठडाइए । यस्तो अवस्थामा पनि उनीहरू झन निर्भिक र उत्साही थिए । सो समयमा जनरल नर शमशेरले गंगालाललाई कुठाउँमा गोली चलाई अन्तिम पटक माफी माग्न लगाउँदा गंगालालले झन् कडा शब्दमा तिरस्कार गरे । त्यसपछि उनी विभिन्न ठाउँमा गोली हानियो र जीवन लीलालाई निरंकुश र क्रुर शासन व्यवस्थाले समाप्त गरेका थिए । (भुनवलाल प्रधानद्वारा लिखित सहिद परिचयबाट उधृत वाक्यांशहरू परेका छन्)।

नेपाल राष्ट्रका सपुत माथि उल्लेखित चार जना अमर सहिदहरूको स्थान नेपालको इतिहासमा सुनौला अक्षरले लेखिएका छन् । उनीहरूको त्याग तपस्याको घटाको विवरणले लोकतान्त्रिक आन्दोलनलाई प्रोत्साहित गरेको छ । मुलुकमा जनअधिकार र नागरिक सार्वभौमिकताको प्रश्नमा यिनीहरूले १९९७ सालमा गरेका बलिदानको स्वरूपले २००७ सालमा प्रजातन्त्रको स्थापना भएको थियो ।

त्यसपछि वि.सं.२०१७ मा राजा महेन्द्रले जननिर्वाचित सरकारलाई अपदस्थ गरी एकदलिय पञ्चायत व्यवस्थाको सुरूवात गरेका थिए । राजाको एकतन्त्रीय निरङ्कुश शासनको विरूद्ध चेतनशील नागरिकहरू एकजुट भई २०४६ मा गणेशमान सिंहको नेतृत्वमा भएको जनआन्दोलनमा कति युवाहरूले सहादत गरी पुनः प्रजातन्त्र स्थापना

गरे । सानैतिक घटनाक्रममै २०५८ मा बहुदलप्रेमी राजा विरेन्द्र वंश विनासपछि राजा बनेका ज्ञानेन्द्रले २०५९ मा सत्ता हातमा लिए । एकातिर राज्यव्यवस्था प्रति असहमति जनाई जनयुद्धमा गएको माओवादी र अर्कोतिर राजाले राज्य व्यवस्था आफ्नो हातमा लिएपछि कुण्ठित नागरिक हक र अधिकार प्राप्तिको लागि २०६२/६३ को दोश्रो जन आन्दोलनबाट नेपाल गणतान्त्रिक मुलुकको रूपमा स्थापित हुन पुग्यो । यसरी हेर्दा विभिन्न जनआन्दोलनलाई परिपोषण गर्दै आएर नागरिक सार्वभौमिकताको आधारमा संविधान सभाको चुनाव भई आजको राजनैतिक व्यवस्थाको संरचना भएको छ । नेपालको राजनैतिक विकासको क्रममा निरंकुशता र प्रजातन्त्रको सदैव परस्परको द्वन्द्व र संघर्षको पीडा नेपालीले सहन गर्दै आएका हुन् । यसै सन्दर्भमा नेपाली आम जनता र युवाहरूको लामो संघर्षद्वारा प्राप्त नागरिक हक अधिकार र सार्वभौमसता स्थायित्व हुन सकेको छैन् । अझ सहिदका सपना र उनीहरूको योगदानको कदरको के कुरा गर्नु ?

आजको अवस्थासम्म आइपुग्दा पटकपटक जनताद्वारा विभिन्न आन्दोलनले प्राप्त उपलब्धी संस्थागत हुन सकेको देखिन्न । व्यक्तिगत सुख स्वार्थ र दलीय भागवण्डाको मुद्धाले देश झनझन आक्रान्त छ । भ्रष्टाचारको बढ्दो अवस्था र राजनीतिलाई पेसा बनाइएको कारण सहिदको सपनामाथि कुठाराघात भएको छ भन्ने अवस्था सिर्जना हुन पुगेको छ । राजतन्त्रको अन्त्य पछि जनताकै छोरा वा छोरी राष्ट्रपति भएपनि जनताले प्रत्यक्ष परिवर्तनको अनुभूति गर्न पाएका छन् त ? आजको गम्भीर प्रश्न यहीं अडिएको छ । ◆◆◆

## मुक्तक



**✍ मात्रिका घिमिरे**

स्फूर्ति भए ज्यानमा, बुढो पनि जवान हुन सक्छ
सकारात्मक सोचले, ढुङ्गो पनि भगवान हुन सक्छ ।
आडम्बर र सम्पत्तिले, कोही मान्छे ठूलो हुदैन अनि
कर्म र व्यवहारले, जो कोही पनि महान हुन सक्छ ।

अनायसै भेट भयो, लोभै लाग्दो ज्यान रैछ
दुई चार मिनेट कुरा भयो, निकै राम्रो ज्ञान रैछ ।
फेरि पनि भेट हुने, अभिलाशा थियो मनमा
पर्खी बसें धेरै तर, अन्त कतै ध्यान रैछ ।

कथा

# ममी ! तपाईंको ब्वाइ फ्रेण्ड छैन



✍ तारा के.सी

म मर्निङ वाकमा थिए । पाँच, छ पटक देखभेट भएपछि उनले भने,

"हाई !"

मैले पनि प्रत्तिउत्तर "हाई" भने।

उकालो काटेर त्यतिखेर हामी समथल बाटोमा हिंड्दै थियौं । हरियाली वातावरण । सुन्दर पार्क हामी माझ मुस्कुराई रहेको थियो । थुप्रै मानिसहरू त्यो पार्कमा बसेर बिहानीको आनन्द लिइरहेका थिए । त्यहीं हुलमा हामी पनि मिसिन आईपुग्यौं । त्यो दिन हामीले आ-आफ्नो परिचय गरेर छुट्टियौं । उनी कलेजका प्रोफेसर रहेछन् ।

भोलिपल्ट मर्निङ् वाकमा त्यही पार्कमा उनीसँग धेरैबेर कुराकानी भयो । उनले प्रस्ताव राखे ।

शोभिता जी ! आज एक-एक कप चिया पिएर जाँऊ हुन्न ?

मैले सहमति जनाएपछि हामी पार्क नजिकैको चिया पसलमा गयौं र एकछिन गफियौं । टेबुलमा बाफ उड्दै गरेको दुई कप चिया आइपुग्यो । मैले भने,

"मलाई यसरी फुटपाथको चिया पसलमा बसेर काँचको गिलासभरि चिया पिउन मन पर्छ । "मैले आफ्नो रूचि बताए पछि उनले हाँस्दै भने ।

"म पनि हो शोभिता जी ! प्राय म यहाँ चिया पिउन आउँछु फुर्सद मिल्दाखेरि ।"

"एक्लै आउनुहुन्छ? म्याडम नी ?"

मैले उनको व्यक्तिगत जीवन जान्ने अभिलाषा राखेर सोधेको थिए ।

उनी मेरो प्रश्नले अलि भावुक भए । ब्यर्थ सोधेछु जस्तो लाग्यो ।

"सरी ! मैले सोध्न नहुने थियो कि ?"

"होइन, होइन शोभिता जी ! उनी यो संसारमा छैनन्। एउटी छोरी छिन् ज्वाँइसँग अमेरिकामा।"

खाटा बसिसकेको घाउ फेरि किन कोट्याउनु भनेर त्यसपछि मैले उनको बारेमा केही सोधिन कहिले पनि । त्यो दिन हामी चिया पिएर छुट्टियौं ।

हाम्रो दिनुहुं भेट हुन्थ्यो मर्निङ वाकमा । त्यो पार्कमा बसेर चिया पिउँदै हामीले धेरै चोटी काठमाडौं उपत्यकालाई नियाली सकेका थियौं। जीवनका आधा कथा सुन्न र भन्न भ्याई सकेका थियौं। जीवनको यो मोडमा समयले हामीलाई बेष्ट फ्रेण्डको रूपमा भेटाइदिएको थियो।

बिहान हेर्दा मोबाइलमा म्यासेज आएको रहेछ। फागुन महिनाको आज बीस गते। छोरा बुहारीले अमेरिकाबाट लेखेका रहेछन् ।

"ह्याप्पी बर्थडे ममी !"

दुवै जनालाई अंगालोमा बाँधेर थ्याङ्क्यु भन्न चहान्थे तर उनीहरू सात समुन्द्र पारी थिए । म एक्लो थिए नेपालमा । उनीहरूलाई सम्झेर आँखा रसाए । म्यासेन्जरमा हेरे छ घण्टा अघिदेखि उनीहरू अफलाइनमा थिए। यो निरस जिन्दगी देखेर आफैसँग बिरक्त लागेर आयो । तन र मन दुवै भारी हुंदाहुँदै उठेर फ्रेस भएँ । सहयोगी बहिनीले चिया राखिदिइन् टेबुलमा। भान्सा कोठाबाट मिठो वास्ना आइरहेको थियो।

घर नजिकैको काइयो फूलको बोटबाट रानी चराका बच्चाहरू भुर्र उडेर गए । हेर्दा हेर्दै अकासिदै उडान भरे । शिवपुरी डांडा माथि माथि हुँदै बिलाए । बिहान सबेरै उज्याको सूचक बनेर चिर्रबिराउँथे । निद्रा खुल्थ्यो । अब ती फेरि फर्केर आउलान् त मन खिन्न भयो । घरको गेटमा निलो कार आएर रोकियो । आज प्रोफेसरलाई खाना खान बोलाएको थिए । उनी समयमै आइपुगेछन् । सहयोगी बहिनीले खाना तयार गरेर भनिन्;

"म्याडम ! खाना तयार भयो ।"

"यति मिठो खाना आज पन्ध्र । वर्षपछि खाएँ । मलाई गुन्द्रुकको अचार असाध्यै मन पर्छ । उनले घरमा प्राय बनाउथिन् मेरो लागि। पन्ध्र वर्षपछि आज पारिवारिक झल्को मेटिनेगरि खाना खाने अवसर दिनु भयो शोभिता जी !" उनले हृदयदेखि धन्यवाद दिँदै त्यसदिन हाम्रो घरको खानालाई उनले खुलेरै तारिफ गरेका थिए ।

सन् २०१९ डिसेम्बरको अन्तिम महिना । विश्वभर कोभिडले आतङ्क मच्चाउदै थियो । नेपालमा पनि यसको असरहरू देखिन थाल्यो। घरबाट बाहिर ननिस्कने आदेश जारी गर्दै सरकारले अनिश्चित समयको लागि लकडाउन गर्यो । सबै आ-आफ्ना घर फर्किए । काठमाडौं शून्य भयो । घरभित्रको बन्दी जीवन बडो असहज लाग्दै गयो।

एकदिन बेलुका अचानक रूघा खोकी लाग्न थाल्यो। जिउ गलेर आउनु, खान मन नलाग्नु, खाएको

खानाको स्वाद थाहा नपाउने हुन थालेपछि कोभिडको शंका लाग्न थाल्यो । पिसिआर टेष्ट गरेर फर्केपछि बेलुका मोबाइलमा म्यासेज आयो पोजेटिभ ।

सहयोगी बहिनीलाई आफूलाई कोभिड भएको जानकारी दिँदै भने– "अब तिमी नआउनु।" उसले मानिन् । "यस्तो अवस्थामा एक्लै कसरी छोडु ? मरे मरूँला मर्ने जावो जीन्दगी त हो ?" उसले आपतमा साथ दिई ।

बेलुकाबाट ज्वरो बढ्न थाल्यो । "यस्तो अवस्थामा पनि मैले साथ दिन सकिन। सँगै हुन सकिन।" छोरा अमेरिकाबाट फोनमा रून्थ्यो। उसलाई ढाडस दिन खोज्थे तर म आफैसित टुटिसकेको थिएँ । पल पल मृत्युले तर्साइरहन्थ्यो ।

समय बित्दै गयो । मृत्युसित घम्साघम्सी खेलेर केही दिन हस्पिटलको बसाईपछि घर फर्किए । यो अवधिमा प्रोफेसरले ठूलो सहयोगको भूमिका निभाए । आत्माबल बढाउने काम गरिरहे । मेरो आफ्नो भन्नू यो जटिल अवस्थामा प्रोफेसर बाहेक अरू थिएन। मृत्युलाई नजिकबाट महसुस गरेकी मैले उनकै सहयोग र साथले पुनर्जीवन पाएको थिए।

म आफैभित्र हराउदै थिए। ढोका खोलेको आवाजले झस्याङ्ग भए । ढोकामा उनै प्रोफेसर उभिएका थिए । उनको हातमा ताजा फूलको बुके थियो । उनले मलाई हेर्दै भने;

"शिघ्र स्वास्थ लाभको कामना शोभिता जी !"

मेरो आँखाको डिलबाट बेढंगले बगेछन् आँसुहरू मैले पत्तो पाइन् ।

"कम्जोर नबनाउनुस् आफूलाई । मैले समय काट्न भनेर केही राम्रा किताबहरू ल्याइदिएको छु। पढ्नु होला। केही फलफूलहरू छन् खानुहोला भन्दै सहयोगी बहिनीलाई झोला दिएर उनी हिँडे । मैले झ्यालबाट देखे मेरो गेटबाट निस्केर निलो कार गल्लीभित्र हरायो।

बिस्तारै ठिक हुँदै थिए। एकदिन छोराले फोनमा भन्यो;

"ममी! हजुरको चिन्ता लागिरहन्छ । हामी यता छौ । न हामी नेपाल आएर बस्न सक्छौ ? न हजुर अमेरिका आएर बस्न सक्नुहुन्छ ? यो कस्तो अवस्था सिर्जना भयो मामु !"

हामी आमा छोरा काँचको पर्दा बाहिर भित्रबाट खुब रोयौं । निकैबेरपछि आफूलाई समाल्दै भने;

"नेपाल फर्केर बस्ने वातावरण छैन। काम छैन। मेरो त जीवन यसैउसै बित्नेछ अब । तिमीले सन्तानको बारेमा सोच्नुपर्छ बाबु ! मलाई सम्झेर रून छोडिदेऊ ।" छोरा बोल्न सकिरहेको

थिएन ।

बुहारीले भनी;

"ममी ! हजुरको ब्वाइ फ्रेन्ड छैन ?"

मोबाइलमा म्यासेज आयो-

"शोभिता जी ! म भोलि आउनेछु । तपाईंसँग केही महत्वपूर्ण कुरा गर्नु छ ।"

लघुकथा

## "माइ सर्भेन्ट"



✍ **नर बहादुर बि.सी.**

त्यतिबेला म्याग्दी जिल्लामा एस.एल.सी. फाइनल परीक्षा दिने केन्द्र नभएकाले अञ्चल सदरमुकाम बागलुङ जानुपर्थ्यो । कालेले आफ्नो बाल्यकालमा साँवा अक्षर पनि पढ्न नपाएकाले साहूको हलो जोतेर, बाउँसो खनेर र भारी बोकेर जीवन चलाउनु परेको भोंकमा आफ्नो छोरो रामबहादुरलाई पाँच वर्ष टेक्ने बित्तिकै शिशु कक्षामा भर्ना गरिदिएको थियो ।

आफ्नो बारीको उब्जनीले ६ महिना पनि खान नपुग्ने भएरै काले र उसकी श्रीमती कैलीले पसिना बगाएर रामेलाई पढ्न पठाएका थिए । तर बालक रामेलाई बाबाआमाका पीरबेथा थाहै भएन । गोठमा जसरी भएपनि एउटा दुहुनो भैंसी पालेकै हुन्थ्यो कालेले । त्यसैले त आटो पिठो भएपनि रामेलाई सितन टुटेन । एउटा मात्रै सन्तान रामेलाई राम्रोसँग पढाउन र बढाउन पाएकामा काले र कैली असाध्यै खुसी थिए । त्यै खुसीमा खुसी थप्दै रामे पनि अब्बल विद्यार्थी भएर निस्क्यो । परीक्षामा धेरै पहिलो र थोरै दोस्रो भएर टेस्ट परीक्षा पास गर्‍यो ।

फाइनल दिन बागलुङ जाँदा बढी खर्च लाग्ने नै भयो । कालेले थाप्लो खुइलाएर हातमा ठेला पारेर कमाएको धनले अब त नपुग्ने भयो । त्यसैले आफ्नो जायजेथा साहूकहाँ घरसारमा बन्धकी राखेर छोरालाई बागलुङ जाने खर्च जुटायो । रामेले जिन्दगीमा पहिलो पटक सर्ट, पैन्ट, जुत्ता र मोजा लगाएर बागलुङ पुग्यो ।

संयोग कस्तो परेछ भने उनीहरू चारजना मिलेर लिएको कोठामा तीनजना धनीका र ऊ मात्रै गरीबको छोरो परेछ । सबैले होटेलमा खाउँ र ट्युसन पढौं भनेपनि रामेले नमानेपछि आफ्नै घरबाट सामल मगाएर खाने निधो भएछ । तीनजना साथीहरूका घरबाट नोकरले सामल बोकेर आएकै बेला रामेको बाउ काले पनि सामलतुमल बोकेर टुप्लुक्क पुगेछ । थोरै भएपनि अङ्ग्रेजी जानेका रामेका साथीहरूले सोधेछन् - 'हु इज हि ?' रामेले भनेछ - "हि इज माइ सर्भेन्ट ।"

# नेपालमा बौद्धिक सम्पत्ति अधिकारको महत्वः समस्या तथा सुझाव



✍ गम्भीर बहादुर हाडा

बौद्धिक सम्पत्ति अधिकारको इतिहासलाई हेर्ने हो भने सन् १८८३ देखि नै यस सम्बन्धी अवधारणाको प्रादुर्भाव भएको देखिन्छ । २० मार्च १८८३ मा अमेरिका र केही युरोपेली राष्ट्रहरू बीच औद्योगिक सम्पत्ति अधिकारसम्बन्धी “पेरिस महासन्धि” सम्पन्न भएको थियो । उक्त सन्धिमा पेटेन्टसम्बन्धी अधिकारको मात्र उल्लेख गरिएकोले ९ सेप्टेम्बर १८८६ मा कलात्मक तथा साहित्यिक कार्य संरक्षणसँग सम्बन्धित 'वर्न महासन्धि' अनुमोदन गरियो । यसपछि बौद्धिक सम्पत्ति अधिकारसँग सम्बन्धित विभिन्न सन्धि तथा महासन्धिहरू सम्पन्न भए । यी सबै सन्धि तथा महासन्धिहरूलाई संगठित गरी कार्यान्वयन गर्नका लागि एउटा विशिष्टिकृत संस्थाको खाँचो महसुस गरी सन् १९६७ मा संयुक्त राष्ट्र संघले विश्व बौद्धिक सम्पत्ति संगठन (वाइपो) को स्थापना गऱ्यो । बौद्धिक सम्पत्ति अधिकारले व्यापारसँग प्रत्यक्ष सम्बन्ध राख्ने भएकोले बौद्धिक सम्पत्ति अधिकारसँग सम्बन्धित विभिन्न अन्तर्राष्ट्रिय सम्झौताहरूमा उल्लेखित विषयहरूलाई समेटेर एउटा छुट्टै दस्तावेज तयार गरियो, जसलाई ट्रिप्स भनिन्छ । ट्रिप्सलाई “ग्याट वार्ता” को अन्तिम चरण-उरूग्वे चरण, १९८६-१९९४) मा डब्ल्यूटीओ सम्झौता अन्तर्गत समावेश गरियो । डब्ल्यूटिओ सम्झौता अन्तर्गत सन् १९९५ पछि जे जति विषयहरू समावेश गरिए, तीमध्ये ट्रिप्सलाई सबैभन्दा विवादास्पद सम्झौताको रूपमा लिने गरेको पाइन्छ । बौद्धिक सम्पत्ति अधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय सन्धिहरू तथा विशिष्टिकृत संस्था मौजुद हुँदाहुँदै पनि ट्रिप्सलाई उरूग्वे चरणको “ग्याट वार्ता” मा समावेश गराइएकोले यससम्बन्धी व्यापक विवाद हुनु स्वभाविक नै थियो । यद्यपि विभिन्न सदस्य राष्ट्रहरूको विरोधका बाबजुद

ट्रिप्सले डब्ल्यूटीओ सम्झौतामा प्रवेश पायो र सबै सदस्य राष्ट्रहरूका लागि यो बन्धनकारी पनि हुन पुग्यो ।

बौद्धिक सम्पत्ति संरक्षणमा पर्याप्त जनचेतना अभिवृद्धि हुन सकेको छैन यसले गर्दा हाम्रो परम्परागत ज्ञान, सीप आदिको जगेर्ना हुन सकेको छैन, प्रतिलिपि अधिकार र औद्योगिक सम्पत्तिको संरक्षण गर्ने सम्बन्धमा नीतिगत निर्णय गर्ने संरचनामा अवस्था अलग अलग रहनु जसको कारण काम कारबाहीमा तादात्म्यता हुन सकेको छैन । अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा नेपालले गरेका प्रतिबद्धता तथा विकसित प्रविधि र अवधारणाहरूलाई आत्मसात गर्दै यस क्षेत्रसँग सम्बन्धित सम्भावनाहरूको उपयोग गर्न प्रभावकारी बौद्धिक सम्पत्ति सम्बन्धी वृहत नीति बने तापनि त्यसको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । देशको बौद्धिक सम्पत्तिको क्षेत्रमा सरकारी तथा गैर सरकारी क्षेत्रबाट हुने लगानीसमेत अत्यन्त न्यून रहेको छ । देशको औद्योगीकरणको गति न्यून रहेकाले नयाँनयाँ प्रविधि भित्र्याउन नसकिरहेको अवस्था एकातिर छ भने अर्का तर्फ निजी क्षेत्रलाई यसतर्फ आकर्षित गर्न सकिएको छैन । अतः नीतिगत निर्णय गर्ने संरचनागत व्यवस्था अलगअलग हुनु, पर्याप्त जनचेतना अभिवृद्धिको अभाव बौद्धिक सम्पत्ति सम्बन्धमा वृहत् नीति तथा कानूनको तर्जुमा नहुनु, निजी क्षेत्रको लगानी अत्यन्त न्यून हुनु, उपयुक्त प्रविधि तथा दक्ष जनशक्तिको अभाव, अनुसन्धान र अन्वेषणमा चासो न्यून देखिनु, निजी क्षेत्रलाई आकर्षित गर्न नसक्नु जस्ता समस्या तथा चुनौती रहेको पाइन्छ । प्रतिलिपि अधिकारलाई संवेदनशील विषयको रूपमा नलिने, सिर्जनालाई राष्ट्रको सम्पत्ति पनि हो भन्ने राज्यद्वारा स्वीकार नगर्ने, स्रष्टालगायत जनसाधारणमा सचेतनाको कमी रहेको, विभिन्न निकाय र संगठन बीच समन्वयको अभाव, प्रतिलिपि अधिकार सम्बन्धी विषयले प्राथमिकता नपाउनु, प्रतिलिपि सम्बन्धी कानून कार्यान्वियन निकाय र सम्बद्ध स्रष्टा र सर्जकमा चेतनाको कमी, प्रतिलिपि अधिकार सम्बन्धी कार्य गर्ने निकाय काठमाडौंमा सीमित, आम प्रयोगकर्ताको आर्थिक स्थिति कमजोर भएकोले नक्कली प्रयोगमा आकर्षित हुने गरेकोले बौद्धिक सम्पत्ति संरक्षणमा पर्याप्त जनचेतना अभिवृद्धि हुन सकेको छैन । यसले गर्दा हाम्रा परम्परागत ज्ञान, सीप, संस्कृतिको जगेर्ना हुन सकेको छैन । नेपालमा हाल बौद्धिक सम्पत्ति सम्बन्धमा Copy Right Act र Patent Design Trademark Act कार्यान्वयनमा रहेता पनि औद्योगिक क्षेत्रमा Industrial Intellectual

Property Act आउन सकेको छैन । प्रतिलिपि अधिकार संरक्षण, औद्योगिक सम्पत्ति संरक्षणका लागि कार्य गर्न निकायगत व्यवस्था रहेतापनि बौद्धिक सम्पत्ति सम्बन्धी कार्य गर्न तत्काल निकायगत व्यवस्था हुन सकेको छैन । भएका आदेशमा व्यक्तिले उब्जनी गरेको अन्न बाली वा पालनपोषण गरी हुर्काएको पशुधनसरह नै अधिकार लाग्नेछ भनी प्रष्ट पारेका थिए ।

नेपालको सन्दर्भमा मुलुकी ऐन, १९१० मा भएको अदलको महलअन्तर्गत

**औद्योगिक डिजाइन प्रायः सबै प्रकारका औद्योगिक उत्पादनका हकमा लागु हुन्छ चाहे त्यो घडी होस् वा गरगहना जस्ता सौख र श्रृङ्गारका कुराहरू हुन । यसै गरी घरायसी सरसामान, विद्युतिय उपकरण, सवारी साधन, लत्ता कपडा, हस्तकलाका सामान आदिमा पनि डिजाइन पक्ष रहेको हुन्छ ।**

बौद्धिक सम्पत्ति अधिकारको अवधारणा मानव मात्रले मौलिक रूपमा आर्जन गरेको ज्ञान, विकास गरेको चिन्तन, सिर्जना गरेको कला आदिको संरक्षण गर्नुका साथै यसरी प्राप्त गरिएको ज्ञान, विचार र चिन्तन, सिजना गर्नेको हितमा गरिनुपर्दछ भन्ने मान्यतामा आधारित छ । सिर्जनशीलतालाई प्रोत्साहन गर्न त्यस्ता व्यक्तिका कृति, सिर्जनालाई संरक्षण गर्ने परम्पराको थालनी सन् १६०८ मा चीनका तात्कालिन संग वंशका बादशाहले ९ वटा पुस्तकलाई ती पुस्तकको मौलिक लेखकको अनुमति बेगर पुनः प्रकाशन गरेमा दण्ड सजाय भोग्नु पर्दछ भनी आदेश जारी गुर्नका साथै यसरी जारी प्रतिलिपि अधिकारको सम्बन्धमा गरिएको व्यवस्था नै पहिलो कानूनी व्यवस्था हो । वि.सं. १९९३ सालमा पेटेन्ट, डिजाइन र ट्रेडमार्क ऐन १९९३ तर्जुमा गरी कार्यान्वयनमा ल्याइयो । त्यसपछि वि.सं. २०२२ सालमा पेटेन्ट, डिजाइन, ट्रेडमार्क ऐन २०२२, प्रतिलिपि अधिकार ऐन, २०२२ जारी भई कार्यान्वयनमा आएपश्चात बौद्धिक सम्पत्तिको संरक्षण गर्न थालिएको पाइन्छ । पछि आएर प्रतिलिपि अधिकार ऐन, २०५९ तथा प्रतिलिपि अधिकार नियमावली, २०६१, नेपालको अन्तरिम संविधान, २०६३ को भाग ४ मा राज्यका दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरूमा संक्षिप्त रूपमा व्यवस्था गरिएको थियो । त्यसैगरी

नेपालको संविधानको धारा २५ मा सम्पत्तिको हकको व्यवस्था छ ।

बौद्धिक सम्पत्तिका हाँगामा ओद्योगिक सम्पत्ति र प्रतिलिपि अधिकार पर्दछन् । औद्योगिक सम्पत्तिका आविष्कारको पेटेन्ट, व्यापारिक चिन्हका दर्ता वा व्यापारिक नाम, औद्योगिक डिजाइनको दर्ता, भौगोलिक संकेत र Integrated circuit को लेआउट डिजाइन, Topographics, व्यापारिक गोपनीयताको संरक्षण र अस्वस्थ प्रतिस्पर्धाको विरोध पर्दछन् । प्रतिलिपि अधिकार विशेष गरी साहित्यिक तथा कलात्मक कार्यमा केन्द्रित रहेका, साहित्य, ललितकला, चित्रकला, मूर्तिकला, व्यापारिक कला, कम्प्युटर प्रोग्राम, विद्युतीय र अरू डाटाबेससमेत पर्दछन् । प्रतिलिपि अधिकारले मानिसले गरेका रचना वा अभिव्यक्तिको संरक्षण गर्छ । त्यस्तो रचना वा अभिव्यक्ति मौलिक हुनुपर्छ । मूर्त तथा सादृष्य रूपमा प्रस्तुत गरिएको हुनुपर्दछ । व्यापारमा बौद्धिक सिर्जना र ज्ञानको महत्वलाई उच्च मूल्याङ्कन गर्दै उरूग्वे चरणको वार्ताले बौद्धिक सम्पत्तिको अधिकारको क्षेत्रलाई बहुपक्षीय व्यापारी प्रणाली अन्तर्गत समेट्ने निर्णय गरेको थियो । यसअन्तर्गत प्रतिलिपि अधिकारसम्बन्धी अधिकार र औद्योगिक सम्पत्तिसम्बन्धी अधिकार गरी मुख्यतः दुई क्षेत्र छन् । बौद्धिक सम्पत्तिको अधिकार सम्बन्धी सम्झौता कार्यान्वयनमा आउनु पछाडिको मुख्य उद्वेश्य भनेको नयाँनयाँ आविष्कार र सिर्जनालाई प्रोत्साहित गर्दै सर्जकको आविष्कारलाई निश्चित अवधिसम्म सुरक्षा र संरक्षण प्रदान गर्नुहो ।

**बौद्धिक सम्पत्तिलाई देहाय बमोजिम वर्गीकरण गर्न सकिन्छः**

**औद्योगिक सम्पत्तिः** सामान्यतया अन्वेषणबाट सिर्जित सम्पत्तिलाई औद्योगिक सम्पत्ति अन्तर्गत राख्न सकिन्छ । यस क्षेत्रअन्तर्गत पेटेन्ट, व्यापारिक चिन्ह, भौगोलिक सांकेतिक युक्त उत्पादन, औद्योगिक डिजाइन, व्यापारिक सूचनाहरूको गोपनीयता, एकीकृत सर्किटको नमूना ढाँचा, अस्वस्थ प्रतिस्पर्धा विरूद्धको संरक्षण आदि पर्दछन् ।

**पेटेन्टः** Product र Process को आविष्कारका लागि पेटेन्ट दर्ता गरिन्छ । दर्ता नगरी यो सार्वजनिक अधिकार संरक्षित हुदैन । यो अधिकार कम्तीमा २० वर्ष संरक्षित गरिन्छ । उक्त अवधि समाप्त भएपछि यस आविष्कारहरू स्वतः सार्वजनिक प्रयोगका लागि खुल्ला हुने प्रावधान छ । पेटेन्ट दर्ता गर्ने आविष्कार, आविष्कारका चरणहरू, नौलोपन औद्योगिक उपादेयता जस्ता सर्तहरू पूरा हुनुपर्दछ । सरकारले सार्वजनिक सुव्यवस्था वा नैतिकता कायम गर्न

त्यस्तो आविष्कारका लागि पेटेन्ट जारी नगर्न पनि सक्छ । पेटेन्टका स्वामिले न्यूनतम अधिकार प्रयोग गर्न अनुमती प्राप्त गरेता पनि केही अपवादको समेत व्यवस्था गरिएको छ । पेटेन्टको स्वामीले आविष्कार गरेको उत्पादनलाई बजारमा आपूर्ति नगरी आफ्नो अधिकारको प्रयोग नगरेको अवस्थामा सरकारले त्यो वस्तुको प्रतिस्पर्धालाई सो वस्तु उत्पादन वा प्रक्रियामा प्रयोग गर्न अनिवार्य अनुमति पत्र दिन सक्छ ।

औद्योगिक डिजाइन वस्तुको रूप वा आकृति पक्षसँग सम्बन्धित छ । उत्पादित वस्तुको बाह्य आकर्षणलाई औद्योगिक डिजाइन भनिन्छ । औद्योगिक डिजाइन वस्तुको आकार वा सतहको विशेष प्रस्तुति रेखा, रंग र चित्र संयोजन भएको अथवा बुनिएको वा कुँदिएको द्वैआयामिक पनि हुन्छ र त्रिआयामिक प्रकृतिको पनि हुन सक्छ । औद्योगिक डिजाइन प्रायः सबै प्रकारका औद्योगिक उत्पादनका हकमा लागु हुन्छ चाहे त्यो घडी होस् वा गरगहना जस्ता सौख र श्रृङ्गारका कुराहरू हुन । यसै गरी घरायसी सरसामान, विद्युतिय उपकरण, सवारी साधन, लत्ता कपडा, हस्तकलाका सामान आदिमा पनि डिजाइन पक्ष रहेको हुन्छ । डिजाइनमा निहित बौद्धिक सम्पत्ति अधिकारको संरक्षणका लागि यस्ता डिजाइन आँखालाई मुग्ध पार्ने हुनुपर्दछ । वस्तुमा रहेको प्राविधिक कुरा डिजाइन अन्तर्गत पर्दैन केवल वस्तुको बाहिरी रूप र आकारको प्रस्तुति मात्र यसमा पर्दछन् ।

**प्रतिलिपि अधिकारः** प्रतिलिपि दर्ता गराउने प्रक्रिया अन्तर्गत प्रतिलिपि अधिकार ऐन, २०५९ बमोजिम प्रतिलिपि अधिकार दर्ता गराउनै पर्छ भन्ने बाध्यात्मक व्यवस्था नभएता पनि प्रतिलिपि अधिकारको दर्ता गराउन चाहनेले प्रतिलिपि रजिष्ट्रारको कार्यालयमा गएर प्रतिलिपि अधिकार दर्ता गराउन सक्नेछन् । TRIP को दफा २७ (३) (ख) ले जीवनको प्रकारमा पेटेण्ट प्रदान गर्ने प्रावधानलाई नै यस सम्झौताको सबैभन्दा विवादास्पद पक्ष मानिदै आएको छ । सन् १९८० को दशकमा डाइमण्डविरूद्ध चक्रवर्तीको मुद्धामा अमेरिकी सर्वोच्च अदालतले आनुवंशि प्रविधिद्वारा तयार पारिएको सूक्ष्म जीवाणुहरूमा पेटेण्ट प्रदान गर्न सकिन्छ भन्ने निर्णय गरेबाट नै यो कुराले वैधानिकता पाउन थालेको देखिन्छ । तत्पश्चात जैविक प्रविधि, औषधि, कृषि, रसायन र बीउसँग सम्बन्धित बहुराष्ट्रिय कम्पनीहरूले आफ्नो राष्ट्रको सरकारहरूलाई दिएका दबाबका कारणले नै TRIP सम्झौतामा दफा २७(३)(ख) घुसाउन सफल भएका हुन् ।

यी व्यापारिक फर्महरूमध्ये जीवन प्रणालीमा पेटेण्ट प्रदान गर्ने कुराको वकालत गर्नेमा जैविक प्रविधिसम्बन्धी शोधार्थी र व्यापारमा लागेका फर्महरू अग्रपंक्तिमा देखिन्छन् । यिनीहरूको विचारमा 'जैविक प्रविधिबिना संसारको बढ्दो खाद्यान्नको आवश्यकता परिपूर्ति गर्न असम्भव हुनेछ' । यसलाई पेटेण्ट प्रदान गरिएन भने जैविक प्रविधिसम्बन्धी कार्यमा अनुसन्धान र विकासका लागि खर्च गर्न कुनै पनि व्यापारिक फर्म तत्पर हुदैन भन्ने तर्कलाई पनि अगाडि सार्दै आएका छन् । (Grain, 1998) ।

नेपालमा सर्वप्रथम वि.सं. १९९३ (सन् १९३७) मा पेटेण्ट डिजाइन तथा ट्रेडमार्क ऐन आएको देखिन्छ । जसमा बौद्धिक सम्पत्तिको अधिकारको संरक्षण स्वदेशी नागरिकहरूले मात्र गराउन सक्ने प्रावधान थियो । यो ऐनलाई वि.सं. २०२२ (सन् १९६५) मा आएको पेटेण्ट, डिजाइन र ट्रेडमार्क ऐनले खारेज गऱ्यो । यो कानूनअनुसार कुनै पेटेण्ट आफ्नो नाममा दर्ता गर्न चाहने व्यक्तिले आफ्नो नाम, ठेगाना र पेसा उल्लेख गरी सम्बन्धित निकाय समक्ष दरखास्त दिनुपर्ने प्रावधान छ । त्यसरी निवेदन परेपछि आवश्यक जाँचबुझ गरी नेपाल सरकारले कुनै आविष्कार वा वस्तुमा पेटेण्ट प्रदान गर्नसक्ने प्रावधान छ । तर कुनै विदेशीले आफ्नो देश तथा अन्य तीनवटा देशहरूमा कुनै पेटेण्टलाइ दर्ता गराइसकेको छ भने त्यस्तो पेटेण्टलाई जाँच नै नगरी स्वतः पेटेण्ट प्रदान गर्न सक्ने प्रावधान ऐनको दफा ५(३) ले गरेको छ । तर जीवनमा पेटेण्ट प्रदान गर्ने कार्य हाम्रो धार्मिक मूल्य, मान्यता र नैतिकतासँग गाँसिएको हुँदा ऐनको दफा ६(ग) बमोजिम कानूनी रूपमा दर्ता हुनसक्ने स्थिति भने हाललाई देखिदैन । यो ऐनअन्तर्गत दर्ता भइसकेको पेटेण्टमा पेटेण्टवालाको हक १५ वर्षसम्म कायम रहन्छ ।

डब्ल्यूटीओ नियमहरूमा आधारित व्यापार प्रणाली हो । यो खासगरी वस्तु तथा सेवाको अन्तर्राष्ट्रिय व्यापार तथा बौद्धिक सम्पत्ति अधिकारको संरक्षणसँग सम्बन्धित छ । यसले वस्तु तथा सेवा, बौद्धिक सम्पत्ति अधिकार, भन्सार महसुल आदि विभिन्न विषयमा गरिएका डब्ल्यूटीओ सम्झौताहरूको निगरानी गर्नुका साथै ती सम्झौताहरू लागू गर्दछ । डब्ल्यूटीओको स्थापना १ जनवरी १९९५ मा भएको हो । ट्रिप्स सम्झौता मुख्यतया उरूग्वे चरणको छलफलको उपज भएता पनि यो विशुद्ध व्यापारसँग मात्र सम्बद्ध विषय होइन ।

**नेपालमा बौद्धिक सम्पत्तिसम्बन्धी समस्या तथा चुनौतीः**

वि.सं. २०२२ सालमा बनेको पेटेन्ट, डिजाइन, ट्रेडमार्क ऐन, २०२२

र पुरानो ऐनलाई संशोधन गरी २०५९ सालमा बनेको प्रतिलिपि अधिकार ऐन, २०५९, ले कतिपय नयाँ विषयवस्तुलाई समेट्न सकेको पाईदैन । जस्तो कि भौगोलिक संकेत (Geographical Indication), इन्टिग्रेटेड सर्किट, लेआउट डिजाइन (Integrated Secrets Layout Design), व्यापारिक योग्यता (Trade Secret) जस्ता विषयहरूलाई सम्बोधन गर्नुको साथै त्यस किसिमका विषयलाई समेट्ने गरी कानूनी व्यवस्था गर्न सकिएको छैन । TRIPS लागु गर्ने सम्बन्धमा अन्य विकसित मुलुकले सन् २०१३ सम्म ग्रेस अवधि पाए पनि त्यस सम्बन्धमा आवश्यक गृहकार्य गरी पूर्वाधार तयार गर्ने कार्य त्यत्तिकै चुनौतीपूर्ण छ । त्यस्तै औषधिको पेटेण्ट संरक्षण सम्बन्धमा त्यसतर्फ पनि आवश्यक पूर्वाधार तयार गर्नुपर्ने चुनौती नेपाल समक्ष छ । बौद्धिक सम्पत्ति संरक्षणका लागि आवश्यक पूर्वाधारका लागि नीतिगत रूपमा समय सान्दर्भिक ऐन कानून तर्जूमा र सुधार गर्नुपर्ने अवस्था छ भने अर्को तर्फ यसमा कार्य गर्न सक्ने गरी दक्ष जनशक्तिको विकास गर्नुपर्ने रहेको छ । नेपालमा बौद्धिक सम्पत्ति सम्बन्धी पेटेण्ट, डिजाइन र ट्रेडमार्क ऐन, २०२२ ले प्रदान गर्ने अधिकारहरूको उल्लङ्घनमा प्राप्त हुने उपचार तथा सो को कार्यान्वयन पक्ष ज्यादै फितलो छ । वि.सं. २०२२ मा ऐन वने पनि सोसँग सम्बन्धित नियमावली हालसम्म बन्न नसक्नु । Geographical Indication र Collective marks को दर्ता सम्बन्धी व्यवस्था ऐनमा नहुनु । पेटेण्ट, डिजाइन र ट्रेडमार्कसँग सम्बन्धित उजूरी तथा मुद्धाहरूको कार्यविधि बन्न नसक्नु । बौद्धिक सम्पत्तिको क्षेत्रमा काम गर्ने जनशक्ति न्यून हुनु एवं भएको जनशक्तिमा पनि विशेषज्ञताको अभाव । कर्मचारीहरूको निरन्तर सरूवा । संस्थागत व्यवस्था कमजोर । संरक्षण गर्ने छाता संगठनको अभाव । अवैज्ञानिक सूचना प्रणाली र अभिलेख प्रणाली । सार्वजनिक सचेतनामा कमी देखिन आउछ ।

बौद्धिक सम्पत्तिहरूको दर्ता गर्ने, छानविन गर्ने परीक्षण गर्ने कार्य जटिल एवम् प्राविधिक काम हो । यसका लागि यस सम्बन्धी पर्याप्त सूचना, तथ्याङ्क र जानकारीहरूको संकलन र प्रयोग हुनुपर्दछ । साथै अनुभवी र तालिम प्राप्त जनशक्ति पनि त्यति नै आवश्यक कुरा हो । यसैगरी अन्तर्राष्ट्रिय जगतमा औद्योगिक सम्पत्तिसम्बन्धी कम्प्युटर प्रविधिको निकै विकास भइसकेको छ । यी प्रविधिको प्रयोग विना यो क्षेत्रको कार्य गर्नु ज्यादै कठिन छ । यी कुराहरूसहित समग्र बौद्धिक

सम्पत्तिको प्रशासन संचालन गर्ने दक्ष जनशक्ति, उपयुक्त साधन स्रोत र प्रविधि, समयानुकूलको ऐन नियम आदिले सम्पन्न एक छुट्टै प्रशासकीय संगठन संरचनाको व्यवस्था गर्न जरूरी देखिन्छ । बौद्धिक सम्पत्तिको विचलन र दुरूपयोग आदिको प्रभावकारी नियन्त्रण गरी दोषीलाई उचित सजाय दिनु बौद्धिक सम्पत्ति व्यवस्थाको अर्को महत्वपूर्ण पक्ष हो । हालको ऐन नियम र जनशक्तिबाट यस क्षेत्रमा प्रभावकारिता आउन सकेको छैन भन्ने गुनासो सुनिन्छ । तसर्थ यसतर्फ पनि पर्याप्त ध्यान जानु पर्ने देखिन्छ । यसमा खासगरी अन्य निकायहरू जस्तै प्रहरी, प्रशासन, भन्सार र अदालतहरूलाई सुसुचित, दक्ष र प्रभावकारी बनाउन अति आवश्यक छ ।

WTO अन्तर्गत ट्रिप्स सम्भौता (TRIPS Agreement) ले बौद्धिक सम्पत्तिको संरक्षणमा पहल गरेको पाइन्छ । यो सम्भौता WTO को स्थापनासँगै लागू भएता पनि अल्पविकसित मुलुकहरूको विशेष अवस्थालाई ध्यानमा राखी लागु गर्न सकिने गरी निर्णय भएको छ । यसैगरी औषधिको पेटेण्ट संरक्षण लागु गर्ने सम्बन्धमा अन्य विकसित मुलुकहरूका लागि २०१६ सम्म ग्रेस अवधि दिएको पाइन्छ । संयुक्त राष्ट्र संघको Specialized Agency को रूपमा WIPO ले विश्व व्यापार संगठन स्थापना पूर्व नै बौद्धिक सम्पत्तिको संरक्षण सम्बन्धी कार्य गर्दै आएको छ । बौद्धिक सम्पत्ति संरक्षणका लागि Paris Convention, Berne Convention, Madrid Convention, Treaty Convention, Patent Cooperation Treaty, Washington Agreement, Rome Convention जस्ता विभिन्न सम्भौताहरू भएका छन् ।

**सहायक ग्रन्थहरू**


- विजय श्रेष्ठ, राजस्व शास्त्र सिद्धान्त र व्यवहार प्रथम संस्करण २०४६
- Dr. Govinda ram Agrawal, Entrepreneurship development in NepalM.K. publisher and distributors, Kathmandu, Edition 2006
- सिताराम तामाङ, समाज द्वन्द्व र राजनीति, रतन सागर प्रकाशन प्रा.लि., डिल्लिबजार, काठमाडौं, संस्करण २०६७
- केशव वडाल, चीनको अर्थ राजनीति र सहकारी, प्रकाशन मिति चैत्र २०६७ (२०११) अप्रिल
- आर्थिक सर्वेक्षण २०७७/७८, नेपाल सरकार, अर्थ मन्त्रालय, २०७८ ।
- वर्तमान पन्धौं पञ्चवर्षिय योजना २०७६-२०८१, नेपाल सरकार, राष्ट्रिय योजना आयोग, काठमाडौं, नेपाल, २०७६ । ♦♦

नियात्रा

# सुन्दर झरनाभित्र ऐतिहासिक गुफा



घनबहादुर थापा

मान्छेको मन न हो, चञ्चल हुन्छ । चञ्चल मन यत्रतत्र बरालिन्छ । बरालिएको मन सम्हाल्न मान्छेलाई घुमफिर आवश्यक छ सायद ! नभए पनि चेतनशील र जिज्ञासु मान्छे निरन्तर घुम्न चाहिरहन्छ । मलाई लाग्छ अघिल्लो पुस्ताका हाम्रा अग्रजहरू घुमफिरलाई महत्व दिंदैनथे । घुम्न जाने ध्यान हुँदैनथ्यो र समय पनि दिंदैनथे । अर्थात काम विशेषले एक ठाउँदेखि अर्को ठाउँसम्म जानु बाहेक घुमफिरको प्रचलन पटक्कै थिएन । अहिले विश्वभर घुमफिर गर्ने प्रचलन व्यापक छ । त्यसैको बाछिटा, प्रभाव हामीलाई पनि परेको छ । जसलाई हामीले एउटा राम्रो अवसरको रूपमा आत्मसात गरेका छौं । त्यसैले पनि मन चञ्चल होस् वा स्थिर घुमफिरमा नरमाउने मान्छे विरलै होलान् । तर घुमफिरलाई व्यवस्थित बनाउन कहिले जाने, कहाँ जाने, को को जाने, कसरी जाने आदि पूर्वयोजनामा ध्यान दिनुपर्ने हुन्छ । प्रायः यस्तै योजना बनाई हुने घुमफिर बिना पूर्वयोजना पनि हुने रहेछ । यस्तै बिना पूर्वयोजनाको अविस्मरणीय घुमफिर भयो एक दिन मेरो पनि ।

वि.सं. २०७८ सालको अन्तिम दिन अर्थात चैत ३० गते काठमाडौं बौडेश्वरको यात्रा प्रसङ्ग हो यो । चैत महिना भए पनि मौसम गर्मी थिएन । त्यसैले कुनै छटपटी पनि थिएन । घर बिदामा बसेको कारण कार्यालय जानुपर्ने पनि थिएन । खास कामको योजना केही थिएन । भर्खर मुक्तिनाथको यात्राबाट फर्केकोले आराम गरी घरमै बस्ने योजनामै थिएँ । पुस्तक पढेर दिन बिताउने सोच्दै थिएँ । बिहानै गायिका/साहित्यकार रेणु अधिकारी मौनताले आग्रह गर्नुभएको थियो, "आज भूतखेलमा मेरो गीतको म्युजिक भिडियो सुटिङ छ, फुर्सद भए आउनुहोला है सर !"

फुर्सद भएकोले जानुपर्छ भन्ने मनमा लाग्यो । बिहानको खाना खाएपछि सुटिङ स्पटतिर जाउँला भन्ने सोचेको थिएँ । मेरो योजनाबारे अनभिज्ञ श्रीमती साबित्रीजीबाट अचानक नयाँ प्रस्ताव पो

आयो, "घर बस्दाबस्दै कस्तो दिक्क लाग्यो । यसो बाहिर कतै घुम्न निस्कौं न !"

लामो यात्राबाट भर्खर फर्केको कारण घर बाहिर निस्किनै दिक्क लागेको थियो मलाई । घुम्न जाने कुराले फेरि झस्कायो । तै पनि हुन्न भन्ने आँट आएन । "भूतखेलतिर जाने त ? मन्दिर दर्शन गर्न पनि पाइन्छ । वरिपरि रमणीय बँगैचा, फराकिलो चौर छ !" आफै जाने योजना बनाएको ठाउँको वर्णन गर्दै त्यतै जान आग्रह गरें मैले । 'मौनता' म्यामको गीतको म्युजिक भिडियो सुटिङ त्यही भइरहेकोले त्यो पनि हेर्न पाइने आशा देखाएँ ।

"हुन्छ नि, त्यतै जाम् न त", छोटो प्रतिक्रियासँगै सहमती आयो । 'एक पथ दो काज' भनेझैं एकै ठाउँ जाँदा दोहोरो काम हुने भएकोले मलाई पनि ढुक्क भो ।

काठमाडौं टोखा नगरपालिकाको पुरानो टोखा बजार नजिकै पर्छ भूतखेल । अहिले पनि फराकिलो चौरमा बाक्लै रूखहरू छन् । सार्वजनिक जमिन भएकोले निश्चित शुल्क तिरेर पिकनिक आउनेहरूको भिड लाग्छ । सार्वजनिक बिदाको दिन ठाउँ पाउनै मुस्किल पर्छ । जमिनलाई विभिन्न भागमा विभाजन गरी पिकनिक स्पट बनाइएको छ । गर्मीमा बटुवाहरूलाई सितल छहारी मिल्छ । पहिले पहिले पक्कै भूत बस्ने, खेल्ने भएको कारण त्यस ठाउँलाई 'भूतखेल' नामाकरण गरिएको अनुमान लगाउन सकिन्छ । तर अहिले मान्छे नै भूत भए सायद, चौबिसै घण्टा आफ्नो नियन्त्रणमा लिएका छन् चौरलाई !

दिउँसो करिब एक बजे हाम्रो जोडी त्यहाँ पुग्दा मन्दिरमा केही समूह र मन्दिरको ठिक अगाडि हरियाली चौरपट्टी पालमा अर्को समूह व्रतबन्ध गर्दै थिए । केही मान्छे रमाइ रमाइ व्रतबन्धको भोज खाँदै थिए । सुमधुर धुनमा पण्डितको कर्मवाचन निकै कर्णप्रिय लाग्थ्यो । नजिकै मन्दिरको ओम् नमः शिवाय.... स्वरले मन आनन्दित गराउँथ्यो । मन्दिरमा घरिघरि ट्वाङ् ट्वाङ बज्ने घण्टीले जागरूक हुन सचेत बनाउँथ्यो । वरपरि रूखमा चराहरूको चिरवीर स्वरले झनै सुगन्ध थपेको थियो । कामको बोझ घटाउन, मनोरञ्जन दिन हाम्रो धर्म संस्कृतिले यस्ता धेरै विकल्प दिएको छ । आफन्त भेटघाट, मीठो मसिनो खाने खुवाउने, आपसमा खुसी साट्ने अवसरको रूपमा यस्ता पर्व र ठाउँलाई लिने गरिन्छ । यिनै पर्व परम्परा धान्दै गरिएका क्रियाकलापका कारण निकै रमणीय वातावरण देखियो त्यहाँ । मन्दिर परिसर, भूतखेल चौर, बगैंचा घुम्दै आन्तरिक पर्यटनको हैसियतमा हामीले केही

तस्बिरहरू लियौं । चारैतिर नियाल्दा हामीले भेट्न खोजेको म्युजिक भिडियोको सुटिङ् युनिट कतै देखिएन । मलाई अब कता जाउँ भन्ने असमञ्जसमा परेको देखेर होला साबित्रीजीले फ्याट्ट सोध्नुभयो, "बौडेश्वर महादेव जानुभएको छ ?"

"छैन", छोटो उत्तर दिँदै मैले सोधें, "कहाँ पर्छ यो ?"

"यहाँदेखि नुवाकोट जाने बाटोतिरै त हो नि, जाने हो र ?" साबित्रीजीले पुनः सोध्नुभो ।

"जाऊँ न त !" सुटिङ युनिट भेटिन्छ कि भन्दै वरिपरि नियाल्दै भनें मैले । तर युनिट कतै देखिएन । गीतको धून पनि सुनिएन । मनमनै सोचें, "ढिला आइएछ, सुटिङ सकियो होला ।" यस्तै विचार गर्दै मुड अब बौडेश्वर जानेतिर मोडियो ।

स्कुटर स्टार्ट गरें, 'टर्रर..... ।' यसअघि एकपटक गएको भए पनि श्रीमतीजीलाई स्थान एकिन रहेनछ । त्यहीं पुग्न पनि बटुवाको सहारा लिइयो । पुरानो टोखा बजार हुँदै ओरालो झरियो । केही क्षणमै पञ्चेटार फाँट देखियो । तीन/चार वर्ष पहिले आउँदा देखिएको खुला फाँट अहिले घर नै घरले भरिएछ । विकास भन्ने कि विनाश ? सर्सर्ती हेर्दै अगाडि बढियो । करिब पाँच किलोमिटर स्कुटर यात्रापछि शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जको फेदीमै ठोक्कियो नजर । सडक छेउमा लहरै सवारी साधन पार्किङ गरेर मान्छेहरू ओरालो गोरेटो झर्दै गरेको देखेपछि हाम्रो गन्तव्य पनि यही हो भन्ने ठम्माइयो ।

टोखा नगरपालिकाको वडा नम्बर १ महाङ्काल क्षेत्रमा पर्ने रहेछ यो ठाउँ । छेउमा स्कुटर पार्किङ गरेर हामीले पनि पक्की सिँढीहरू गन्न थाल्यौं । झाडीले छोपिएको अवस्थामा फलामे पुरानो पुल देखियो । वरिपरि सल्लाका ठुलाठुला रूखहरू र ओइलिएर झरेका सल्लाका पातहरूले हामीलाई क्वारक्वार्ती हेरिरहेका थिए । ढलाएर टुक्रा पारी राखेका रूखका लामा लामा मुढाहरू कुम्भकर्ण निद्रामा परेझैं लम्पसार परेका थिए । सायद निर्माण कार्य प्रयोजनका लागि ढालिएका होलान् । काठमाडौं शहर नजिकै यति ठुला रूख निश्चय नै फलदायी मान्न सकिन्छ । चैतमा पनि झम्म परेका रूखहरूको गाढा हरियाली लोभलाग्दो देखियो । शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जको हरियाली जङ्गलको त कुरै नगरौं । सिंढी झर्दै जाँदा पारिपट्टी झोरको विशाल फाँटले मन तान्यो । हतपत क्यामेरामा कैद गरियो दृश्य । साँझ घरमा पुगेर तस्बिर हेर्दा लाग्यो अग्लो चट्टानसहित हामी दुई र पछाडिपट्टी पृष्ठभूमिमा निकै तलको समथर फाँट, बीच बीचमा तरकारी खेती झुलेका र फाट्टफुट्ट मात्रै आधुनिक महलहरू ठडिएको

दृश्य । शहरको अधिकांश ठाउँ कङ्क्रिटको जङ्गल बनिसकेको अहिलेको अवस्थामा यो ठाउँ हेर्दा लाग्थ्यो यस्तो समथर र सुन्दर भूमि अझै पनि बाँकी रहेछ है !

गोरेटोबाटोबाट दाहिने मोडिएपछि गन्तव्यमा पुगियो । बौडेश्वर महादेव जाने भनेर गए पनि त्यहाँ प्रसिद्ध निकुञ्जको फेदमा ढुङ्गै ढुङ्गाको चट्टानको बीच भागबाट निरन्तर बग्ने सुन्दर बौडेश्वर झरनाले सुरूमै मन तान्यो । ओ हो एउटै ढुङ्गो कति भीमकाय ! त्यही ढुङ्गो माथिबाट फरररर फैलँदै झरेको थियो झरना । तुलनात्मक रूपमा कम होला तर चैतको धूपमा पनि झरना झरझर बगिरहेको थियो । मन्दिर भन्दा झरनातिर पो नजर दौडिए । 'राइछहरो' जस्तो अग्लो झरना खोलानाला बीचमा जन्मे हुर्केको म काठमाडौं उपत्यका छिरेपछि यस्ता अनुपम प्राकृतिक सौन्दर्यदेखि टाढिएको थिएँ । अहिले सहर नजिकको झरनामा झुम्दा, रम्दा र मनोरञ्जनात्मक प्राकृतिक छटाको मज्जा लिंदा बालककालको सम्झना ताजा भयो । आँखै अगाडिको दृश्य पनि सपना बन्यो र आफैलाई चिमोटें । झसङ्ग हुँदै नजिकैका भीर, पहरा, ठुला चट्टान, छाँगा र छहरा नियालें । नजिकैका बारीका गराहरू, जङ्गल जस्ता प्राकृतिक छटाहरूले भरिपूर्ण झरनाले मोहित नपार्ने कुरै भएन । घण्टौं हराइयो त्यहीं । नजिकैका दर्जनौं रिसोर्ट, रेष्टुरेन्टले आगन्तुकको भोकप्यास मेट्ने मात्रै हैन त्यहाँ बिक्रीका लागि राखिएका अर्ग्यानिक खाद्य सामग्रीले मन लोभ्यायो । पसल र पेटीमा बेच्न राखेको अर्ग्यानिक गुन्द्रुकको बासना हरर फैलियो ।

झरना नजिकै भगवान् महादेवको शक्तिपिठ रहेछ । 'ओम् नमहः शिवाय...' परम्परागत दर्शनका लागि तत्पर रही पूरा गरियो । पिठ बाहिर ऋषि आश्रम र नजिकै अलौकिक गुफा रहेछ । अँध्यारो गुफाभित्रै भगवान् महादेवको पूजा गर्ने प्रचलन रहेछ । गुफाभित्र छिर्ने बित्तिकै विभिन्न मूर्तिहरू लहरै देखिए । प्राकृतिक ढुङ्गाका मूर्ति, पूजा गर्ने स्थान, महादेवको मूर्ति नजिकै दीप प्रज्वलन गरिएको रहेछ । गुफाभित्र अक्सिजनको कमिले गर्दा अत्यास लाग्न सक्छ भन्दै सचेत हुँदै अगाडि बढें । गुफाभित्र उज्यालोका लागि बिजुली बत्तीको व्यवस्था रहेछ । हिंड्न निकै सजिलो बनायो । यस ठाउँमा पार्वतीको अङ्ग पतन भएपछि बौडेश्वर महादेव उत्पत्ति भएको किंवदन्ती रहेछ । भगवान् महादेवको पूजा गरेमा मागेको वर पाइने धार्मिक विश्वास रहेको आगन्तुकले सुनाए । धार्मिक, साँस्कृतिक, ऐतिहासिक र प्राकृतिक महत्व बोकेको बौडेश्वर झरनामा पुग्दा हर्षित हुन

पाइयो । काठमाडौंको कोलाहलबाट एकक्षण भए पनि मुक्ति पाएको अनुभव र मनमा आनन्द महसुस भयो ।

झरना आफैमा प्रकृतिको सुन्दर उपहार हो । मानव मन आकर्षित नहुने प्रश्न नै आउँदैन । यसैले सुन्दर बौडेश्वर झरना क्षेत्रमा दैनिक आन्तरिक तथा बाह्य पर्यटकको चाप बढ्दो क्रममा रहेछ । हामी पुग्दा पाटन क्याम्पसको टि–सर्ट लगाएर रमाएको समूह र अन्य पारिवारिक समूहमा आएका मानिसहरूको निकै बाक्लो उपस्थिति देखियो । “बढ्दो आकर्षणलाई ध्यानमा राखी यस क्षेत्रलाई अझै उत्कृष्ट पर्यटकीय गन्तव्यको रूपमा विकसित गरे कति राम्रो हुन्थ्यो होला है”, मनमा यस्तै भावना तरङ्गीत भए । तर के गर्नु ? 'आफै त महादेव कसले देला वर ?' भनेझैं आफै पर्यटक परेपछि मनको भावना मनमै थुनी राख्ने पिँजडाको कल्पना गर्नु बाहेक अर्को विकल्प देखिएन ।

तर यत्तिमै निराश हुने अवस्थाबाट सैद्धान्तिक रूपमा पार पाइयो । किनकी यस क्षेत्रको समृद्धिका लागि र यस क्षेत्रलाई राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय स्तरमा चिनाउनका लागि टोखा नगरपालिकाले गुरूयोजना तयार गरी काम सुरू गरेको जानकारी पाउँदा हाम्रो मन पनि जङ्गल छिचोलेर जमिनमा झरेको घाम बन्यो । गुरूयोजना अन्तर्गत मनोरञ्जन पार्क, पिकनिक स्पोट्स र मन्दिरको पुनः निर्माण गर्ने योजना रहेछ । आहा, कति राम्रो सन्देश ! सुन्दैमा कान पनि पवित्र भएझैं लाग्यो । मन केही उज्यालियो । रक क्लाइम्बिङ, फुटबल ग्राउण्डलगायतको निर्माण पनि गरिनेछ भन्ने जानकारी पाइयो ! आहा यस्तो हुन सकेमा छोटो समय र थोरै खर्चमा धेरै मनोरञ्जन लिन सकिनेछ भन्नेमा दुविधा रहेन । आश त गर भर त नपर भनेझैं आशाको भिनो भारी बोकेर घरतिर फर्किन उकालो चढियो । सिँढी चढ्दै पछाडिको दृश्यलाई पछ्याइयो ।

मूल सडकमा केही क्षण गुड्ने बित्तिकै “बालमैत्री पार्क”मा नजर पर्‍यो । झरनादेखि केही नजिक मात्र रहेछ पार्क । नगरपालिकाले निर्माण गर्ने भनिएको बालमैत्री पार्कले काम सुरू गरिसकेको रहेछ । सडकबाटै निर्माणाधिन पार्कस्थल नियालियो । यसले सो क्षेत्रको विकसित रूप हेर्ने चाहनामा मलजल थप्यो । गोडमेल गरी पानी सिञ्चित गरेको बगैंचा बन्यो मन । निर्माणाधिन पार्क र पूर्वाधारबिना यति धेरै चहलपहल भएको झरनाको गुरूयोजना कार्यान्वयन भए कति राम्रो होला कल्पना मात्र गर्न सकियो । चिसो मौसम भन्दा गर्मीमा मान्छेको चाप बढ्ने रहेछ । यसले बौडेश्वरमा आन्तरिक पर्यटक लोभिदै गएको पुष्टि भयो । धार्मिक तथा

मनोरञ्जन दुवै उद्धेश्यका पर्यटक आउने गरेको पाइयो । मन रम्दै घरमा पुग्दा छुट्टै वातावरणले पछ्याएको अनुभूति भइरह्यो ।

आजको यात्राले मलाई जुन उत्साह थप्यो त्यो निकै गरूङ्गो मूल्य बराबर छ, अझै अमूल्य नै भन्दा फरक नपर्ला ! यै भएर त सात समुद्र पारीबाट निकै पैसा र समय खर्च गरी पर्यटकहरू नेपाल घुम्न आउने रहेछन् । आज हाम्रा स्वर्गभैंं सुन्दर गन्तव्यहरू 'नजिकको तीर्थ हेलाँ' भएका छन् । यिनको महत्व बुझ्न, संस्कृतिको सम्बर्धन गर्न, प्राकृतिक सम्पदा जोगाइ राख्न अनि हाम्रै ज्ञानको संसार फराकिलो पार्न यस्ता स्थानको भ्रमण सुनमा सुगन्ध हुनेछ । यो नियात्रा पढी सक्दा तपाईंको मनमा प्रश्न उब्जिन्छ होला, 'कसरी जान सकिन्छ त बौडेश्वरमा ?' नआत्तिनुस् तर एक पटक पक्कै पुग्नुस् है, टोखादेखि नुवाकोटको छहरे सडक खण्डमा पर्ने बौडेश्वर झरनामा सार्वजनिक सवारीको साथै नीजि सवारी साधनमा समेत सजिलै जान सकिन्छ । ♦♦

**गीत**

## मेरी माया ........



✍ **दिपकराज विश्वकर्मा**

संसारै भरिका किताबहरूमा, जति छन् शब्दहरू
तिमीलाई त्यो भन्दा धेरै माया
आकाशैभरि जुन वरिपरि, जति छन् ताराहरू
तिमीलाई त्यो भन्दा धेरै माया
ओ माया.... मेरी माया.... मेरी माया............

सुन चाँदि हिरामोति भन्दा
मूल्यवान, तिमी मेरा लागि
यति बुझ मुठी सास भन्दा
मूल्यवान, तिमी मेरा लागि
ओ माया....मेरी माया....मेरी माया....
संसारैभरिका किताबहरूमा.........

मेरो भन्नु जे जे छन् मेरा
गरिदिएँ, यो मन तिम्रै नाम
सुख दुःख हासो खुसी जे होस
गरिदिएँ, जीवन तिम्रै नाम
ओ माया.... मेरी माया.... मेरी माया....
संसारैभरिका किताबहरूमा.........

# बहुप्रतिभाशाली महिला वैज्ञानिकः मेरी क्युरी



✍ राजेशमान के.सी.

वैज्ञानिक मेरी क्यूरीको जन्म सन् १८६७ को नोभेम्बर ७ तारिखका दिन पोल्याण्डको राजधानी वार्सामा भएको थियो । उनको वास्तविक नाम थियो मेरिया स्क्लोडोआस्का । तर फ्रान्समा गएपछि उनले आफ्नो नाम परिवर्तन गरी फ्रेन्च भाषाबाट उच्चारण हुने मेरी नाम राखेकी हुन् । तत्पश्चात फ्रेन्च नागरिक पेरी क्यूरीसँग विवाह भएपछि उनको नाम मेरी क्यूरी रहन गएको हो ।

मेरीका पिता वार्साको एक विद्यालयमा भौतिक विज्ञान विषयका शिक्षक तथा आमा स्कूलमा शिक्षिका थिइन् । मेरीको प्राथमिक शिक्षा वार्साकै एक स्थानीय स्कूलमा भएको थियो र उनले पिताबाट नै भौतिक विज्ञान सम्बन्धी आधारभूत ज्ञान हासिल गरेकी थिइन् । मेरी ११ वर्षकी हुँदा उनकी आमाको मृत्यु भयो र पिताले पोल्याण्डमा तत्कालीन रूसी शासनको विरोध जनाएका कारण सरकारी नोकरीबाट बर्खास्त हुनु परेको थियो । रूसी उपनिवेशवादकै दबदबाले गर्दा पोल्याण्का महिलाहरूलाई त्यतिखेर कलेजमा गई अध्ययन गर्न छुट थिएन । त्यसैले विदेशमै गएर भएपनि उच्च शिक्षा हासिल गरी छाड्ने दृढ अठोटका साथ केही वर्ष उनले स्वदेशमै रही कडा परिश्रमका साथ काम गरिन् । त्यतिखेर उनी विद्यालयस्तरका बाल बालिकाहरूलाई ट्युसन समेत पढाउने गर्दथिन् । मेरी आफ्नो अध्ययनको क्रममा कैयौं पटक आर्थिक संकटका कारण भोकभकै बस्नु पर्ने हुन्थ्यो र भोककै कारण उनी आफ्नो कक्षा कोठामै बेहोस समेत हुन पुगेकी थिइन् ।

यसरी केही वर्ष आफ्नै मुलुकमा रही काम गरेपछि उच्च शिक्षा हासिल गर्ने आफ्नो अभिलाषा अनुरूप सन् १८९१ म उनी फ्रान्सको राजधानी पेरिसतर्फ लागिन् । पेरिसको सर्वोन विश्वविद्यालयमा करिब ३ वर्ष अध्ययन गरेपछि उनले गणित र भौतिक विज्ञान

विषयमा प्रमाण पत्र तहको शिक्षा पूरा गरिन् । त्यसपछि सन् १८९४ मा उनले भौतिक विज्ञानका प्राध्यापक पेरी क्यूरीसँग प्रेम विवाह गरिन् । विवाह पछि पनि उनले आफ्नो अध्ययनलाई निरन्तरता दिइन् जसको फलस्वरूप सन् १९०३ मा उनले भौतिक विज्ञानमा विद्यावारिधी समेत हासिल गरिन् । आफ्नो अथक परिश्रम र मेहनतको फलस्वरूप उनले सोही वर्ष सर्वोन विश्वविद्यालय अन्तर्गत भौतिक विज्ञान प्रयोगशालामा प्रमुखको रूपमा सेवा गर्ने अवसर प्राप्त गरिन् भने उनका पति उनका सहायक थिए । मेरी दम्पत्तिको सार्वजनिक जीवन यसरी नै बितिरहेको थियो ।

पछि सन् १९०६ मा आएर मेरीको जीवनमा अत्यन्त ठूलो बज्रपात हुन पुग्यो । सो वर्ष उनको पतिको एक सवारी दुर्घटनामा परी आकस्मिक निधन भयो । त्यसपछि उनले आफ्नो पति सेवारत सर्वोन विश्वविद्यालयको विज्ञान संकाय अन्तर्गत भौतिकशास्त्रको प्रचार्य पदमा रही सेवा गर्न थालिन् । आफ्नो पेशाप्रतिको ईमान्दारिता र लगनशीलताका कारण उनी सन् १९१४ मा आएर सर्वोन विश्वविद्यालयकै मातहतमा रहेको रेडियम इन्स्टीच्यूटमा निर्देशक पदमा नियुक्त हुन पुगिन् ।

मेरीको पूर्ण जीवनकाल अत्यन्त संघर्षमय रहेको थियो । मेरी र पेरी क्यूरीले आफ्नो अध्ययन गर्ने थलोको रूपमा रहेको प्रयोगशालाको अवस्था पनि अत्यन्त दयनीय थियो र आफ्नो जीवन निर्वाहको लागि मेरी दम्पत्तीले निकै कठोर परिश्रम गर्नु पर्दथ्यो । सन् १८९६ मा विलियम कोनराड रोन्टजोनले एक्स किरण र त्यसको लगत्तै पछि हेनरी बेकेरल नामक अर्का एक वैज्ञानिकले पनि त्यस्तै प्रकृतिको विकिरण उत्सर्जन गर्ने यूरेनियम धातुको बारेमा पत्ता लगाएपछि मेरीलाई आफ्नो अध्ययन अनुसन्धान सम्बन्धी कार्यमा ठूलो प्रेरणा मिल्यो । जसको फलस्वरूप मेरीले रेडियोएक्टीव विकिरणबाट पोलोनियम जस्तो धातु छुट्याउने कार्यमा सफलता हासिल गरिन् । पोलोनियम उनी जन्मेकै मुलुक पोल्याण्डको नामबाट राखिएको थियो ।

त्यसपछि उनले रेडियोएक्टीव विकिरणबाटै रेडियम नामक धातु समेत पर्याप्त मात्रामा छुट्याउन सकिने पद्धतिको विकास गरिन् । मेरीले गरेको विभिन्न प्रयोगहरूको आधारमा रेडियमलाई मानिसको जीवनमा पोलिनियम र यूरेनियम जस्ता रेडियोएक्टीव पदार्थभन्दा बढी उपयोग गर्न सकिने नतिजा निस्क्यो । उक्त नतिजाकै आधारमा मेरीले शरीरको कुनै

भागमा ट्युमर वा क्यान्सरको घाउ स्वतः सुकेर जाने वा नष्ट हुने कुरा प्रमाणित गरेर देखाई दिइन् । सोही प्रमाणको आधारमा मेरीले प्रथम विश्वयुद्धताका क्यान्सर पीडित धेरै रोगीहरूलाई रेडियमको प्रयोगद्वारा उपचार गरी रोगीलाई नयाँ जीवन प्रदान गर्न समेत सफल भइन् । मेरीको यस अद्वितीय योगदानको उच्च मूल्याङ्कन गर्दै सन् १९०३ मा उनलाई पति पेरी क्यूरीका साथ भौतिकशास्त्रतर्फको नोबेल पुरस्कार संयुक्त रूपमा प्रदान गरिएको थियो । त्यसपछि फेरि सन् १९११ मा आएर उनले रेडियो विकिरणको पहिचान र उपयोगितामा पुऱ्याएको योगदानलाई उचित कदर गर्दै रसायन शास्त्रतर्फको नोबेल पुरस्कारद्वारा पनि सम्मान गरिएको थियो ।

यसबाहेक आफ्नो अतुलनीय योगदानका कारण उनी थुप्रै राष्ट्रिय अन्तर्राष्ट्रिय मान-पदक तथा विभूषणहरूद्वारा पनि सम्मानित भएकी थिइन् । त्यस्तै विज्ञान सम्बन्धी थुप्रै अन्तर्राष्ट्रिय जर्नलहरूमा उनको अनुसन्धानमूलक लेख-रचनाहरू प्रकाशित भएका छन् भने उनले Investigation on Radioactive substances (1904), Isotopy and Isotopic elements / Treatise on radioactivity (1970) जस्ता आफ्ना कृतिहरूलाई पुस्तकका रूपमा प्रकाशित गरेकी छन् । मेरी क्यूरीको अर्को उल्लेखनीय पक्ष के हो भने उनको एउटै परिवारभित्र पाँच जना सदस्यहरू नोबेल पुरस्कार प्राप्त गर्न सफल भएका थिए । मेरीकी जेठी छोरी इरेनले सन् १९३५ मा आफ्ना पति फ्रेडरिक जोलियोटकासाथ रसायनशास्त्रतर्फको नोबेल पुरस्कार संयुक्त रूपमा प्राप्त गरेकी थिइन् भने उनकी कान्छी छोरी इभका पति एच.आर. लबुस्से संयुक्त राज्य अमेरिकाका एक उच्च पदस्थ कुटनीतिज्ञ थिए । उनी पनि सन् १९६५ मा संयुक्त राष्ट्र सङ्घ बालकोष (यूनिसेफ) को निर्देशकको रूपमा सन् १९६५ को शान्तितर्फ नोबेल पुरस्कार प्राप्त गर्न सफल भएका थिए ।

यस्ता बहुप्रतिभाशाली वैज्ञानिक मेरी क्यूरीले अध्ययन अनुसन्धानकै क्रममा रेडियोविकीरणबाट उत्पन्न घातक असरका कारण आफ्नो हातको सबैजसो औँलाहरू गुमाउन पुगेकी थिइन् । अन्ततः रेडियो विकीरणको अत्यधिक प्रयोगबाट उत्पन्न घातक असरकै कारण "ल्युकेमिया" नामक रक्त क्यान्सर सम्बन्धी रोगबाट सन् १९३४ को जुलाई ४ तारिखका दिन ६७ वर्षको उमेरमा फ्रान्सको सेभोई शहरमा उनको दुःखद् निधन भयो । ♦♦♦

लघुकथा

# हिरा र मुक्ताफलको झोला



✍ राजबाबु श्रेष्ठ (सागर )

बिजलपुरा गाउँमा एकजना तिलक बहादुर र तिलमाया बुढाबुढी बस्थे । तिलक बहादुरका जग्गा जमिन थुप्रै थिए । खेतीपातीबाट आएका उब्जाले उनले प्रशस्तै धन जोडेका थिए । एक दिन तिलक बहादुरको देहावसान भयो । तिलमाया विधुवा भइन् । नोकरचाकरहरू सबैले घर छाडेर गए । तिलमाया बिचरी एक्लै परिन् । खेतीपाती सबै बाँझा नै रहे ।

जुनेली रातको दाउ पारी चारजना चोरहरू तिलमायाको घर चोर्न भनेर आए । चारैजना चोरहरू मिली तिनलाई चार हातखुट्टा बाँधे र एउटाले छुरी देखाउँदै भन्यो, "भन् बुढीया सन्दुकको चाबी कहाँ छ ? भन्ने भा भन् होइन भने तँलाई मारिदिन्छु ।"

"मलाई थाहा छैन सन्दुकको चाबी । जिउँदो हुँदा बुढाले मलाई चाबी राख्ने ठाउँ कहिले देखाएनन् । बरू, ऊ.. त्यो परको ढिस्कोमा धेरै वर्ष पहिला एकझोला हिरा र मुक्ताफल प्लास्टिक्मा बाँधी गाडेर राखेको यत्ति थाहा छ मलाई" तिलमायाले रूँदै मुखले ढिस्कोतिर इसारा गर्दै भनिन् ।

चारैजना चोरले तिलमायालाई घिसार्दै ढिस्कोमा लिएर गए र बन्दुक देखाउँदै अर्कोले भन्यो, "भन् बुढीया, काँ गाडेको थियो ? याँ कि याँ ? याँ ? याँ ?" ढिस्कोमा जतैततै बन्दुकको कुन्दा गाड्दै भन्यो । तिलमाया डरले थचक्कै बसिन् र रूँदै भनिन्, "था छैन मलाई काँ गाडेका थे । धेरै वर्ष भएकाले मैले पनि बिर्सें । तर झोला गाडेको चाइँ यही ढिस्को हो । मेरो बुढाले झोला गाडेपछि यो ढिस्को कसैलाई भत्काउन दिएनन् । बरू, तिमेरूले यो ढिस्कोलाई खनेर सम्म बनाऊ र निकाल हिरा र मुक्ताफलको झोला अनि बजारमा बेचेर आधा पैसा मलाई देऊ र आधा तिमेरू राख ।"

चोरहरूले झोलाको लोभमा ढिस्को तँछाडमछाड गर्दै सम्म बनाउने कोसिसमा जुटे तर झोला भेटिएन । यत्तिकैमा बिहान भयो । ढिस्कोको छेउमै

मान्छे हिंड्ने ठुलो बाटो थियो । मान्छेहरू ओहोरदोहोर गर्न थाले । चोरहरू सबै भागे तिलमायालाई त्यहीं छाडेर । तिलमाया जुरुक्क उठिन् र मुसुक्क हाँस्दै भनिन्, "बल्ल ढिस्को मिलेर सम्म भयो । अब बाली लाउँछु ।" ♦

कविता

## "भूसको आगो"



✍ हेमन्तप्रसाद दाहाल

सधैं रम्थ्यो स्वादले जिब्रो
आज खल्लो छ यो किन ।
उपल्लो घरको बास्ना
लिनै पर्ने भयो दिन ।।

छैनन् आज खुसी उनी
हिजो जस्तो मुहारमा ।
छैन कि भान्सामा केही
नुन तेल पुच्छारमा ।।

बोल्ने होइनन् कुनै वाक्य
सधैं चल्छ ईशारामा ।
दाल चामल पनि रित्तो
पेट रित्तो ईशारामा ।।

हर्पेमा पनि देख्दिन
घिउ खाली छ त्यो टिन ।
कस्तो थियो कस्तो भयो
उजाडिदैं गयो दिन ।।

शृङ्गार पनि देख्दिन
फुस्रा छन् ओठ गाला ।
छैन आँखामा गाजल
छैन उनको निको चाला ।।
हिजोसम्म भन्दै थिइन्
ज्युनार गरिबक्सियोस् ।
छैन आज बोलचाल
बानी व्यहोरा खस्कियो ।।

कोही त छन् की तिम्रा
घर भाड्ने अझै पनि ।
भूसको आगो लगाएर
राप ताप्ने अझै पनि ।।

जाली झेली फटाहाले
तिम्रो सिउँदो उजाड्दै छन् ।
बुझ्नै पर्छ तिमीले अब
खण्डहर झैं गुजारदै छन् ।।

मौकामा चौका हान्दैछन्
तिम्रो सोझोपना देखी ।
औंसीको रात झैं तिम्रा
लादैछन् कू बाटो छेकी ।।

दुःख सुखमा रम्ने
बानी तिम्रो छँदै थियो ।
कुन पापीले चाल्यो चाल
बस्ने बास छँदै थियो ।।

# विप्रेषण बढाउने उपायको अवलम्बन



✍ सुदर्शन अधिकारी

हाम्रो अर्थतन्त्रको महत्वपूर्ण टेकोको रूपमा रहेको विप्रेषण विगतको वर्षदेखि निरन्तर रूपले घट्दै आइरहेको देखिन्छ । लाखौं नेपाली युवा जनशक्ति विदेशमा श्रमका लागि गएका छन्। उनीहरूले पठाएको नगदलाई हामी विप्रेषणको नामले चिन्ने गर्छौं । खासगरी कोरोनाको दोस्रो लहर पछि विप्रेषणको मात्रामा गिरावट आउन थालेको हो । सरकारले विदेशबाट विप्रेषण पठाउने व्यक्तिहरूलाई नगद प्रोत्साहन तथा सेवा शुल्कमा छुट दिने तयारी गरेको छ । विप्रेषण बढाउनका लागि सरकारले राष्ट्र बैंक र विप्रेषण कम्पनीहरूबीच आवश्यक छलफल गरी उपयुक्त विकल्पको चयन गर्ने भएको छ । विदेशी मुद्राको आप्रवाह बढाउनका लागि यो नवीन उपायको अवलम्बन गरिने भएको सम्बन्धित निकायका व्यक्तिहरू बताउँछन् ।

हाम्रो विदेशी मुद्राको प्रमुख स्रोत विप्रेषणनै रहेको सन्दर्भमा यसलाई वृद्धि गर्नका लागि सरकारले ठोस उपाय मार्फत अगाडि बढ्ने भएको छ । विप्रेषण खातामा हाल दिंदै आएको थप एक प्रतिशत ब्याजदरमा केही परिवर्तन गर्ने, विप्रेषण पठाउने व्यक्तिहरूलाई सामाजिक सुरक्षा कोष, सञ्चय कोष लगायतमा आबद्ध गर्ने वैदेशिक रोजगार बचतपत्रको बिक्रीलाई सहज र प्रभावकारी बनाउने लगायतका विकल्पहरूमा घनीभूत छलफल भईरहेको बताईन्छ । अन्य देशहरूले पनि विप्रेषण बढाएर नै यस्तै नीतिको अवलम्बन गरेको देखिन्छ जसले पच्चिस प्रतिशत विप्रेषण वृद्धि भएको दृष्टान्त पाइएको छ । गत साउनदेखि विप्रेषण लगातार घटदै गएको छ । गत आर्थिक वर्षको तुलनामा पहिलो छ महिनामा ५ बिन्दु ५ ले कमी आएको छ । आकाशिएको शोधनान्तर घाटा र तीव्र रूपमा घटिरहेको विदेशी मुद्राको विनिमय सञ्चितिमा सुधार ल्याउने उपायहरूको खोजी तीव्र बनाइएको हो ।

सुक्ष्म आर्थिक दृष्टिले हेर्दा

विप्रेषणले दैनिक खर्च टार्न, ऋण तिर्न, घर जग्गा खरिद गर्न, घर निर्माण तथा खरिद गर्न बालबालिकाको शिक्षा, स्वास्थ्य आदिमा खर्च भएको देखिन्छ । विप्रेषणको रकम विपन्न नागरिकमा सोभै पुग्ने भएकोले उनीहरूको जीवनस्तरमा सुधार ल्याउने कार्यमा महत्वपूर्ण सहयोग पुगेको देखिन्छ । वृहत आर्थिक दृष्टिले हेर्दा यसले विदेशी विनिमय, भुक्तानी सन्तुलन, आन्तरिक ब्याजदर बचत, लगानी आर्थिक वृद्धि र गरिबी निवारणमा महत्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ । नेपालमा वैदेशिक रोजगारीबाट प्राप्त हुने आम्दानीको असी प्रतिशत भन्दा बढी रकम अनुत्पादक क्षेत्रमा खर्च हुने गरेको विभिन्न अध्ययनले देखाएको छ ।

विप्रेषणको केही हिस्सा पुरानो ऋण तिर्न, खाद्यान्न जुटाउन, शिक्षा स्वास्थ्य आदिमा खर्च पनि भए अधिक रकम भने घर जग्गा खरिद गर्न, विवाह, व्रतबन्ध गर्न लगायतका घरायसी कार्यमा तथा चाड पर्वमा खर्च हुने गरेको देखिन्छ । खासगरी प्लानिङ् घडेरीको निर्माण गर्ने कार्यले जमिनको स्वरूप बिगार्ने मात्र नभई प्राकृतिक स्रोत तथा साधनको विनाश हुने समस्याले हामीलाई पिरोलेको छ । त्यति मात्र नभई खाद्यान्नको समस्या बढ्दो रूपमा देखिँदै आएको छ । राज्यले विशेष योजना निर्माण गरी विप्रेषणको रकमलाई उत्पादनमूखी कार्यमा लगानी गर्ने वतावरण निर्माण गर्नु पर्ने खाँचो सर्वत्र गरिदैछ । आज सबैको चाहना सहरमा बस्ने रहनुको मुख्य कारण भनेको विप्रेषणबाट प्राप्त रकम बन्दै गएको वास्तविकतालाई भुल्नु हुदैन ।

हाम्रो देशबाट विदेशमा श्रम गर्न जानेहरू अधिकांश अदक्ष र अर्ध दक्ष कामदार नै हुन् । सम्बन्धित देशको श्रमिकको माग अनुसार हामीले सीप नसिकी विदेशमा काम गर्न जाँदा अनेकौ समस्याहरूको सामना गर्नु परिरहेको छ । श्रम सम्भौता अनुसारको रकम पाउन नसक्दा उनीहरूको श्रम शोषण ज्यादा मात्रामा भईरहेको छ । उनीहरूले अनेकौ शारीरिक तथा मानसिक समस्या भोगिरहेका छन् । विविध समस्याका बाबजुत उनीहरूले पठाएको रकमबाट देशले अनेकौ लाभ भने लिईरहेकै अवस्था छ । गरिबी घटाउन, आर्थिक असमानता कम गर्न, बचत तथा लगानी वृद्धि गरी पूजी निर्माण गर्न, विदेशी मुद्राको स्रोत बढाउन, विदेशी विनिमय दर स्थिर गर्न, आर्थिक वृद्धि गर्न, बेरोजगारी घटाउन, भुक्तानी सन्तुलन अनुकूल बनाउन आर्थिक स्थायित्व कायम गर्न जस्ता कार्यमा विप्रेषणको ठूलो र महत्वपूर्ण सहयोग रहदै आएको छ ।

विप्रेषण अल्पविकसित देशका

लागि महत्वपूर्ण वैदेशिक वित्तिय स्रोतको रूपमा रहँदै आएको छ । विदेशमा रहेका नेपालीहरू मध्ये सबैभन्दा बढी भारतमा रहेको तथ्याङ्क देखिन्छ । हाम्रो देशका नगरिकका लागि भारत सहज गन्तव्य रहेकोले पनि धेरै रोजगारीमा जाने युवा जनशक्ति भएका हुन् । भारतमा पुग्नका लागि भिषा आवश्यक नपर्ने र खुल्ला सिमाना भएकै कारण सहजता भएको देखिन्छ । वैदेशिक रोजगारीको सवालमा भन्नु पर्दा स्वदेशमा रोजगारीको अवसर प्राप्त नभएपछि औपचारिक रूपले विदेश जान सुरू गरिएको इतिहास भने सन् १९९६ देखि नै हो । वैदेशिक रोजगारी सँगसँगै बसाइ सराइ पनि तीव्ररूपले बढ्न थालेको देखिन्छ । बालबालिकाको पढाई लेखाई तथा अन्य अवसरका लागि पनि सहर केन्द्रित हुन थाले ।

विप्रेषणले देशमा आर्थिक सङ्कट पर्दा ठूलो सहयोग पुगेको पाईन्छ जस्तै रोगको महामारी, भूकम्प, राजीतिक युद्ध, प्राकृतिक विपत्ति जस्ता विषम अवस्थामा महत्वपूर्ण टेवा दिएको दिएको देखिन्छ । यस क्षेत्रमा रहेका समस्याहरू पनि धेरै रहेका छन् जसलाई हटाउनका लागि थप कार्यहरू सम्पादन गर्नु पर्ने देखिन्छ । अझै पनि अवैधानिक रूपले विप्रेषण भित्रिने क्रम जारी रहनु, आएको रकम अनुत्पादक क्षेत्रमा लगानी हुनु, पर्याप्त मात्रामा वैदेशिक रोजगारीका गन्तव्य स्थलहरूको खोजी हुन नसक्नु, विदेशमा रोजगारीमा जाने श्रमिकलाई पर्याप्त सीप सिकाउन नसक्नु, कामदारलाई अभिमुखीकरण तालिमको व्यवस्था प्रभावकारी रूपमा गर्न नसक्नु, गैरकानुनी रूपले विदेशमा जाने क्रम नरोकिनु, विदेश जाँदा अदृश्य खर्च ज्यादा मात्रामा हुनु, कामदारको सुरक्षाको अभाव हुनु, विप्रेषणको कारोबार गर्ने संस्थाहरूको अनुगमन नहुनु जस्ता समस्याले गर्दा वैदशिक रोगारीलाई अब व्यवस्थित बनाउन सकिरहेका भने छैनौं ।

विप्रेषणलाई राज्यले उत्पादन मूलक क्षेत्रमा लगानी गर्न सक्नुपर्छ । कतिपय म्यानपावर कम्पनीले युवालाई अलपत्र पारी उनीहरूको रकम ठगी गरी भाग्ने गरेका घटनाहरू पनि त्यतिकै बढेर गएका छन् । यस समस्यालाई प्रभावकारी रूपले नियन्त्रण गर्नु पर्ने खाँचो रहेको छ । विशेष गरी महिला श्रमिकमाथि हुने श्रम शोषणलाई हटाउन प्रभावकारी कदम चाल्नु पर्ने देखिन्छ । श्रमिकहरू पनि गैरकानूनी मार्गबाट विदेश जाने कार्य बन्द गर्नु पर्छ । राज्यले विदेश जानेहरूका लागि पनि ऋण दिने सहज तरिका अपनाउनुपर्छ । बढ्दो बेरोजगारीलाई

हटाउनका लागि स्वदेशमानै उद्योग स्थापना गर्ने कार्यमा पनि विशेष ध्यान दिनु पर्ने खाँचो रहेको छ । हाम्रो देशबाट विदेशमा काम गर्न जाने असी प्रतिशत भन्दा ज्यादा अर्ध दक्ष वा अदक्ष कामदार हुने भएकोले पनि धेरै कठिनाईको सामना गर्नु परेको यथार्थतालाई पनि हामीले भुल्नु हुँदैन ।

विप्रेषण क्षणिक रूपले सकारात्मक भए पनि यसले दीर्घकालीन हित गर्दैन भन्ने गर्छन्, यस क्षेत्रका जानकारहरू त्यसैले हामीले उद्योग स्थापना गरी धेरैलाई रोजगारी दिन सकिने स्थलहरूको खोजी नगरी नहुने अवस्था सिर्जना भएको छ । हामीले विदेशमा निर्यात गर्ने सामानहरू जस्तै गलैंचा, हस्तकलाका समानहरू, चिया, कफी, अलैंची, जडिबुटी, गार्मेन्टका सामान तथा तयारी पोशाक आदिको उत्पादनमा जोड दिनुपर्छ । हामी परनिर्भर हुँदै गएका छौं । कृषि प्रधान देशमा खाद्यान्न समेत मासिक अर्बौं रकमको आयात गरिरहेका छौं । फलफूल, तरकारी समेत भारतबाट ठूलो मात्रामा खरिद गर्नु पर्ने अवस्था रहेको छ । वैदेशिक श्रमलाई सम्मानीत र व्यवस्थित बनाउदै क्रमिक रूपमा यसलाई घटाउँदै लानु पर्छ । वैदेशिक रोजगारीलाई कम गर्ने मुख्य विकल्प भनेको कृषि नै हो । कृषिमा आम युवालाई आकर्षित गर्न सकिएमा स्वत बेरोजगारी घट्दै जान्छ ।

आम नागरिकको जीवनस्थर वृद्धि गरी आर्थिक रूपमा सवल बन्नका लागि गरीबी कम गर्नु जरूरी हुन्छ । यसका लागि रोजगारी बढाउनु पर्छ । जसलाइ न्यून गर्न कृषि, पर्यटन, जलश्रोतका क्षेत्रमा उल्लेख्य मात्रामा विकास गर्दै जानुपर्ने हुन्छ । समग्रमा भन्नु पर्दा हामीले हर तरहले रोजगारी सिर्जना गर्नुपर्ने खाँचो रहेको छ । ♦

## गजल



✍ **लीलाराज दाहाल**

बिना कसूर सभा छली भाग्नु हुन्न भाई
कान नछामी हल्लापछि लाग्नु हुन्न भाई

आफूले चाहीं के दिएँ सोच्नु पर्छ सधैं
हरेक चीज माटोसँगै माग्नु हुन्न भाई

धैर्यताको बाँधलाई थुनी राख्नु पर्छ
बेहोसीमै आत्तिएर जाग्नु हुन्न भाई

आफन्त त सधैंभरि आफ्नै रहन्छ नि
मित्र छोडी रिपुतिर लाग्नु हुन्न भाई

"लीला" गर्न सधैंभरि छुट छँदैछ त
मर्यादाको पर्खाल चाहीं नाघ्नु हुन्न भाई

संस्मरण

# स्मृति बिम्बमा विनय कसजू



✍ गङ्गा कर्माचार्य पौडेल

जिन्दगीका उकाली ओरालीमा, भञ्ज्याङ र देउरालीमा अनगिन्ति मानिसहरू भेटिन्छन् । अनेक प्रकारका घटनाहरू घट्छन् तर ती सबै मानिस र घटनाहरू हाम्रो सम्झनामा रहिरहँदैनन् । कुनै क्षणभरमै बिर्सिएर जान्छन् । कुनै महिना वर्षमा बिर्सिइन्छन् । कुनै व्यक्ति वा घटना भने यस्ता हुन्छन् की हाम्रो मानसपटलमा कहिल्यै नमेटिने ढुङ्गाका अक्षर जस्ता अमिट रहन्छन् । अविष्मरणीय हुन्छन् । तिनै अविष्मरणीय व्यक्ति मध्ये मेरो स्मृति बिम्बमा हुनुहुन्छ, वरिष्ठ साहित्यकार, पत्रकार, बहुमुखी प्रतिभाका धनी, स्रष्टा, द्रष्टा आदरणीय विनय कसजू सर ।

**परिचयः**

विनय कसजू सरको जन्म २००४ साल भदौ २५ गते बुधबार पाल्पाको भगवती टोलमा भएको थियो । काठमाडौंको फर्पिङ स्थित आदर्श मा.विबाट २०२० सालमा एस.एल.सी परीक्षा उत्तिर्ण गरेपछि बनारसमा गएर पढ्न थाल्नुभएको उहाँले आइ.ए. पास गरेर नेपाल फर्किए पछि पनि अध्ययनलाई निरन्तरता दिँदै २०२९ सालमा त्रि.विबाट बि.ए सम्मको औपचारिक शिक्षा आर्जन गर्नु भएको थियो ।

उहाँले स्कूल जीवन देखिनै साहित्यमा रूचि राखि साहित्यका किताबहरू पढ्ने र लेख्ने गर्नुहुन्थ्यो । फलस्वरूप २०२० असोज कार्तिकमै गोरखापत्रमा उहाँका लेखहरू छापिएका थिए । त्यसपछिका दिनहरूमा विनय कसजू सरले साहित्य लेखनका साथै पत्रकारिता र २० वर्षकै कलिलो उमेरमा रिडी गाउँ पञ्चायतको प्रधान पञ्च बनेर राजनीतिलाई एकसाथ अगाडि बढाउँदै लानुभएको पाइन्छ । बालसाहित्यमा २०२२ सालमा 'कुखुराका चल्लाहरू देखेर' शीर्षकको बालकविता लेखेर सुरू गर्नुभएको कसजू सरले केही वर्षको अन्तरालमा बालसाहित्यका थुप्रै पुस्तक लेखेर मात्र होइन आफूले जानेको ज्ञान, सिप म लगायत अरू पनि धेरै जना

लेखकहरूलाई सिकाएर यस क्षेत्रमै विशिष्ट योगदान पुऱ्याउनु भयो । नेपालकै परिप्रेक्षमा किशोर साहित्यको अभाव भएको बेला किशोर साहित्य लेखनको तालिम दिएर किशोर साहित्यका किताबहरू प्रकाशित गरिएका थिए । सादा जीवन उच्च विचारका कुबेर, नेपाली भाषा साहित्यका एक उज्ज्वल नक्षत्र विनय कसजू सरको शरीर अहिले हाम्रो सामु छैन । उहाँको भौतिक शरीर नभए तापनि उहाँले दिनुभएको ज्ञान, सिप, स्नेहका माध्यमबाट विनय कसजू सरले हाम्रो हृदयमा बास गरिसक्नु भएको छ । अहिले म उहाँसँगको अनुभूतिलाई लिपीबद्य गर्ने प्रयासमा छु । लेख्न बडो कठिन भईरहेको छ । यसो सम्भिन खोज्यो कि अनायासै भाव विह्वल हुन पुग्छु । मन थाम्नै सक्तिन । अक्षरहरू भिजेर बिलाइदिनाले यतीखेर म शब्दविहिन भएकी छु ।

**विनय कसजूसर सँगको पहिलो भेटः**

नेपाली भाषा साहित्यको क्षेत्रमा विनय कसजूको नाम नसुनेका अभ भनौ बालसाहित्यमा उहाँलाई नचिनेका कोही छैनन् होला । म पनि साहित्यमा रूचि राख्ने भएकाले उहाँको नाम धेरै अघि सुन्दै आएकी थिएँ । उहाँले लेख्नु भएको बाल कथाका किताबहरू पढेकी थिएँ । १०१ वटा बाल कथाहरूको एउटै संगालो भएको पुस्तक किनेर घरमा राखेकी पनि थिएँ । किताब भित्रका सन्देशमूलक, छोटा मिठा रमाइला बाल मनोविज्ञानमा आधारित बालमैत्री उहाँका रचनाहरू पढेर भर्खर बालकथा लेख्दै गरेकी मैले त्यसबाट थप उर्जा पाएकी थिएँ । उहाँको बालकथा कसरी लेख्ने ? व्यवहारिक ज्ञान भएको किताबबाट बालकथा लेखन शिल्प सिकेकी थिएँ । त्यसकारण मनभित्रै देखि उहाँलाई म गुरू मान्दथैं । भेट्न भने इच्छा भएर पनि समय चाहीं मिलिरहेको थिएन ।

२०६७ साल माघ २१, २२ र २३ गते साभा शिक्षा ई पाटी (Ole Nepal) नामको गैरसरकारी सस्थाले नेपालकै साहित्य इतिहासमा पहिलो पल्ट नगरकोटमा तीनदिने किशोर साहित्य लेखन कार्यशालाको आयोजना गरेको थियो । उक्त कार्यशालामा सहभागीताका लागि म सहित २१ जना एउटै गाडीमा जाँदै गर्दा विनय कसजू सरसँग परिचय हुने अवसर जुरेको थियो । सरको किताबमा फोटो मात्रै देखेकी मैले त्यतीबेला प्रत्यक्ष देख्न पाउँदा अत्यन्तै हर्ष लागेको थियो ।

उक्त कार्यक्रममा महादेव अवस्थी, चूडामणी बन्धु र विनय कसजू सर प्रशिक्षकको भूमिकामा हुनुहुन्थ्यो । विनय कसजू सरले हाल अरू देशमा

किशोर साहित्यको अवस्था कस्तो छ ? यो कसरी लेख्नु पर्छ भन्नेबारे केही देशका उदाहरण भिडियोबाट प्रस्तुत गर्नुभएको थियो । जसले गर्दा हामी प्रशिक्षार्थीहरूलाई परम्परागत लेखनबाट आधुनिक लेखनतर्फ प्रेरित गरिएको मैले अनुभूत गरेकी थिएँ ।

विनय कसजू सर नाम जस्तो स्वभाव पनि त्यस्तै विनयशील पाएँ मैले । उहाँको सरल व्यवहार, मधुर वाणी, भद्र अनि शालिन व्यक्तित्व, नहडबढाई बिस्तारै बुझाएर पढाउने शैलीले गर्दा सरको कक्षा समय कहिल्यै लामो लागेन । बरू अझै सुनौ लाग्दैमा एक घण्टाको लेक्चर समय सकिएको पत्तो पाईदैनथ्यो ।

विनय सरलाई दोस्रो पटक २०६७ साल फागुन १३ गते नेपाल बालसाहित्य समाजबाट आयोजित बालसाहित्य कार्यक्रम पाल्पामा भेटेकी थिएँ । त्यती बेला सरसँगै उहाँकी धर्म पत्नी गङ्गा कसजू पनि हुनुहुन्थ्यो । विनय कसजू सर र गङ्गा म्यामको जोडी अत्यन्त सुन्दर लाग्यो मलाई । जति सुन्दर जोडी उतिनै सुन्दर कर्म पनि देखें मैले । उहाँहरूले नेपालकै ऐतिहासिक नगरी पाल्पामा अवस्थित देशकै पुरानो पुस्तकालय मध्येको एक धवल पुस्तकालयमा बाल कक्षको स्थापना गर्नुभएको रहेछ । भुइँमा कार्पेट ओछ्याइएको त्यसमाथि बस्नलाई चकटी, पढ्नलाई ऱ्याकभरि बालसाहित्यका किताब, खेलौना सहितको चिटिक्क परेको साच्चिकै लोभलाग्दो थियो त्यो बाल कक्ष । उहाँहरूको बालबालिका प्रतिको स्नेह, कर्तव्य, पठन संस्कृतिको विकासमा पुऱ्याउनु भएको योगदान सबैका लागि उदाहरणीय, अनुकरणीय लाग्यो ।

त्यसपछिका दिनहरूमा विनय सर र गङ्गा म्यामलाई बालसाहित्यका प्राय कार्यक्रमहरूमा सँगै देख्थैं। जहाँ भेट्दा पनि सर म्याम मसँग बोल्नु हुन्थ्यो । सर जस्तै म्यामको पनि शालिन व्यक्तित्व, सरल व्यवहार, मधुरवाणी पाउँदा मनमनै कस्तो भाग्यमानी जोडी भन्थें । सबैसँग समान व्यवहार गर्ने सबैको भलो चिताउने, भरोसा लाग्दो उहाँहरूको जोडीलाई भेट्दा मलाई मेरा साखबै पर्ने कोही आफन्ती भेटेको अनुभूति हुन्थ्यो ।

वास्तवमा विनय कसजू सर उदार दिलको हुनुहुन्थ्यो । आफूले जानेका कुरा अरूलाई सिकाउन रूचाउनुहुन्थ्यो । अहिलेको जमानामा मानिसहरू आफै खाउँ, आफै लाउँ दुइचार जना मान्छेको अगाडि आफै जान्ने सुन्ने बनुँ भन्ने खालका स्वार्थीहरू धेरै भेटन्छन् तर त्यसको ठिक विपरीत सबैले जानुन् बुझुन् सबै सक्षम होउन्

भन्ने विद्धमान असल मानविय गुण भएको हुनुहुन्थ्यो विनय कसजू सर । त्यसैले त बालसाहित्यमा कलम चलाउने धेरैजनालाई प्रशिक्षण दिनुभयो । विनय सरबाट प्रशिक्षित एक दर्जन भन्दा बढी प्रशिक्षार्थीहरू आफै सक्षम भई अहिले देशका विभिन्न ठाउँका स्कूलमा गएर विद्यार्थी लगायत त्यहाँका शिक्षकहरूलाई समेत बाल, किशोर कथा लेखन तालिम दिने गरेका छन् । नेपाली भाषा साहित्यको बाल, किशोर साहित्य लेखनमा यो एउटा ठूलो उपलब्धिपूर्ण कार्य हो भन्ने मलाई लागेको छ किनभने सैद्धान्तिक ज्ञानको अभावमा सर्जकहरूले आफूखुसी लेखेका सिर्जनाहरू भन्दा प्रशिक्षण पछि लेखिएका रचनाहरू अझ बढी गुणस्तरिय, शिल्पयुक्त, बाल, किशोरमैत्री भएको मैले पाएको छु ।

म सम्झन्छु, विनय कसजू सरले बेलाबेलामा भन्ने गर्नुहुन्थ्यो, बालसाहित्य बालबालिकालाई असल र योग्य मानिस बनाउने सबैभन्दा प्रभावकारी साधन हो । बाल साहित्य लेख्नु भनेको राष्ट्रलाई ऋण तिर्नु हो । विनय कसजू सरले बालसाहित्यमा धेरै नारी स्रष्टाहरू आउनु पर्छ किनभने बच्चाहरू बाबुसँग भन्दा आमासँग बढी नजिक हुने हुँदा पुरूषले भन्दा नारीहरूले बालबालिकाको मनोविज्ञान बुझ्न सक्दछन् भनेर हाम्रो हौसला बढाउनु हुन्थ्यो ।

केही साहित्यकारहरू अझै पनि बालसाहित्यलाई कम महत्व दिने गरेका छन् । नारी स्रष्टाको सिर्जनालाई हलुका रूपले हेर्ने र सतही मूल्याङ्कन गर्ने गरेका छन् । यो भनाई उनीहरूका लागि राम्रो शिक्षा भएको मैले महसुस गरेकी थिए ।

विनय कसजू सर गङ्गा म्यामले मेरो शारीरिक कमजोरीका बाबजुद पनि आफूहरूसँगै फिल्डमा लगेर धेरै महत्वपूर्ण उपलब्धिमूलक कार्यशालाहरूमा सहभागी गराई मलाई कहिले नबिर्सने गुन लगाउनु भएको छ । कार्यशालाका विवरण यस प्रकार छन्ः-

१) २०७१ साल पौष ११,१२ र १३ गते सिप र रोजगारी प्रबर्धन कथा लेखन कार्यशाला पातले वन
२) २०७२ साल फागुन १४,१५,१६ गते मुटु सम्बन्धी बालकथा लेखन कार्यशाला खहरे टौदह किर्तिपुर
३) २०७२ साल चैत्र १२,१३ र१४ गते सञ्चार सम्बन्धी बालकथा लेखन कार्यशाला लप्सेफेदी
४) २०७२ साल जेठ ३०,३१र३२ भुइँचालो शीर्षकमा बालकथा लेखन कार्यशाला विवेक सिर्जनशिल प्रकाशनको कार्यालय कालिकास्थान
५) २०७४ साल फागुन १९,२०,२१ र २२ चार दिने बाल, किशोर साहित्य

लेखन कार्यशाला धुलीखेल । त्यतीबेला भारतबाट बाल साहित्यकार मनोरमा जफा आउन भएको थियो ।

६) २०७४ साल असोजमा तीन दिने किशोर कथा भाग १ लेखन कार्यशाला खहरे टौदह ललितपुर

७) २०७४साल पुस १५ र १६ गते किशोर कथा भाग २ लेखन कार्यशाला खहरे टौदह ललितपुर

८) २०७५ भदौ ११,१२ र १३ गते किशोरी कथा भाग १ र २ लेखन कार्यशाला पनौती नौबिसे फाँट

९) २०७५ सालमा संस्मरण लेखन एकदिने कार्यशाला सानेपा ललितपुर

१०) २०७६ जेठ २२ गते चराका बालकथा लेखन एकदिने कार्यशाला प्राकृतिक विज्ञान सङ्ग्राहालय स्वयम्भु

११) २०७६ कार्तिक ८,९ र १० गते लघुकथा लेखन कार्यशाला किर्तिपुर ।

त्यसरी देशको विभिन्न ठाउँमा गई कथा लेखन कार्यशलामा जीवनको अन्तिम अवस्था सम्म पनि विनय कसजू सरले आफूले जानेको सिप, आर्जेको ज्ञान दोस्रो पुस्तामा हस्तान्तरण गरी नेपाली भाषा साहित्यको क्षेत्रमा बाल किशोर साहित्यको श्रीवृद्धिमा अतुलनिय योगदान पुऱ्याउनु भएको थियो ।

विनय सर भन्नुहुन्थ्यो बालसाहित्य सिर्जना मेरो लागि समाज र राष्ट्रका लागि योग्य र असल नागरिक तयार पार्ने अभियान हो । नेपाली बालसाहित्यलाई सार्थक र उद्धेश्यमूलक बालसाहित्य बनाउन र विश्व स्तरमा पुऱ्याउनका लागि धैरै काम गर्न बाँकी छ । त्यसरी आफू नेपाली भाषा साहित्यको अरू विधामा पनि कलम चलाएर ख्याती प्राप्त गरिसकेको विनय सरले पछिल्लो समयमा आएर बालसाहित्यलाई नै मूल विषय बनाई किताब लेखेर हुन्छ कि अरू लेखकलाई प्रशिक्षण दिएर हुन्छ कि, बालवाङ्मय तथा अनुसन्धान केन्द्र जस्तो बालहितकारी संस्था स्थापना गरेर हुन्छ कि जतिबेला नि त्यसैको चिन्तन मनन गरी रातदिन खटिरहनु भएको थियो ।

हामी पनि बिस्तारै उहाँकै पाइला पछ्याउँदै थियौं । गन्तव्य पुग्न बाँकी छदै यती छिटो हामीलाई छोडेर यो संसारबाट बिदा लिनुहोला जस्तो लागेको थिएन । उहाँको निधनबाट नेपाली भाषा साहित्यको क्षेत्रमा अपुरणीय क्षति पुगेको छ भने राष्ट्रले एउटा असल, इमानदार र नेपाली बाल, किशोर साहित्यको उन्नयनका लागि समर्पित विद्वान, ओजश्वी स्रष्टा गुमाएको छ भने विनय सर नहुँदा हामी रानो हराएको माहुरीको गोलो जस्तो भएका छौं । ♦

# खेलाँची



✍ **प्र.नि.भोजराज पाण्डेय**

गण्डकी प्रदेशकोद्वारको रूपमा रहेको तनहुं जिल्ला आफैमा एउटा ऐतिहासिक र पुरातात्विक तथा सांस्कृतिक एवम् साहित्यिक र भाषिक महत्व बोकेको जिल्ला हो । चाहे बाइसे चौबिसे राजाको पालामा होस् वा त्यस पछिका शाह वंशीय राजाको शासनकालमा नै किन नहोस् यो जिल्ला कुनै न कुनै हिसाबले प्रख्यात र प्रसिद्ध छ । नेपाली भाषा साहित्यका मुर्धन्य व्यक्तित्व आदिकवी भानुभक्त आचार्यको जन्मथलो पनि यही जिल्लामा नै भएको कारण यसको महत्व ईतिहासकाल देखि नै अभ्र व्यापक रहेको छ । छाब्दी बाराही र ढोरबाराही जस्ता प्रसिद्ध धार्मिक मठ मन्दिर एवम् तीर्थस्थल भएको कारणले पनि यसको महत्वलाई नकार्न सकिदैन । सामाजिक संस्कार र यहाँको भूगोल र यस भूगोलमा बसोबास गरेको समुदाय तथा यहाँका बासिन्दाको रहनसहनको कुरा गर्ने हो भने बासिन्दाहरूमा अत्यन्त सहिष्णु वातावरण र विविधता तथा अत्यन्त सौहार्द्र भाइचारा रहेको पाइन्छ ।

मानिस कहीं पनि जन्मजात अपराधी भएर जन्म लिदैन तर कतिपय अपराध शास्त्रीहरूले मानिसको अनुहार तथा उसको बानी व्यवहारबाट नै उसले आपराधिक गुण लिएर जन्मन्छ भनेका छन् । कुनै अपराध योजनाबद्ध तरिकाले गरेका हुन्छन् भने कुनै योजना बिहिन अर्थात परिस्थितिजन्य पनि हुन्छन् । मानिसले कतिपय अवस्थामा मलाई थाहा थिएन भनेर अपराधबाट उन्मुक्ति पाउने प्रयास गरेको पनि हुन्छ । तर त्यसले कानूनी कारबाहीको सन्दर्भमा कुनै अर्थ भने राख्दैन किनभने कानूनको अज्ञानता कहिले पनि क्षम्य हुन सक्दैन ।

यहाँ उल्लेख गर्न लागिएको घटना त्यस्तो कुनै भयानक र गम्भिर प्रकृतिको नभई सामाजिक अपराधको रूपमा रहेको महिला हिंसा अथवा महिलाको अस्मितासँग जोडिएको

सवाल, यौन दुर्व्यवहारसँग सम्बन्धित घटनाको रूपमा रहेको छ । मानिसले सामान्य अवस्थामा आफ्नो मनलाई नियन्त्रण गर्न नसक्दा कसरी कानूनी कठघरामा उभिनु पर्छ भन्ने दृष्टान्त यस घटनामा उजागर गरिएको छ ।

तनहुँ जिल्लाको पश्चिमी ईलाका पाल्ला जिल्लाको रामपुर नगरपालिकासँग जोड्ने भिमाद रिसिङ सडकखण्ड खासै व्यापारिक मार्गको रूपमा परिचित नभएको कारणले होला यस सडकमा त्यति सवारी साधनहरू चल्ने गरेको भने पाइदैन । रिसिङ तथा भिमाद नगरपालिकाको १ र २ नं वडामा बसोबास गर्ने मानिसहरू किनमेल तथा अन्य काम कारबाहीको लागि भिमाद बजार एवम् शुक्लागण्डकी नगरपालिकाको खैरेनिटार र दुलेगौडामा आउनको लागि केही घण्टाको अन्तरालमा चल्ने बस तथा सामान लोड लिई आएका ट्रक तथा ढुङ्गा गिटी बालुवा लोड लिई फर्केका सवारी साधनहरू फर्किने क्रममा बाटोमा त्यसैमा चढी जानको लागि कुर्नु बाहेक अन्य विकल्प त्यहाँ बसोबास गर्ने मानिसहरूमा छैन। भिमाद बजारमा रहेको विद्यालय तथा क्याम्पसहरूमा अध्यनको लागि माथि गाउँगाउँबाट आउने विद्यार्थीहरूले पनि दिनानु दिन त्यही समस्या भोल्नु परेको छ ।

भीमाद नगरपालिका वार्ड नं ७ घर भएको अमृत सुनारको सानै देखि पढाईमा खासै ध्यान थिएन । सायद त्यही कारणले नै होला उसले ५ कक्षा भन्दा माथि पढ्नै सकेन र बीचैमा पढाई छाडेर त्यही रूटमा चल्ने विभिन्न सवारी साधनहरूमा सानै देखि खलासीको रूपमा गाडीमा हिंड्ने गरेको थियो । सायद परिवारको कान्छो छोरो भएको कारणले गर्दा पनि होला उसमा पुलपुल्याई बढी नै थियो ।

अमृतले विगत ३ वर्षदेखि गाउँको काका नाताका महेन्द्र श्रेष्ठको बसमा सह-चालक काम गर्दै आएको थियो । सो गाडी खास गरी पोखराबाट पाल्पाको रामपुरसम्म चल्ने गर्दथ्यो । निज सो गाडीमा सह-चालकको रूपमा हिंड्ने क्रममा परिवर्तित जिल्ला ३९ अन्तर्गत बस्ने पीडित परिवर्तित नाम बेलचौतारा ४ कुमारीसँग स्कूल जाने आउने क्रममा निजसँग सामान्य चिनजान तथा बोलचाल हुने गरेको थियो । पीडित सधैं स्कूल जाने आउने क्रममा बाटो तथा निजको गाडीमा देख्दा अमृतले एकतर्फी रूपमा भित्रै देखि मन पराएको थियो ।

समयलाई कसैले रोकेर रोकिने

कुरा पनि भएन । यो आफ्नै गतिमा निरन्तर अगाडि बढेको हुन्छ । यस्तैमा विगत ३ महिना अगाडि परिवर्तित बेलचौतारा ४ कुमारीको साथीसँग अमृतले पीडितको सम्पर्क नं. मागी तारन्तार फोन गर्ने गरेको थियो । तारन्तार अमृतले फोन गरे पश्चात उनी फोन उठाउन बाध्य हुन्थिन् । निज सहचालक रहेको बसमा चढी कलेज जाने आउने क्रममा बोलचाल हुँदा पीडितलाई "म तिमीलाई साह्रै मन पराउँछु, म तिमी बिना बाँच्न सक्दिन" भनि अमृतले भन्दा उनी कुनै जवाफ भने दिन्नथिन् । सायद यही कारणले होला निजको पीडित प्रतिको नकारात्मक तरिकाले आत्मबल बढेको थियो ।

गाडीमा चढी जाने आउने क्रममा अमृतको एकतर्फी लगावको कारण पीडित कलेज जान समेत छाडेकी थिइन् । पीडितको कमजोरी थाहा पाएर नै होला सायद निजले पटकपटक मन नपराउने जस्तो ठानी यदी तिमीले मलाई माया गर्दैनौ भने म तिम्रो घरमा नै आएर झुण्डिएर मर्छु भनि अमृतले पीडितलाई धम्की दिने गरे पछि निजसँग राम्रैसँग बोल्न बाध्य हुन्थिन । सायद अमृत एकतर्फी प्रेमको कारणले गर्दा नै होला पीडितसँग भेटेर अथवा फोनमा बोल्न पाएको दिनमा उसको मन चङ्गा उडे जस्तो फुरूङ्ग हुन्थ्यो ।

यस्तैमा २०७८ सालको चैत्र ३० गते पीडितलाई अमृतले बारम्बार फोन गर्दा पनि नउठाएकीले भित्रभित्रै छटपटी भइरहेको थियो । उसलाई यति बिध्न मानसिक तनाव थियो की मानौ ऊ अहिले नै समस्याको पहाडले सर्लक्कै थिचिएर बसेको छ । अमृतको छटपटी रातको अध्यारो सँगसँगै झन्झन् बढ्दै गईरहेको थियो । साँझको खाना खाइवरी बिस्तारामा सुत्नको लागि पुगे पनि उसको बेचैनी उराठ लाग्दो बनिरहेको थियो । बाहिर चकमन्न अँध्यारो व्याप्त थियो । गाउँमा सुनसान वातावरण थियो । निजको छटपटी सँगै हातमा रहेको मोबाइलबाट कमसेकम पनि निजले पीडितलाई सय कल भन्दा पनि बढी कल गरे होला, तर पीडितले फोन उठाउने नाम नै नलिए पछि निजको धैर्यता बिस्तारै पागलपनमा परिणत हुँदै थियो ।

अमृतले झ्यालको पर्दा खोलेर बिस्तारै बाहिर हेऱ्यो, बाहिर चुक घोप्टाए जस्तो अँध्यारो यथावत नै थियो । घर तथा वरपरका मानिसहरू सबै सुति सकेका थिए । निजले घरको ढोका बिस्तारै उघाऱ्यो र पीडितको घरतर्फ लाग्यो । पीडितको घर खासै टाढा थिएन । पीडित घरको तल्लो तलाको साईडको उत्तर तर्फको कोठामा सुत्ने

गर्थिन । अमृत पीडित सुत्ने गरेको कोठामा गई ढोका “ढक् ढक्” गर्दा भित्रबाट “को हो?” भनि पीडितले ढोका खोलेकीले अमृतले छिटो छिटो कोठा भित्र छिरी “म आएको कुरा कसैलाई केही नभन्नु” भनि निजको नजिकै बसी “म तिमीलाई धेरै माया गर्छु, म तिमी बिना बाँच्न सक्दिन भन्ने जस्ता कुरा गरी बिस्तारै बेलौचौतारा ४ कुमारीलाई करणी गर्ने मनसायले निजको शरीरमा सुमसुम्याई सम्वेदनशिल अंग चलाउन खोज्दा पीडित बेसरी चिच्याएकीले अमृत अचानक सिर्जना भएको परिस्थितिको कारण अत्तालिएर कोठाबाट निस्केर खेतखेतै भागि आफ्नै घरमा गई लुकेर बस्यो।

पीडितको तर्फबाट अर्को दिन ईलाका प्रहरी कार्यालय, बेलचौतारामा पीडितको ठुलो बुबा परिवर्तित नाम बेलचौतारा ग्यज्ञ बहादुरले निजको नाममा किटानी जाहेरी दिएकोले सोही कार्यालयबाट खटिएको प्रहरी टोलीले निजलाई आफ्नै घरबाट २०७९ वैशाख १० गते नियन्त्रणमा लिई अनुसन्धान कार्य पुरा गरी जिल्ला सरकारी वकिल कार्यालय तनहुँ दमौलीमा पेस गरेकोमा सम्मानित अदालतबाट निजलाई रू. ५०,०००/- नगद धरौटी माग भएकोमा निजले धरौटी रकम दाखिला गर्न नसकेकोले हाल निज जिल्ला कारागार दमौलीमा आफूले गरेको कर्मको सजाय काटिरहेको छ ।♦♦♦

**बालकविता**

## गालाको कोठी



✍ **रमेशचन्द्र घिमिरे**

रूँदै-रूँदै भनेकी सानी बैनी ज्योतिले
मेरो रूपै बिगार्‍यो गालाको यो कोठीले
आँसु चुहाई दिनदिनै रूँदा-रूँदा गएन
साबुन र पानीले मुख धुँदा गएन

दलूँ कि त ओखती फुटालेर फालूँ कि !
कि त जे जे भै जाओस् सधैँभरि पालूँ कि !
दबाई अनि बुटीले केहीले छुँदा गएन
जान्छ होला भनेको मुख धुँदा गएन

भन्नुभयो आमाले के को पिर-सुर्ता हो ?
तिमी राम्री भएकी यै कोठीले गर्दा हो
कुरा त्यस्तो रैछ र पो यस्तो हुँदा गएन
कोट्याउँदा गएन मुख धुँदा गएन ।

***-भोर्लेटार, लमजुङ ।***

# ज्ञानी, सुसंस्कृत र सभ्य नागरिक बन्न संस्कृत शिक्षा



✍ इन्द्र कुमार श्रेष्ठ

**ॐ भूर्भुवः स्वः तत्सवितुर्वरेण्यं भर्गो देवस्य धीमही धियो यो नः प्रचोदयात् ।**

यो हिन्दूहरूको प्रसिद्ध गायत्री मन्त्र हो । यजुर्वेदमा उल्लिखित यस मन्त्रको शाब्दिक र विस्तृत अर्थ हुन्छ, :हे सर्वरक्षक परमात्मन् ! प्राणहरूका पनि प्राण, सबैका प्राणस्वरूप, अपानस्वरूप, दुःखलाई हटाउनेवाला, सुखस्वरूप, सबैलाई सुख दिनेवाला, सकल जगत्को उत्पत्तिकर्ता, सूर्य आदि लोकलोकान्तरहरूलाई पनि प्रकाशित गर्ने वाला, ऐश्वर्यले परिपूर्ण, दिव्य गुणहरूले युक्त हजुरको सर्वश्रेष्ठ ग्रहण गर्न योग्य त्यो ज्ञानरूपी तेज, जसले सम्पूर्ण क्लेश-वासनाहरू तथा अविद्यारूपी अन्धकारलाई भष्म गर्न सक्छ, त्यस्तो शुद्ध तेजलाई हामी सबै धारणा गरौं, प्राप्त गरौं । हे प्रभु ! हजुर हामीलाई यस्तो ज्ञान प्रदान गर्नुहोस, जसले हाम्रो बुद्धिलाई सदा कर्तव्य, न्याय तथा धर्मको मार्गमा हिंड्न प्रेरित गरिरहोस् ।

संक्षिप्तमा भन्नुपर्दा, "सृष्टिकर्ता प्रकाशमान परमात्माको प्रसिद्ध तेजको हामी ध्यान गर्छौं । ती परमात्मा हाम्रो बुद्धिलाई असल मार्गतिर लाग्न प्रेरित गरून् ।"

यो गायत्री मन्त्रलाई अत्यन्त शक्तिशाली मानिन्छ । यसको साधनाद्वारा आत्माको शुद्धरूप प्रकट हुने र अनेक ऋद्धिसिद्धि उपलब्ध हुने बताइन्छ । यतिमात्र होइन, गायत्री साधनाबाट सांसारिक एवं आत्मिक आनन्द प्राप्त हुने विश्वास पनि गरिन्छ । जानकारहरूका अनुसार, गायत्री मन्त्रको अक्षर नै यस्तो विचित्र र रहस्यमय छ कि यसको उच्चारण मात्रले पनि जिभ्रो, घाँटी र तालुमा भएका नाडी र तन्तुहरू सक्रिय हुन थाल्छन् । भनिन्छ, यसको नियमित जपबाट गोप्य शक्तिकेन्द्रको जागरण भई साधकलाई असाधारण लाभ मिल्छ ।

नभन्दै, यो मन्त्रप्रतिको विश्वास र प्रभाव गाउँघरतिर कतिसम्म थियो भने, मानिस वा चौपाया बिरामी भए भने अशिक्षित नै भए पनि र शुद्ध पढ्नै नजान्ने भए पनि कोही ब्राह्मणलाई बोलाई गायत्री मन्त्रको प्रयोगद्वारा फुक्न लाइन्थ्यो । त्यो अवस्थामा, 'गायत्री मन्त्र जान्ने हामीमात्र भएकोले बिरामीलाई फुकेकै भरमा निको पार्न सक्ने दैवी शक्ति पनि हामीमा मात्र छ' भन्ने घमण्ड पनि कतिपय ब्राह्मणमा थियो । बिरामी मानिस वा चौपाया समय पुगेर आफैं ठीक भए पनि त्यसको जसचाहिँ फुक्ने बाहुन र गायत्री मन्त्रलाई दिइन्थ्यो । रातसाँझ कतै हिँड्दा भूतप्रेतादिको भयबाट मुक्त हुनका लागि पनि यही मन्त्रको प्रयोग गरिन्थ्यो । कसै कसैले, भूतप्रेत देखेको बेलामा यही मन्त्र जपेर अक्षता हानेपछि त्यो बेपत्ता भएको गफ पनि लगाउँथे । आजकल पनि गाउँ सहरका धेरै मानिसमा यस प्रकारको विश्वास छँदैछ ।

पहाडी जिल्लाबाट उपत्यकामा बसाइँ आएका एकजना साक्षर र बेरोजगार तर हाउभाउ भने मनग्गे भएका मेरा एकजना ब्राह्मण साथी भन्थे, "राम्ररी पढ्न नजान्ने भएको हुँदा पुरेत्याइँ गर्दा मलाई जजमानहरूले त्यति पत्याएनन् । त्यसैले, 'म त बिरामी भएकालाई फुक्छु पनि !' भनेर हल्ला फिँजाएको थिएँ । बिरामी भएका बालबच्चाहरू लिएर तिनका आमाहरू धमाधम आउन थाले । मैले जानेको त्यही गायत्री मन्त्रद्वारा फुक्न थालेपछि धेरैजना ठीक भए । आजकल त यतातिर सबैको विश्वासिलो बिजुवा कहलिएको छु ।" यसरी यो मन्त्र कसैको कमाइखाने भाँडो पनि भएको देखियो ।

यद्यपि यसप्रकारको 'अपूर्व शक्तिशाली' मानिएको गायत्री मन्त्र केही वर्षअघिसम्म अति गोप्य थियो । ब्राह्मण/क्षेत्री नै भए पनि उक्त जातका महिला वर्गलाई यो मन्त्र मात्रै होइन, वेदका कुनै पनि मन्त्र जप्न पाउने शास्त्रीय अधिकार छैन । शक्तिशाली नहोऊन् भनेर नै त होला, अन्य जातकाले त झन यो मन्त्र उच्चारणसमेत गर्न नपाउने शास्त्रीय मत छ । त्यसैले यसलाई आजकल पनि गुरू पुरोहितहरूले क्षेत्री ब्राह्मण बालकहरूको व्रतबन्ध गराइदिएको बेलामा मात्र कानमा खुसुक्क भनिदिने गरेकै छन् ।

कुनै देवकार्य वा पितृकार्य गर्ने क्रममा बेलाबेलामा गायत्री मन्त्र जप्ने र सभ्य/असभ्य हुने ठाउँ आउँछ ! जजमान तागाधारी (जनै लाउने) भए त त्यो काम, जनै यताउता सारेर हुने भयो । जजमान मतवाली छ भने त्यस्तो

बेलामा पुरेतले गायत्री मन्त्र जप्नुपर्ने ठाउँमा 'हरि ! हरि !' वा 'नारायण ! नारायण !' भन्न लगाउने र जनैं सारेर सभ्य/असभ्य हुनुपर्ने ठाउँमा कपडाको धरो काँधमा राखी यताउता सार्न लगाउँछन् । अवस्था यस्तो भए पनि पछिल्लो पटक कसले सार्वजनिक गर्ने आँट गरेर हो, यो मन्त्र आजकल सबैका मुखमुखमा र कानकानमा गुञ्जने गरेको छ । कतिपयका मोबाइलमा 'रिङ टोन' नै राखिने, युटुबतिर जति पनि पाइने र मन्दिर, विद्यालय, वृद्धाश्रम, पसल, पानपसलतिर पनि सुनिने भएको हुँदा यो छोटो मन्त्र धेरैलाई कण्ठस्थ पनि भएको छ । त्यसैले अबका व्रतबन्धमा यसलाई पुरोहितले कागजमा लेखेर दिइराख्नुपर्ने आवश्यकता पनि रहेन । यसो कानमा भनिदिएर औपचारिकता पूरा गरे भएको छ ।

एकातिर हिन्दू शास्त्रमा 'वसुदैव कुटुम्बकम्' को विश्वव्यापी मान्यता पनि छ । अर्कोतिर कतिपय अवस्थामा फेरि, "कसैलाई बीउ दियो भने मासिन्छ । औषधि सिकाइदियो भने लाग्दैन," भन्ने खालका पुरातन मान्यता पनि यहाँ रहेकै हुन् । यस्तै मान्यता रहेको हाम्रो समाजमा अस्तिसम्म पनि गायत्री मन्त्र पढ्यो/पढायो भने बहुलाइन्छ भनिन्थ्यो । तर आज यो मन्त्र सार्वजनिक भएर दुनियाँले सुन्दा/पढ्दा कोही पनि बहुलाएका छैनन् । अहिले पो थाहा भयो, निषेधको यो मान्यता त 'आफैंमात्र शक्तिशाली बनौं' भन्ने गलत, व्यक्तिवादी र भ्रूट रहेछ नि ! उक्त मन्त्र जपेर कतिले शक्ति प्राप्त गरे र कतिले गर्दैछन्, त्यो भने आफ्नै ठाउँमा छ ।

अधिकार पाएर पनि आजकल धेरैले जनै लाउन चाहिं छोडेका छन् । बिहानै उठेर स्नान र पाठपूजा गर्ने हिन्दू संस्कार पनि बिस्तारै हराएको छ । मन्त्राधिकारी कतिपय बाहुन/पुरेतहरू नै धेरै कमाइने र पश्चिमी मुलुक घुम्न पाइने लोभमा फसेर धर्मै परिवर्तन गरी 'पिटर' र पास्टर बनेका छन् । खान निषेध गरिएका कुरा खाएर र कम्प्युटर/मोबाइलमा रमाएर बिहान सात आठ बजेसम्म सुत्न रूचाउने यो पुस्ताले सबेरै उठेर गायत्री मन्त्र जप्ने लन्ठा पनि गर्ने भएन । केही निष्ठावान् पण्डित र जजमाने बाहुनले साँच्चिकै आस्थाले वा देखावटीका लागि भए पनि जनै लाउने र गायत्री मन्त्र जप्ने गरेका हुँदा मात्र, हामी हिन्दूहरूको 'जनैगायत्री संस्कार' थामिएको छ ।

अन्य देशका विश्वविद्यालयहरूमा ससम्मान संस्कृत भाषा पढाइन्छ । हाम्रो देशमा भने यसलाई हेला गरिएको छ । कुनै पनि वस्तुको महत्व नबुझ्दाको अवस्था यस्तै दुःखमय हुन्छ । यस लेखमा

उल्लिखित गायत्री मन्त्र त एउटा अत्यन्त सानो उदाहरण मात्र हो । देवताको भाषा मानिएको संस्कृत पढ्न र जान्नमा चासो नगर्ने हो यसमा अथाह रूपमा रहेका अमूल्य ज्ञान र मानवोपयोगी जानकारी पाउनबाट हामी वञ्चित रहिरहनेछौं । चासो गर्नेहरू मात्रै काले राईबाट डा. स्वामी प्रपन्नाचार्य बन्न सक्छन् । अन्यथा, पुराण लगाएको ठाउँमा गई किताब र पण्डितलाई भेटीपाती गरी ढोगेर एकदुई अध्याय पुराण सुनी 'आज भने पुण्य कमाइयो' भन्दै फर्कने क्रम रहिरहन्छ ।

'संस्कृत'को अर्थ, 'संस्कार गरिएको वा शुद्ध पारिएको' पनि हो । त्यसैले ज्ञानी, सुसंस्कृत र सभ्य नागरिक बन्न संस्कृत शिक्षाको आनन्ददायी ज्ञान लिनमा चासो राखौं । ♦♦

कविता

# आज फेरि



✍ रेणु अधिकारी 'मौनता'

गरूँ भन्दा पनि नहुने,
नगरूँ भन्दा पनि नसकिने,
उही बैगुनेको मायाले,
आज फेरि सतायो मलाई ।

गुण भन्दा बैगुणको,
अनेक दोष लगाउदै ।
दिनरात सताउने ।
सम्झनाहरू भगाउदै,

देखे पनि नदेखे झैं,
गर्न पनि नसकिने,
बल्झेका यी घाउहरू।
भर्न पनि नसकिने ।

बाँचु भन्दा पनि नहुने,
मरू भन्दा पनि नसकिने,
उही बियोगको पीडाले,
आज फेरि दुखायो मलाई

तिमीबाट टाढा हुन,
धेरै खेल खेले मैले ।
यो मुटुमा गाँठो पारी
पिडाहरू झेले मैले ।

रोउँ भन्दा पनि नहुने
हाँसु भन्दा पनि नसकिने,
उही निष्ठुरीको मायाले,
आज फेरि बोलायो मलाई।

संस्मरण

# स्मृतिमा पाल्पाली साइनो



✍ छायादत्त न्यौपाने 'बगर'

मान्छेपिच्छे बन्ने परिभाषा भन्छ, जिन्दगी यात्रा हो, यो हिँड्छ, हिँडिरहन्छ । निरन्तर हिँड्नुमै जिन्दगीको अर्थ भेटिन्छ । कुन गतिमा कहाँ पुग्छ ? यसको गति कछुवासँग मिल्छ कि खरायो पछयाउँछ ? गति निर्धारण हिँड्ने यात्री स्वयंको सुविधा र लक्ष्यले गर्दो हो । हिँड्ने रहर भने प्रत्येक जिन्दगीले पालिरहेको हुन्छ । रहरमै जिन्दगी डोऱ्याउने शक्ति र गन्तव्य भेट्ने अभीष्ट मिसिएको पाइन्छ ।

समाजका विविध अङ्ग बटुलेर हिँड्ने क्रममा जिन्दगीले प्रकृतिसित गति गाँस्न खोज्छ । गीत गाउन मन पराउँछ । प्रकृतिले फेर्ने डाली-पालुवामा देखिने परिवर्तनका रङमा गन्तव्य देखने जिन्दगीको रहर नवीनतासँग रमाउन सक्छ । साथीभाइ आफन्तको फेर समातेर हिँड्न सिकेको जिन्दगी कति पर पर पुग्छ ? उत्तर हिँडाइको गति निर्धारक सामर्थ्य र समय प्रवाहले बताउला ।

यात्री न हो जिन्दगी हिँड्नुमै मजा छ र यसमै अर्थ । सृष्टिले सौन्दर्य भरेको जिन्दगी आफैमा सुन्दर छँदै छ । यात्रीको रहरले थप्ने सक्रियताले जिन्दगीका अङ्गहरू पुष्टिँदै जान्छन् । मन प्रफुल्ल बन्दै अघि लाग्छ । हिँडाइले उर्जा पाउँछ नाता सम्बन्ध जोडिँदै जाने प्रक्रिया अघि बढ्छ । यहीँबाट वसुधैव कुटुम्बकम् भनेझैं अन्तरहृदयी साइनो साइलिन्छ । यसैले मन छुन्छ र मानवीय संवेदना सुसेलिन्छ ।

साइनोको साथ पाएर जिन्दगी भरिलो हुन्छ । सग्लो भूगोलका छेउकुनासम्म साइनोको बिस्तार भइरहेको छ । साइनोले हिँडाइ रूचाउने जिन्दगीमा मित्रहरूसँग सहकार्य गर्ने साइत जुराइदिन्छ । यसले अग्रज-स्रष्टा तथा समकालीन मित्रहरूको आड पाएर नवपुस्ताको स्नेह बटुल्न डुल्दै गर्दा जिन्दगी पाल्पा पुग्छ । भूगोल प्रकृति, इतिहास, संस्कृति, उद्योग, शिक्षा, स्वास्थ्यका दृष्टिले राष्ट्रकै गौरव ठहरिएको पाल्पाले साइनो कविताको

प्रवर्धनमा लिएको रूचिपूर्वक अग्रसरताले समग्र साइनोकार मित्रहरूमा उत्साह थपेको पाइन्छ ।

नेपाली मन माटाले उमारेको नयाँ शैलीको कविता साइनो लेखन प्रकाशनमा पाल्पाली स्रष्टाहरूले देखाएको तदारूकता प्रशंसनीय छ । पाल्पाले प्रथम लेखक तथा प्रारम्भिक अभियन्तालाई उछिनेर पाल्पाली साइनो चौपारी संस्थागत संरचना समेतको परिकल्ना गरी सत्रअठार महिनाको छोटो अवधिमा पाल्पाली साइनो-१ जिल्ला विशेष र पाल्पाली साइनो-२, नेपाली, थारू, बाजुरेली, संस्कृत, हिन्दी अङ्ग्रेजी, मलेसियन लगायतका विविध भाषा भाषी रचना समेटी अन्तर्राष्ट्रिस्तरको सामूहिक साइनो सङ्ग्रह प्रकाशन गरी शैक्षिक जगतको ऐतिहासिक संस्था धवलपुस्तकालयको सभाकक्षमा सार्वजनिक गर्न समेत सफल भयो । यस महत्वपूर्ण कार्यक्रमको आतिथ्य गर्ने अवसर प्रदान गर्नुभएकोमा आदरणीय शिक्षासेवी अग्रज धातानन्द शर्मा गैरे, टङ्कप्रसाद पन्थ समेत पाल्पाली स्रष्टाहरूमा हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

वि.सं.२०७८ चैत्र तीस गते बुधबार मेरा लागि विशेष रह्यो । बिहान आठ बजेतिर काठमाडौं पाल्पाको रात्रिबसबाट ओर्लेर धातानन्द सरसँग टङ्क सरको निवास पुगियो । त्यहाँ टङ्क सर, मेडम, बाबु समेतबाट खानपिनसहित न्यानो आत्मीय आतिथ्य प्राप्त भयो । केही समयको विश्रामपछि मोटरसाइकलको सहायताले कार्यक्रम स्थल पुगियो । दिउँसोको साढे बाह्र बजेतिर सुरू भएको कार्यक्रम सौहार्द वातावरणमा स्वागत तथा शुभकामना मन्तव्य र गहन समीक्षासहित सुसम्पन्न भयो । कार्यक्रम सकिएपछि धातानन्द सरसँग सहर अवलोकन गरियो । त्रिभुवन क्याम्पसका प्राचार्य टकप्रसाद भट्टराई सरको आत्मीय निमन्त्रणाले क्याम्पस अवलोकनको सुखद मौका दियो । पाल्पाको पुरानो साप्ताहिक पत्रिका गाउँले देउरालीका सम्पादक शिक्षासेवी रामप्रसाद अर्याल, राजु गैरेजस्ता महानुभावहरूसँगै धेरै जना स्रष्टासँगको भेट आनन्दमय रह्यो ।

नेपाली वाङमयको श्रीवृद्धिमा पाल्पा जिल्लाले सक्रिय अगुवाइ गरेको कुरा कार्यक्रममा उपस्थित त्रिभुवन बहमुखी क्याम्पस पाल्पाका प्राचार्य टङ्कप्रसाद भट्टराई, धवलपुस्तकायका अध्यक्ष युवराज पौडेल, पत्रकार सेनानी उपाधि प्राप्त मेघराज शर्मा, समालोचक शंकर गैरे, पाल्पाली साइनो-२ कृतिका समीक्षकद्वय पुष्कर आचार्य र कमला न्यौपाने, पाल्पाली साइनो चौपारीका सदस्य चक्रपाणि गौतम, कार्यक्रम सञ्चालक झविन्द्र देवकोटा लगायत

विद्वानहरूसँगको भलाकुसारीबाट पुष्टयाइँ मिलेको हो । यी र यस्तै विशिष्ट साहित्यानरागीहरू बिच सुन्दर नगरी तानसेन पाल्पामा सामूहिक पाल्पाली साइनो-२ कृति सार्वजनिक गर्ने सुखद अवसर मिल्यो । साइनो अभियान आरम्भ भएको तेस्रो वर्ष चलिरहँदा यो अपूर्व साइत जुरेको हो । म आफैले सार्वजनिक गरेको साइनो कृति यो पहिलो हो । यस कारण यो कृति साइनो कविताको इतिहासमा नवौं भएर पनि प्रथम प्रयोक्ताबाट सार्वजनिक हुने पहिलो भयो र विशेष रह्यो भन्ने लागेको छ ।

हुन त पाल्पा ओहेरदोहोर हिँडिरहेकै जिल्ला हो । सामान्यतः तानसेन परिचित सहर पनि हो तथापि विशिष्ट साहित्यकारहरूको समुपस्थितिमा साइनो कविताबारे विमर्श हुनु र त्यस कार्यक्रमा सहभागी हुन पाउनु मेरो निम्ति स्मरणीय रहने नै भयो । दिनको कार्यक्रम सकिएपछिको बासबसाइ धातानन्द सरको निवासमा पारिवारिक स्नेहका साथ भयो । सरको परिवारका सदस्य मेडम, छोराबुहारी, छोरी, नाति सबैबाट आत्मीयता प्राप्त भयो । अर्का पाल्पाली स्रष्टा तथा स्वास्थ्यकर्मी गोमविक्रसँग पनि भेट्न पाइयो । उहाँले मेरो बाँसै बाँस कृतिको समीक्षा लेखेको सन्दर्भ पनि कोट्टियो । धातानन्द सर आफैले उत्पादन गरेको महले बेग्लै स्वाद प्रदान गऱ्यो । केही सिर्जनात्मक र केही घरव्यवहारका विषयमा कुराकानी भए । धातानन्द सरको लामो शैक्षिक अनुभवबाट धेरै कुरा सिक्न पाएँ । यसरी हेर्दा वि.सं २०७८ को अन्त्य फरक अनुभूतिले गऱ्यो । पाल्पाको पर्यटकीय स्थल भैरवथान, रानीमहल लगायतका स्थान घुमौं भन्ने सरको योजनाबाट लाभान्वित हुन भने भोलिपल्टै कथालेखन कार्यशालामा सहभागी हुन गोरखा पुग्नुपर्ने मेरो पूर्वनियोजित कार्यक्रमले दिएन ।

वि.सं.२०७९ वैशाख एक गते बिहिबार नयाँ वर्षको स्वागतमा धातानन्द सरसँगै सहभागी भइयो । मिरमिरेमै शुभकामना साट्यौ र चियापान गरेसँगै सरकहाँबाट बिदा भएँ । निजी सवारी स्कुटीमा राखेर सात बजेतिर पाल्पा बसपार्कमा सरको छोरा राजु गैरेले छाडिदिनुभयो । बुटवलबाट तानसेन हुँदै पोखरा जाने नियमित बस नआएपछि म त्यहाँबाट बुटवल जाने बस चढेर बर्तुङ झरें । त्यहाँ एकछिन प्रतीक्षा गरेपछि आएको बस चढेर पोखरातिर लागें ।

मलाई वि.सं. २०७८ सालको अन्तिम दिन स्वागत गरेको पाल्पाले २०७९ को पहिलो दिन बिदाइ गरेर छोटो समयको पछिल्लो यात्रा सुखद स्मृतिमा पुऱ्याएर जीवन्त बनायो ।♦

# मानवअधिकार संरक्षणमा नेपाल प्रहरीको भूमिका



✍ ई. कुमार अभिनव

**प्रहरीको भूमिका**

मानवअधिकार आफैंमा संवेदनशील विषय हो। धेरैजसो राष्ट्रले मानवअधिकार विषयलाई अत्यन्तै महत्वपूर्णका साथ संविधानमै उल्लेख गरिएको हुन्छ । नेपालको अन्तरिम संविधानको भाग-१५ धारा १३१, १३२, १३३ ले राष्ट्रिय मानवअधिकार आयोगलाई संवैधानिक अंगको रूपमा उल्लेख गरेको थियो। नेपालको वर्तमान संविधानमा पनि मानवअधिकार सम्बन्धी विषयलाई एकदमै प्राथमिकतासाथ राखिएको पाइन्छ । उदाहरणको रूपमा नेपालको संविधानको भाग-२५ को धारा २४८,२४९ बमोजिम राष्ट्रिय मानवअधिकार आयोगको स्थापना गरिएको छ। यस आयोगले देशमा उल्लङ्घन हुने मानवअधिकारको घटनामा संलग्न दोषीलाई कारबाही गर्न सिफारिस गर्ने, पीडितलाई न्याय दिने, मानवअधिकार उलङ्घन भएको घटनाको अनुसन्धान तथा छानबिन गर्ने, तथा अन्य मानवअधिकारसम्बन्धी घटनालाई अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानून बमोजिम रेखदेख गर्दछ ।

**मानवअधिकार कार्यान्वयनमा नेपाल प्रहरी**

राष्ट्रमा शान्ति सुरक्षा कायम गर्नु प्रहरीको मुख्य कर्तव्य हो । नेपालको सन्दर्भमा नेपाल प्रहरी सहित अन्य सुरक्षा निकायहरूले मानव अधिकारको कार्यान्वयनमा मुख्य भूमिका खेल्दै आएको छ । मानव जातिलाई हुने सार्वभौमिक, नैसर्गिक अधिकार अर्थात मानव भई हुने जन्मसिद्ध अधिकार नै मानवअधिकार हो । मानवअधिकारको संरक्षण र प्रवर्धन नेपाल प्रहरीको प्रमुख संगठनात्मक प्राथमिकताहरू मध्ये एक हो। आफ्नो उद्धेश्यलाई अझ प्रभावकारी ढंगले पूरा गर्न नेपाल प्रहरीले 'शून्य सहनशीलताको' नीति

अवलम्बन गरेको छ र कानून कार्यान्वियनको क्रममा यातनालगायत कुनै पनि मानवअधिकारको उल्लङ्घनका सम्बन्धमा प्रहरी कर्मचारी जवाफदेही हुनका लागि यसलाई निरन्तरता दिन गम्भीर छ । नेपाल प्रहरीमा मानवअधिकार एउटा छुट्टै एकाईको रूपमा प्रहरी महानिरीक्षकको सचिवालय अन्तर्गत स्थापित गरिएको छ । नेपाल प्रहरीभित्र हुने मानवअधिकार उल्लङ्घनलाई सम्बन्धित एकाईले अनुसन्धान तथा अनुगमन गर्दछ। त्यसैगरी यस एकाईले राष्ट्रिय मानवअधिकार आयोग, सरकारी गैरसरकारी निकायहरू, कूटनीतिक नियोग अन्य सरोकारवालाहरू आदिसँग समन्वय गर्दै आएको छ । बेलाबेलामा प्रहरीभित्र जनतासँगको साझेदारीमा मानवअधिकार सम्बन्धी गोष्ठी, चेतनामूलक कार्यक्रम, प्रहरी अनुरोध कार्यक्रम आदि विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ । अपराध अनुसन्धान सुरक्षा निकायको महत्वपूर्ण दायित्व भएको हुनाले नेपाल प्रहरीले दोषीलाई कारबाही र पीडितलाई न्याय दिंदै आएको छ ।

अन्तर्राष्ट्रिय मानवीय कानून र पक्राउ गर्दा ध्यान दिनुपर्ने कुराहरू कानून भनेको नियमहरूको दस्तावेज हो । कानूनले मान्छेको व्यवहारलाई नियन्त्रण गर्दछ, जनताको हकअधिकार सुनिश्चित गर्दछ । मानवीय व्यवहारलाई व्यवस्थित र अनुशासित बनाउँदै समाजको संरचना आदर्श मुखी बनाउने संयन्त्र नै कानून हो । कानूनको दायरामा प्रत्येक व्यक्ति पर्दछ। अन्तर्राष्ट्रिय मानवीय कानूनको गम्भीर उल्लङ्घनलाई युद्ध अपराध भनिन्छ । प्रहरीले अपराधी पक्राउ गर्दा विभिन्न कुरामा ध्यान दिनुपर्ने हुन्छ । उदाहरणको रूपमा प्रहरीले कुनै व्यक्तिलाई पक्राउ गर्दा त्यस व्यक्तिको स्वतन्त्रतासम्बन्धी मौलिक हक उल्लङ्घन हुन जान्छ । कुनै कसूरको अनुसन्धान गर्ने प्रक्रिया अनुरूप प्रहरीद्वारा नियन्त्रणमा लिने कार्यलाई पक्राउ भनिन्छ । कुनै व्यक्तिलाई पक्राउ गर्दा मानवअधिकार मैत्री व्यवहार गर्नुपर्दछ र अन्तर्राष्ट्रिय कानूनको समेत पालना गर्नुपर्दछ । नाबालक वा अपाङ्ग व्यक्तिलाई पक्राउ गर्दा कहिले पनि हतकडी प्रयोग गर्नुहुँदैन । महिलालाई पक्राउ पर्दा सकेसम्म महिला प्रहरी नै प्रयोग गर्नुपर्दछ । नेपालको कानून बमोजिम पक्राउ गरिएको व्यक्तिलाई २४ घण्टाभित्र मुद्धा हेर्ने अधिकारी समक्ष पेश गर्नुपर्दछ । अन्तर्राष्ट्रिय मानव अधिकार कानूनले दुर्व्यवहार र यातनालाई पूर्णरूपमा निषेध गरिएको छ ।

**निष्कर्ष**

प्रहरीको मुख्य उद्धेश्य समाजमा

शान्ति सुरक्षा कायम गरी नागरिकहरूलाई संरक्षण प्रदान गर्नु हो। आफ्नो राष्ट्र मात्र नभई अन्तर्राष्ट्रिय द्वन्द्वग्रस्त क्षेत्रमा पनि संयुक्त राष्ट्र संघको शान्ति सेनाको योगदान मार्फत मानवअधिकारको संरक्षण र प्रवर्धन गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानून बमोजिम नेपाल प्रहरीले प्रभावकारी भूमिका खेल्दै आएको छ । मानवअधिकार उलङ्घनमा परेपछि तपाईंले नेपाल प्रहरीको मानवअधिकार इकाइमा इमेलमार्फत (hrcell@nepalpolice.gov.np) पनि उजुरी दिन सक्नुहुन्छ । ♦

**कविता**

# इजाको जून



✍ **राजेन्द्र तारकिणी**

गाउँमा
इजाको त धुइरोबाट सधैंजसो जून खस्थ्यो
शहरमा
वर्षौंपछि मैले देखें जून ।

त्यो वर्षात/त्यो कुहिरो/त्यो झरीपछि
महिनौंपछि आज
मैले पूर्ण चन्द्रमा देखेको हुं
बादलको पछ्यौरी फाटेछ आज
अहो ! इजाको पछ्यौरी पो फाट्यो कि !

चन्द्रमामा त्यस्तो कुनै अनुहार देखिनँ
जो प्रेम कथाहरूमा वर्णित होस्
तर, मैले देखें त्यस्तो अनुहार
जोसँग टोलाउँदै इजाको बालापन बितेको होस्
जोसँग जिस्किँदै इजाको यौवन बितेको होस्
दुःखका पन्तुरा खोल्दा इजाले
जसले रातभरि शीतका आँसु झारेको होस्
जूनकीरीजस्ता खुसी साँट्दा इजाले
जो यसैगरी हाँसेको होस् कुनै-कुनै मात्र रातमा !
त्यहाँ
दुःखले गहिरोसँग चुम्बन गरेको खत छ
जो मेरै इजाको बुढ्यौलीको हुलिया हो ।

कहिले पधेंरीमा खसेको जून
कहिले धानखेतमा टप्केको जून
कहिले ओखलमै आइपुगेको जून...
आदि अनेक जूनहरू मिलेर
एकैचोटि यति जीवन्त पूर्ण जून
कहिल्यै देखेको थिइनँ
इजाको अनुहारकै प्रतिविम्ब जून

**कथा**

# दुध बेच्ने केटी



✍ गितु गैरे

आज त्यस्तो व्यक्तिसँग भेट भयो, जसको नजरमा तीर थियो । मुटुमा चस्का पस्यो । मलाई पटक्कै विश्वास थिएन, पहिलो झलकमा प्रेम बस्छ । तर कताकता ऊ प्रतिको आकर्षणले मलाई चुम्बकझैं तान्यो । ऊ फरक र रहस्यमय लागि । ऊ उति रहस्यमय थिई, थिइन, म के जानौं ? तर उसका जुनकीरी जस्ता आँखा रहस्यका उपमेय थिए ।

उसले गुलाबी रंगको टिसर्ट र निलो सुरुवाल लगाएकी थिई । हातमा दुधको ठेकी हल्लाउँदै ऊ तल झर्दै थिई । बाथरूमबाट म निस्कँदै गर्दा आँखाआँखा जम्काभेट भएथे । ऊ अपूर्व मुस्काइ ।

**'नमस्ते सर !'**

यो कुनै परिचित आवाज होइन । तथापि त्यो आवाजले मन बेस्सरी हुँडल्यो ।

बान्किला ओठ । मृदुल मुहार। स्थूल आँखा ।

म किंकर्तव्यविमुढ थिएँ । रहिरहन सकिनँ ।

म सोचमग्न भएँ-

आज म किन छिटो उठें ? मनमा प्रश्न छाल झैं बन्यो।

सायद उसैलाई देख्न पो हो कि ? अर्को मनले उत्तर दियो ।

मेरो दिमागले विश्राम पाएको छैन । अनेक सोचछु । तर्कना गर्छु । मनमा कुरा खेलाउँछु । मनमा अनेकन काल्पनिक चित्राकृति खडा हुन्छन्। आमालाई धेरै कुरा थाहा थियो उसका बारेमा । तर कसरी के भनेर सोधुँ ? मलाई साहस जुट्दैन । खै उसमा के आकर्षण थियो त्यो त म यसै भन्न सक्दिन । तर म उसकै बारेमा यति बिघ्न किन सोचमग्न छु । प्रयोजन नखुल्दा आफैं छक्क पर्छु ।

हिजोजस्तै ऊ आज पनि आइ, गइ । बोल्ने मौका नै दिइन । हुन त बोल्ने मौका नै दिएको भए पनि मेरो ओठ कसरी उघ्रन्थ्यो, म यसै भन्न सक्दिन ।

म इन्ट्रोभर्ट हुँ । अन्तरमुखी भन्छन् नि, हो त्यही । अझ सीए पढ्न भारत गएपछि मलाई झन् नबोल्ने बानी पऱ्यो । पढाइको रापचापमा साथी संगतीहरूसँगको सम्बन्ध पातलिँदै गयो। पछिपछि त परिवारसँग बाहेक गफगाफै हुन छोड्यो । बोल्ने आदत पछि पऱ्यो। बच्चामा निकै फरासिलो म अहिले अत्यन्त कम बोल्छु । समयसँगै बानीहरूले बाटो बदल्दा रहेछन्। कुन बानी छाड्ने, कसलाई पछ्याउने, कुन आदतको ओत लाग्ने वास्तवमै आफ्नो हातमा नहुने रहेछ । अझ भनौं, समयसँग सम्बन्धित हुने रहेछ।

ऊ सँगको आशक्ति दुई दिनमै ह्वात्तै बढेको थियो। त्यसैले त, आमा म एकछिन बाहिर निस्के है भन्दै स्कुटरको चाबी बोकेर तल झरें। उसैलाई पछ्याउँदै अघि बढें। मैले पछ्याएको उसले भेउ नै पाइन। पाओस् पनि कसरी ? उसको हल्का गुलाबी रंगकै साइकल थियो । अगाडिको टोकरीमा ठेकी राखेर वायु वेगमा बत्ताइ। मैले सोचें-गुलाबी रङ र साइकलमा बत्तिन उसलाई खुब मन पर्छ। हावाले फरफर सल्लाझैं हल्लाइरहेका केशराशि। हावाको साउती उसलाई मजा लाग्दो हो। आफैसँग हराउदै, केश हल्लाउदै, साईकल बत्ताउदै ऊ सायद गीत पनि गुनगुनाउदै अघि बढिरहेकी छे। सायद उसले मज्जा मानिरहेकी थिई । यो देखेर म भित्रैबाट गद्गद् भएँ । अनुहारमा खुसीको आभा चढ्यो।

अलिक पर पुगेपछि साइकल पसल अगाडि अडिई । पम्प मिलाई टायरमा हावा भर्ने उपक्रममा लागि। हावाले टायरको आकार दिलाइरहँदा मेरा आँखा उसको शरीरमा अडिइरहेको थियो। उसको शरीरको लचकता वर्णनातीत थियो । चित्ताकर्षक थियो। यसैयसै मलाई हेरिरहन मन लाग्यो । ऊ आफ्नो काममा दत्तचित्त देखिई । काममा एकाग्र उसले मलाई हेरेकी भए देख्दी हो । तर, त्यो जमर्को गरिन । हावा हाल्ने कृत्य सकेपछि त्यही रफ्तारमा अघि बढी । जसरी ऊ हावाको वेगमा बत्तिएर आएकी थिई । अनि म घर फर्के ।

घर पुग्दासम्म सम्झना छिप्पिइसकेको थियो । आँखामा ऊ नै नाचिरही । सम्झनाको वृक्ष कति चाँडो हुर्कँदो रहेछ ? मैले अनुमानसम्म गर्न नसकेकोमा आश्चर्यमा परें ।

उसका स्थूल आँखा । मृदुल अनुहार । उसको सरलता। काम प्रतिको प्रेम । कल्पना गर्दा पनि मलाई बिछट्टै आनन्द हुन थाल्यो । झन् उसले नमस्ते सर भन्दै बोलेको शब्द । धन्न दाइ भनिन मोरीले।

कुन कुरा चुम्बकीय गुणयुक्त थियो, म यसै भन्न सक्दिनँ । खै किन भन्न सक्दिनँ त्यो पनि भन्न सक्दिनँ । मेरा निम्ति ऊ साधारण सौन्दर्य थिइनँ । असाधारण, अद्वितीय सौन्दर्यले भरिएकी थिई ऊ ।

मनमा बेचैन सघन बन्दै थियो । मनमा ज्वरो बढेको थियो । अनुहारबाट पसिना निसृत भइरहेको हुँदो हो । फेसबुकमा स्ट्याटस लेखेर मन चिस्याउने जमर्को गरें- 'हर रहरको सामीप्यतामा नै पुग्न जरूरी हुँदैन । केहीकेही टाढै बसेर नियाल्नु छ ।'

यसपछि मलाई मोबाइलमा हराउनु उपयुक्त लागेन । कल्पनाबाट आस्वादित हुनु नै स्वर्गीय आनन्द अनुभूत भयो ।

उसको उमेर । उसको जिजीविषा साँच्चै नै कल्पनातीत थियो । उसले साइकलको अगाडिपट्टि टोकरीमा राखेको दुधको ठेकी साँच्चै नै संघर्षको विम्ब थियो । त्यसले ऊ हुनुको परिचय दिएको थियो । मानिसको सौन्दर्य उसको कर्म न हो ।

जीवनको यात्रामा धेरै अनुहारसँग यी आँखा ठोक्किए । स्कुल, कलेज हुँदै भारतसम्मको यात्रामा कति कामिनी फेला परे होलान । तर, उसको दाँजोमा ती सबै फिक्का थिए । यो उमेरमा यति साधारण केटीसँग आकर्षित हुँला भन्ने लागेको थिएन।

आकर्षण वस्तुसँग हुन्छ कि, भावना ? या यसको पछाडि कुनै इन्जायम हुन्छ म अहिले यसै भन्न सक्दिनँ । हो, सायदै कहिल्यै भन्न सक्दिन ।

अहो ! उसले बोकेको ठेकी ! उसको रापिलो मुहार । त्यो खुला अधर । सपक्क मिलेका आँखी भौँ । म अहिले पनि उसको सौन्दर्यमा मोहित होइन, सम्मोहित नै हुन्छु । जीवनमा कहिल्यै प्रेममा नपरेको म, प्रेमबाट भागीभागी हिँडेको म अचानक कस्तो सम्होनमा परेँ । सम्मोहित भएँ ? कसरी भएँ त्यो पनि म भन्न सक्दिनँ ।

यस्तो सोच्छु-समयमा प्रेम हुन्छ कि प्रेम समयमा हुन्छ ?
म भित्र कुनै उत्तरले जन्म लिँदैन ।

सोच्दासोच्दै रात ढल्कि गयो । निद्रा खज्मजियो । बिथोलिएन छ ।

आश्चर्य, सपनामा पनि उसकै रजगज थियो ।

हिजोको झलकको धित मरेको रहेन छ । विपना उसकै खोजीमा थियो । नढाँटी भनुँ, उसलाई देख्न पाइन्छ भन्ने लोभैले म चाँडो उठ्न पुगेछु ।

उठेर फ्रेस भएर भान्छामा के छिरेको थिएँ । आमा र ऊ चिया पिउदै गफ गरिरहेका देखें ।
एक छिन त अलमलमा परे।

छिटै उठेको देखेर आमा पनि छक्क पर्नुभएछ, मुखै फोरेर भन्नुभयो– 'हैन तँलाई अचेल निद्रा लाग्दैन कि, कसो ?

एकै सासमा पानी घुट्क्याउँदै भनें- 'कति सुतिरहनु ? भर्खरै उठेको । भान्छामा चिया चिसो भइसकेछ । आमाले मेरो कुरा बेवास्ता गर्दै भन्नुभयो, 'तताएर खा !'

'म तताइदिन्छु नि !'

उसको कुरा सुनेर म आश्चर्यमा परें । लौ उसले घरको बुहारीझैं पो कुरो गरी ।

चिया तताउन खोज्दै थिई । आमाले रोक्नु भयो।

'यसको बिहे गर्ने बेला भइसक्यो, बुहारीलाई सघाउने बनाउनु परेन । बानी पार्नु परेन ?,' आमाको तर्क थियो ।

ऊ मुस्कुराउँदै बसी । मैले चिया ल्याएर ऊ छेउको कुर्सी समातेर बसें । म बसेपछि जान्छु भन्दै अड्डी कसी । बस न बस भन्न मन थियो भनिनँ ।

आमाले कुरा बुझेझैं भन्नु भयो, 'किन हतार गरेको ?'

'अँ कति काम छ घरमा, फुर्सत नै हुँदैन घर आउँदा त ?'

'घर आउँदा ? हँ..' 'भनेसी के माइत नि छ र ?'

उसले मुख बिगारी । ठेकी हल्लाउँदै उही रफ्तारमा गई

मैले त केही सोधेकै थिइन । आमा डियरले आफैं पो उसको गुणगान गाउन थाल्नुभो ।

'यसको नाम गीताञ्जली हो । तैंले चिनिस् कि नाइँ हरि अंकल क्या त.., उहाकै कान्छी छोरी हो के । साह्रै सुन्दर र असल छे । हेर न कति साधारण छे तै पनि यति सुन्दर देखिन्छे । पढ्न पनि सानैदेखि तेज थिई । अहिले पुलचोक क्याम्पसमा इन्जिनियरीङ गर्दैछे त्यो पनि स्कलरसिपमा । साह्रै व्यवहारिक छे । अस्ति मैले केही त भनेको थिइन, खै के सोची आफैंले केही कुरा गरी,' उसले भन्दै थिई, "म यही दुध बेचेरै पढें । म घर आएका बेलामा यति काम गर्न किन लाज मान्नू, अरूले के भन्लान् भन्ने सोच्ने हो भने आफ्नो जिन्दगी त्यतै छुट्छ । बाँच्नै बिर्सन्छ मानिसले। पहिलेपहिले कसैले तिम्रा बाले के काम गर्नुहुन्छ नि भन्ने प्रश्न कसैले नगरून भन्ने लाग्थ्यो । तर अचेल म खुलेरै कृषक हो भन्छु । कामको सम्मान गर्न सक्ने भए । सायद धेरै कुरा बुझें पनि । अहिले त म माटोलाई प्रेम गर्ने भएकी छु । आफैंले उब्जाएका बालीनालीसँग मितेरी लगाएकी छु । गाईवस्तुसँग मीठो संवाद गर्ने भएकी छु । यो आन्नदको अनुभव बटुल्न पाउँदा दंग छु, ।"

त्यही दिनदेखि आमाले उसलाई बुहारीको रूपमा देख्न थाल्नु भएछ । 'यस्तो बुझकी र व्यावहारिक केटी त भेटिन्नन् केटा आजकालको जमानामा । विचार गर है ।' आमाले मुख खोली हाल्नुभयो । अहो' म त छक्कै । रोजाइ त एउटै नै पो परेछ । आखिर म आमाकै दुध खाएर हुर्किएको छोरो न परें ।♦♦

## जीवनको मोह



✍ इन्द्रकुमार श्रेष्ठ 'सरित'

मेरो मन किन रून्छस् मसँगै
समय छदै हाँस्न सिकी हाल
भोलि कसले देखेको छ र
हाल बेहाल हुन कति नै बेर लाग्छ र ?

जीवन सम्हाल्ने
चाहना कसको नहोला र ?
तर चाहनाहरू बिना अर्थ
ओइलिन थाल्छन्, सुक्न थाल्छन्
जीवनलाई अँगालोमा बेरेर
झनै स्याहार्न मन लाग्छ

रात बिरात यही जीवनको चिन्ता लाग्छ
माया हो कि मोह हो यो
दिन प्रतिदिन यसैको तापले गाल्न थाल्छ
आँखा नरोए पनि मन रून थाल्छ

ए जिन्दगी ! निठुरी नबन
बुझिदे, यो वितत संसारमा
मलाई सबैभन्दा धेरै तेरै माया लाग्छ

# लागुऔषध र यसले पार्ने असर



✍ प्र.स.नि. अम्बिका के.सी.

सामान्यतया शारीरिक र मानसिक स्वास्थ्य, चेतना र अनुभूतिलाई विकृत तुल्याउने पदार्थलाई लागुपदार्थ भनिन्छ । यस्ता पदार्थले मानिसको केन्द्रिय स्नायू प्रणालीमा प्रभाव पार्नुका साथै उसको भावना र सोचाईमा परिवर्तन ल्याउँदछ । अझ विस्तृत रूपमा भन्नु पर्दा कुनै पनि औषधी जसको सेवनले मानिसको केन्द्रीय स्नायु प्रणालीमा प्रभाव पार्नुका साथै प्रयोगकर्ताको भावना तथा सोचाइमा परिवर्तन ल्याउँछ भने त्यो नै लागुऔषध हो । यसले मानसिक चेतना, अनुभूति र मनोभावनालाई प्रभावित पारी बुझ्ने, सम्झने र सोच्ने शक्तिलाई विकृत बनाई व्यक्तिको सकारात्मक चेतना, मन, क्षमता र स्वास्थ्यलाई प्रतिकूल असर पार्दछ ।

कानूनद्वारा निषेधित गाँजा अफिम हिरोइन मर्फिन कोकिन आदि अवैध लागुऔषध हो भने सूर्तिजन्य पदार्थ र मदिरा कानूनद्वारा नियन्त्रित लागुपदार्थ हो । मुख्य गरेर लागु पदार्थहरूलाई दुई भागमा विभाजन गरिएको छ । प्राकृतिक लागुपदार्थ र औषधीजन्य लागुपदार्थ । प्राकृतिक रूपमा उम्रने वा मानिसद्वारा उत्पादित पदार्थहरू जस्तै गाजा, चरेस, भाङ्ग, धतुरो, अफिम, रक्सी, आदिलाई प्राकृतिक लागुपदार्थ भनिन्छ भने मानव जीवन रक्षाको लागि निर्मित औषधीजन्य पदार्थहरू, जसलाई चिकित्सकको सल्लाह विपरीत नशा लिनको लागि प्रयोग गर्दछन् त्यसलाई औषधीजन्य लागुपदार्थ भनिन्छ । जस्तै नाइट्रोसन, नाइट्रोभ्याट, प्रोक्सीभोन,, नोर्फिन, कोडिन, कोरेक्स, फेन्सीडिल, फेनकोडिन नो-कफ आदि ।

लागुऔषध विश्वमै गम्भीर समस्याको रूपमा देखा परेको छ । लागुऔषध सेवनका कारण एकातिर व्यक्तिमा गम्भीर स्वास्थ्य समस्याहरू बढ्दै गईरहेका छन् भने अर्कोतिर परिवार समाज र राष्ट्रमै त्यसका नकारात्मक असरहरू देखिन थालेका छन् । लागुऔषधको उत्पादन, ओसारपसार,

बिक्री वितरण तथा दुरूपयोगले विश्वव्यापी सामाजिक विकास र स्थिरतामा नकारात्मक प्रभाव पार्दछ ।

लागुपदार्थको प्रयोग कालान्तारमा कुलतमा परिणत हुन जान्छ । केही पटक सेवन गरिसके पश्चात पुनः सेवन गर्ने इच्छा जागेर आउँछ र त्यो इच्छा अनियन्त्रित हुन्छ । यी इच्छाहरू यस्ता बलिया हुँदै जान्छन् की सबै कुरा त्याग्न सकिएला तर लागुऔषध त्याग्नै नसक्ने अवस्था आउँछ । यस्तो छिट्टै लाग्ने र छिट्टै बानी पर्ने पदार्थ भएकोले यो निकै खतरापूर्ण समेत छ । जुन समुदायमा उच्च मात्राको लागुपदार्थ दुर्व्यसन भईरहेको हुन्छ त्यहाँ हत्या, हिंसा र यस्तै जघन्य प्रकृतिका आपराधिक घटनाहरू बढी मात्रामा घटित भईरहेका हुन्छन् । बढीजसो आपराधिक क्रियाकलापहरू र दुर्घटनाहरू लगायत घरेलु हिंसा, द्वन्द्व, भिडन्त जस्ता क्रियाकलापहरू लागुऔषध दुर्व्यसनकै कारण भएको पाइन्छ भने अव्यवस्थित र असुरक्षित यौन सम्पर्कको कारण बढी गर्वधारण र यौन प्रसारित रोगहरू फैलिनुको मुख्य कारक पनि लागुऔषध दुर्व्यसन नै हो । जसले घरबार विहिन हुने, बेरोजगारी बढ्ने र लागुपदार्थकै कारण मृत्युदर र औषत आयुमा समेत नकारात्मक असर पारिरहेको कुरा हाम्रो सामाजिक आँकडामा स्पष्ट छ । यसैगरी धेरैजसो लागुपदार्थहरूले गर्भावस्थाको भुणमा समेत असर गर्दछ । मादक पदार्थको प्रयोगले गर्दा धेरै कम वजन र शरीरिक र बौद्धिक समस्याहरू भएको बच्चा जन्मिन सक्छ । कोकिनको प्रयोगले त झन जन्म देखि अपाङ्ग हुन सक्छ ।

संयुक्त राष्ट्र संघिय लागुऔषध तथा अपराध नियन्त्रण कार्यालय (युएनओडिसी ) को विश्व लागुऔषध प्रतिवेदन २०२१ ले विश्वमा लागुऔषधको भयावह अवस्थाको चित्र प्रस्तुत गरेको छ । उक्त कार्यालयका अनुसार सन् २०१९ मा विश्वभर ६७ करोड ५० लाख लागुऔषध प्रयोगकर्ताहरू रहेका छन् । लागुऔषध प्रयोगकर्ताहरू मध्ये करिब ६० लाख जनामा हेपाटाईटिस र १४ लाख जनामा एचआईभीको संक्रमण रहेको उक्त प्रतिवेदनले देखाएको छ ।

नेपालमा लागुऔषध प्रयोगकर्ता सर्वेक्षण २०७६ अनुसार १ लाख ३० हजार ४ सय २४ जना लागुऔषध प्रयोगकर्ता रहेका छन् जसमध्ये महिला ८ हजार ७ सय ३२ जना र पुरूष १ लाख २१ हजार ६ सय ९२ जना रहेका छन् । अधिकांश लागुऔषध प्रयोगकर्ताहरूले औषतमा १९ वर्ष भन्दा कम उमेरमै पहिलोपटक कुनै न कुनै रूपमा लागुऔषध सेवन गर्ने गरेको देखिन्छ ।

लागुऔषध नियन्त्रण ऐन २०३३ ले लागुऔषधको खेती

उत्पादन, निर्माण खरिद बिक्री संचय ओसारपसार सेवन निकासी तथा पैठारी समेतमा नियन्त्रण गरेको छ । लागुऔषध सेवनबाट मानव स्वास्थ्य, सार्वजनिक शान्ति सामाजिक एवम् आर्थिक उन्नतिमा अपुरणीय क्षति पुग्न सक्छ । लागुऔषधका कारण रोजगारीको अवसर गुम्ने, गरिबी बढ्ने भ्रष्टचारमा वृद्धि हुन सक्ने, उत्पादकत्व तथा उद्यमशीलतामा ह्रास आउने, काममा अनियमितता र कार्यस्थल बिथोलिने जस्ता असरहरू पर्दछन् । त्यसैगरी परिवारमा तनाव, झै-झगडा, बेमेल, चोरी, समाजबाट टाढा जाने, सामाजिक अपराधमा संलग्नता बढ्ने समाज तथा आफन्तका दृष्टीमा घृणाको पात्र बन्न सक्ने, घरेलु हिंसा गर्ने र लागुऔषधको कारोबारमा संलग्न हुन सक्ने जस्ता असरहरू देखिन सक्छन् ।

नेपाल प्रहरीको गत ३ महिनाको तथ्याङ्क अनुसार गत ३ महिनाको अवधिमा लागूऔषध प्रयोगकर्ता, कारोबारी तथा ओसारपसारमा संलग्न ३ हजार ७ सय ६४ जनालाई नेपाल प्रहरीले पक्राउ गरेको छ । पक्राउ परेकामध्ये १ हजार २ सय ३ जना पुरूष र ५७ जना महिला रहेका छन् । सो अवधिमा ९ सय ६६ मुद्धा दर्ता भएका छन् । सोही अवधिमा २ हजार ८ सय ४ केजी ६ सय २४ ग्राम गाँजा, ७३ किलो चरेश, १ केजी हेरोइन र १७ केजी अफिम प्रहरीले बरामद गरेको छ । यस्तै नाइट्राभेट, डाइजेपाम, फेनारागन, बुप्रेनर्फिन लगायतका अन्य लागुऔषध ९१ हजार ५ सय ५८ थान बरामद गरेको छ ।

एकातिर लागुऔषध नियन्त्रणमा प्रहरी सक्रियता बढिरहेको त छ नै । अर्कोतिर प्रविधिको विकासले संगठित एवं अन्तर्राष्ट्रिय गिरोहको सञ्जालले लागुऔषध कारोबार नियन्त्रणमा पनि समस्या थपेको छ । विकास र शान्तिमा नकारात्मक असर पार्ने र विकृति फैलाउने यस कार्यलाई रोकी दुर्व्यसन मुक्त समाज निर्माण गर्नु चुनौती थपिएको छ ।

लागुऔषधले पार्ने असरका बारेमा परिवार, समाज तथा विद्यालयबाट उचित मार्गदर्शनको अभाव र साथीहरूको लहैलहैमा लागेर लागुऔषधको दुर्व्यसनीमा फसेको पाइन्छ । यस्ता विविध कारणलाई नियन्त्रण गर्न एवं सभ्य, सुसंस्कृत समाज निर्माण गर्न नेपाल प्रहरीले देशभरिनै समुदाय प्रहरी साझेदारी कार्यक्रम मार्फत टोलटोलमा समूह, उपसमूह खडा गरी सचेतनामूलक कार्यक्रम गर्दै आएको छ । यस्तै देशभरका प्रत्येक विद्यालयमा प्रहरी स्वयम् उपस्थित भएर लागुऔषध सम्बन्धी जनचेतनामूलक कार्यक्रम गर्दै आएको छ भने पर्चा पम्प्लेट, श्रव्यदृश्य सामग्री मार्फत पनि

जनचेतना जगाउदै आएको छ । लागुऔषध कारोबार नियन्त्रण गर्न प्रहरीको एक्लो प्रयासमात्र पर्याप्त हुंदैन । यसका लागि परिवार, समाज अन्य सरोकारवाला निकायको साथसाथै संचार माध्यमको भूमिका पनि अहम् रहेको हुन्छ । व्यक्तिको जीवननै तहस नहस पार्ने यस किसिमको कुलतबाट आफू पनि जोगियौं, अरूलाई पनि जोगाऔं ।

कविता

# सासको भोक



✍ **भुवन सिवाकोटी 'चौघरे'**

मान्छे
आँखाले नै खुसी बोल्छ
आँखाले नै लुकेको दर्द बोल्छ
पाइला पाइलामा दर्द बोकेर
मर्द हुन्छ
र
बाँच्नलाई गरिरहन्छ संघर्ष
तर
अमर हुन सक्दैन

एकमुठ्ठी सासको भोकमा
पीडा भरिएका आँखा र ओठबाट नै
हाँसोका फोहोराहरू खस्छन्
विस्मृत मनले कुल्चिन्छ सपनाहरू
अगाडि बढ्छ
वरिपरि मृत्युका छायाँहरू पछ्याइरहन्छन्
चर्को ज्वरोमा
चर्को पीडामा
खुट्टा कामिरहँदा पनि हिंडेकै हुन्छ ऊ
तर भय रहित यात्रा गर्न सक्दैन
पटक पटक शरीर भाँचिए पनि
गले पनि
हिंडिरहेकै हुन्छ ऊ
हिंड्दा हिंड्दै सास फेरिरहेकै हुन्छ ऊ
आखिर अन्तहीन यात्रै त हो जीवन
भयातुर जीवनको यात्री
एकमुट्ठी सास पिएर
भय मै बाँच्छ नश्वर जीवन
निश्वास बन्द हुँदै खुल्दै गर्दा पनि
तिर्खाले प्याक प्याक हुँदा पनि
अक्सिजन माक्सभित्र
उसको छातीमा
उसका खुसी देखाउने दर्द लुकाउने
आँखामा
उसले फेर्ने सासको भोक
गहिरो हुन्छ
परन्तु
एक मुट्ठी सासको जोहो गरेर
अनियन्त्रित भोकलाई
नियन्त्रण गर्न सक्दैन

# इतिहासको पानाबाट

प्रहरी प्रकाशनको २०३० साल अङ्क,२ को त्रैमासिक पुलिस प्रकाशनमा प्रकाशित का.मु.प्र.ना.उ. रुद्रबहादुर पाण्डेद्वारा लिखित 'नार्कोटिक्स (मादक पर्दाथ)' शीर्षकको लेखको अंश त्यही समयको भाषामा जस्ताको तस्तै साभार गरी प्रस्तुत गरेका छौं ।

*– सम्पादक*

नार्कोटिक्स् (Narcotics) एउटा पीडायुक्त एवं निन्द्रायुक्त औषधी हो । नार्कोटिक्स् भन्नाले बिशेषतः अफीम र यसबाट तयार पारिएका अन्य ड्रगस्‌हरू जस्तै- मर्फिन, हिरोईन, कोडिन इत्यादिलाई जनाउँछ । मर्फिन सरह असर पार्ने अन्य सिन्थेटिक रसायन पदार्थ ओपिएट्स (Opiates) समेत नार्कोटिक्स् अन्तरगत पर्दछन् । हिरोईन, मर्फिनबाट रसायनिक बिधिद्वारा तयार पारिन्छ र यो ६ गुना बढी प्रभावकारी हुन्छ । यी ड्रगस्‌हरू अफिमको (Poppy Flower) फूलको तहबाट प्राप्त हुने चोपलाई डिस्टिल्ड गरी तयार पारिन्छ । यो एकातिर मानव प्राणीलाई अत्यन्त उपयोगी औषधीहरूको निर्माण हुन्छ भने अर्कोतिर यसको दुरूपयोग एउटा खतरनाक अन्तरराष्ट्रिय सामाजिक रोग बन्न पुगेको छ ।

कुनै पनि पदार्थ जसद्वारा शरीर अथवा मस्तिष्कमा असर पर्दछ त्यसलाई ड्रगस् भनिन्छ । नार्कोटिक्स्‌को क्षेत्रमा ड्रगस्‌ले बिशेषतः मस्तिष्कमा परिवर्तन ल्याउने पदार्थलाई बोध गराउँछ ।

ओपिएट्सद्वारा चिकित्साको क्षेत्रमा महत्वपूर्ण योगदान प्राप्त भएको छ । यो औषधोपचारको बिभिन्न क्षेत्रमा प्रयोग गरिन्छ । यस प्रति हुने लत सम्भाव्यता (Addiction Potential) र यसको शरीरमा हुन आउँने असर बिभिन्न प्रकारको पाइन्छ । साधारणतया यो पीडानाशकको रूपमा प्रयोग गरिन्छ । कोडिन खोकीको उपचारमा र कोकिन अझै पनि चेतनाशून्य ( Local Anaesthetic ) औषधीको रूपमा प्रयोग गरिन्छ ।

नार्कोटिक्स्, यसको, सेवन प्रति व्यसित गराउने अथवा बानी बसाल्ने मादक पदार्थ हो । नियंत्रित, आवश्यक मात्रामा प्रयोग गरिएमा केही नार्कोटिक्स्‌हरूमा चिकित्सीय गुण पाइन्छ तर यसको दुरूपयोग (Abuse) हुँदा मानिसमा शिथिलता आउँने, मुर्छित अवस्थामा पुग्ने अथवा मांशपेसी सिकुड्ने हुन्छ र मानिसको मृत्यु पनि सम्भव छ ।




**दुई जना साथीहरू घर फर्कदै थिए ।**
**एउटाले भन्यो :-** मेरो बुबाले एक हातले ट्रक रोक्न सक्नुहुन्छ ।
**आश्चार्य मान्दै अर्कोले सोध्योः-** तिम्रो बुबा ठुला र बहादुर छन् कि क्या हो ?
**पहिलोले उत्तर दियोः-** होईन, उहाँ ट्राफिक प्रहरी हो ।

♦ ♦ ♦

**गीता :-** सीता अब म मनिषसँग विहे गर्न सक्दिन ।
**सीता :-** किन तिमीले मनिषलाई कुनै अर्कै केटीसँग देख्यौ कि ?
**गीता :-** होइन मनिषले चाहिं मलाई अर्कै केटासँग देख्यो ।

♦ ♦ ♦

**छोरा :-** बा ! यति धेरै रक्सी नपिउनुस न ।
**बुबा :-** पिउन दे छोरा मरेर लानु के नै छ र ?
**छोरा :-** बा यसै गरी पिउँदै जाने हो भने त केही पनि त छोड्नु हुन्न होला नि ?

♦ ♦ ♦

**प्रेमिकाः-** तिमी नभए म बाँचन सक्दिन । तिमी मसँग कहिले विहे गर्छौ ।
**प्रेमी :-** प्रिय म तिमीसँग अवश्य विहे गर्छु तर पहिले मलाई आफ्नो परिवारसँग सोध्नु पर्छ ।
**प्रेमिका :-** के तिम्रो बुबा आमाले मान्नु हुन्छ त ?
**प्रेमी :-** किन नमान्नु मेरो बुबा आमाले मेरो निजी जीवनमा चासो गर्नु हुन्न तर मलाई त मेरो श्रीमती र छोराको पो डर छ त ।

**सङ्कलनः- प्र.स.नि.शरणजंग भण्डारी**

## नेपाल प्रहरीसम्बन्धी केही जानकारीहरू

- वि.स. २००९ मा सर्वप्रथम ट्राफिक प्रहरीको स्थापना भएको थियो ।
- वि.स. २०१९ जेठ १ गते नेपाल प्रहरी पुलिस तालिम नियमावली संशोधन पश्चात रिक्रुट तालिमको थालनी भएको थियो ।
- वि.स. २०७१ वैशाख १५ गते डेनिस राजदुतावासले केन्द्रीय प्रहरी विधिविज्ञानलाई डिएनए परीक्षण र विधिविज्ञान उपकरण हस्तान्तरण गरेको थियो ।
- वि.स. २०७१ कार्तिक २६ गते राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगंजको परिसरमा महिला ब्यारेक भवनको उद्घघाटन भएको थियो ।

**सङ्कलनःप्र.ना.नि.संगीता कार्की**

# सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरू



**नरेन्द्र वि.क.समेत विरूद्ध नेपाल सरकार गृह मन्त्रालय समेत, मुद्दाः- बन्दी प्रत्यक्षीकरण (ने.का.प. २०७६, अंक १, निर्णय नं.१०१७०)**

कुनै पनि निकायले अनुसन्धानको क्रममा पक्राउ गर्न पाउने सो निकायको अन्तर्निहित अधिकार कदापि होइन । आफ्नो अधिकार प्रयोग गर्दा कानूनको प्रक्रिया अनुरूप गर्नु पर्ने देखिन्छ । कानून प्रदत्त स्वविवेकको अधिकार प्रयोग गर्दा समेत वस्तुनिष्ठ र मनासिब आधार र कारण खुलेको देखिनु पर्दछ । पर्याप्त र मनासिव आधार र कारण नखुलाई प्रयोग भएको स्वविवेकीय कार्यले कानूनी मान्यता पाउन नसक्ने ।

**परिवर्तित नाम बनेपा (क) को हकमा अधिवक्ता अजय शंकर झा 'रूपेस' विरूद्ध ललितपुर जिल्ला अदालत ललितपुर, मुद्दाः-बन्दीप्रत्यक्षीकरण (ने.का.प.२०७७, अंक ४, निर्णय नं.१०४८८)**

उपचारको हक जीवन्त हुन्छ । तर, बन्दाबन्दीले तत्काल न्यायको पहुँचमा अवरूद्ध हुँदा बाँच्न पाउने व्यक्तिको अन्तरनिहित मानव अधिकारमा नै हनन् हुने स्थिति आउँदछ । यसर्थ कोभिड-१९ को सन्त्रासबाट वृहद जनताको हित, जीवन र स्वास्थ्यको संरक्षण गर्न आवश्यक सतर्कता अपनाउनु पर्दछ । यो जवाफदेहिता राज्यको हरेक अङ्ग र निकायमा रहेको छ । यो जवाफदेहिताबाट अदालत अलग रहन सक्दैन । त्यसैले अदालतकै आदेशबाट थुनामा, कारागारमा वा सुधारगृहमा रहेका थुनुवा बन्दीहरूको हकमा अदालतमा आएको बन्दी प्रत्यक्षीकरणको रिट निवेदनलाई विचार गरी उपयुक्त आदेश गर्नुपर्ने । कुनै पनि व्यक्ति जो थुना, सुधारगृह वा कारागारमा रहेका छन्, यिनीहरूलाई सजाय भोग्न पठाउनुको अर्थ जीवन नै जोखिममा राख्न वा मर्न पठाइएको नभई आफूले गरेको गल्तीमा कसूरको मात्रा अनुरूप गल्ती अनुभूत गर्न सजाय भोग्नसम्म पठाइएको हुने । कैदको सजाय भनेको अन्तिम विकल्प हो । कानूनमा कैद सजायबाहेक अन्य विकल्पहरू पनि दिइएको छ । निर्णयकर्ताले महामारीको विषम परिस्थितिको कारण सन्त्रास छाएको अवस्थामा सङ्क्रमणको रोकथाम र जोखिम न्यूनीकरणको निमित्त कानून बमोजिमको उपयुक्त विकल्प खोज्नु पर्ने ।

**सङ्कलनः प्र.स.नि.जनक आचार्य**